सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ चैत २०७९, बुधबार (12 April 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३५३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अर्थतन्त्रको बाह्य क्षेत्र सहज, आन्तरिक दबाबमै



नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विषयक प्रतिवेदनले बाह्य क्षेत्रमा निकै सुधार भएको देखाएको छ।

■ राष्ट्र बैंक भन्छ- बाह्य क्षेत्रमा सुधार गर्दा आन्तरिक अर्थतन्त्रमा दबाब परेको हो, लयमा फर्कन समय लाग्छ

■ बाह्य क्षेत्रलाई सहज देखाउने तथ्यांक

रेमिट्यान्स : ७९४.३२ अर्ब (२५.३% को वृद्धि)। विदेशी मुद्रा सञ्चिति : १०.६९ डलर (१०.९ महिनाको आयात धान्ने)। शोधनान्तर नाफा : १४८.११ अर्ब। आयात वृद्धिदर : -१९.१०%। व्यापार घाटा वृद्धिदर : -१७.९०%। भ्रमण आय : ३७.१२ अर्ब (९८.६% को वृद्धि)

अर्थतन्त्र सुधार्न सम्पूर्ण शक्ति लगाएका छौं : प्रधानमन्त्री



निजी क्षेत्रले भन्यो- **ब्याजदर स्थायित्व कायम गर।** तरलता सहज बनाई ब्याजदर घटाउने प्रधानमन्त्री र अर्थमन्त्रीको उद्घोष

■ उद्योग वाणिज्य महासंघमा आज निर्वाचन

(विस्तृत पृष्ठ ६)

उपनिर्वाचनमा दलहरूको परीक्षण

१० वैशाखमा हुने उपनिर्वाचनको प्रचारप्रसार तीव्र, भिन्न रणनीतिका साथ प्रमुख दलहरू मैदानमा

■ हरवाचरवा अधिकार यात्रा जनकपुरमा

तीन तहको सरकारको समन्वयमा समस्या सम्बोधन गर्न जोड



सप्तरीको राजविराज र पर्साको वीरगन्जबाट २५ चैतमा एकैपल्ट थालिएको हरवाचरवा अधिकार यात्रा मंगलबार जनकपुर पुगेको छ।

(विस्तृत पृष्ठ ३)


NIMB नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ अस्तित्वको संकटमा हुलाक

आम्दानी २८ करोड, खर्च साढे तीन अर्ब

५० को दशकदेखि प्रविधिले फड्को मार्दै गए पनि देशको हुलाक सेवा ०१९ सालको ऐन र ०२० को नियमावलीले चलिरहेको छ

पाँच वर्षमा हुलाकको आम्दानी र खर्च



सुवास भट्ट/नयाँ पत्रिका

सञ्चार र प्रविधिको अभूतपूर्व विकाससँगै खबरहरूको आदान-प्रदानमा भौतिक माध्यमको प्रयोग लगभग अन्त्य भइसकेको छ। चिठीपत्र पठाउने चलन नगन्य छ। जरुरी कागजपत्रको आदान-प्रदान भए पनि त्यसका माध्यम आधुनिक छन्। तर, प्रविधिको विकासले अस्तित्व संकटमा पुगिसकेको हुलाक सेवामा भने ढुकुटीबाट वार्षिक साढे तीन अर्ब खर्च भइरहेको छ। जब कि हुलाकको वार्षिक आम्दानी भने २८ करोड मात्रै छ।

पहिले चिठीपत्र आदान-प्रदान गरेर आम्दानी गर्ने हुलाक सेवा विभाग अहिले पूर्ण रूपमा सरकारमाथि निर्भर छ। सरकारले बजेट नदिए तलब खानु त पर, कार्यालय सञ्चालनसमेत नहुने स्थिति छ। विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०७८/७९ मा कुल खर्च तीन अर्ब ५६ करोड ३६ लाख भएको थियो। तर,

» पृष्ठ २ मा क्रमशः



■ हुलाकमा १७ हजार १५२ दरबन्दी

हुलाक सेवा विभागको विवरणअनुसार हुलाक सेवाअन्तर्गत अहिले १७ हजार १५२ दरबन्दी छ। त्यसमा स्थायी दरबन्दी ६ हजार २९४ छ। त्यस्तै, तीन हजार ७४ हुलाक प्रतिनिधि, तीन हजार २४ पत्र वितरक र चार हजार ७६० डाँकवाहकसहित अतिरिक्त हुलाकतर्फ १० हजार ८५८ जना दरबन्दी छ। हुलाक सेवाअन्तर्गत कार्यरतमध्ये दुई हजार ५४१ जना त निजामती सेवाकै छन्। अहिले हुलाकले मूलतः टिकट बिक्री, पार्सल, पुस्तक, पत्रपत्रिकालगायतका वस्तु आदान-प्रदान गर्छ। त्यसलाई विभागले 'रजिस्ट्री', 'स्मल प्याकेट', पार्सल, बुक पोस्ट, पत्रपत्रिका शीर्षकअन्तर्गत राखेको छ।

■ हुलाक सुधार गर्न चार वर्षमा दुई समिति

हुलाक सेवालाई सुधार गर्न र समयसापेक्ष परिष्कृत गर्ने सन्दर्भमा पछिल्ला चार वर्षमा दुई कार्यदल बनिसकेका छन्। तर, सुधारको प्रयत्न भने भएको देखिँदैन। समग्र हुलाक सेवा सुधार गर्ने गरी प्रतिवेदन पेस गर्न सञ्चार मन्त्रालयको ४ भदौ ०७५ को मन्त्रीस्तरीय निर्णयबाट पूर्वसहसचिव राजेन्द्रप्रसाद शर्माको संयोजकत्वमा हुलाक सेवा विभागका महानिर्देशकसहित पाँच सदस्यीय कार्यदल गठन गरिएको थियो। समितिले सूचना प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र विस्तारले नेपालको हुलाक सेवासामु ठूलो चुनौती मात्र नभएको बरु अस्तित्वको संकट नै देखापरेको ठहर गर्दै सुधारका लागि सरकारलाई सुझाव दिएको थियो। सुधारका क्षेत्रहरू औंल्याउँदै नीतिगत, ऐन-नियम तथा हुलाकसम्बन्धी कानुन, व्यवस्थापकीय, संगठनात्मक स्वरूप, हुलाक सेवाको कार्यप्रणाली, आर्थिक तथा भौतिक सुधार, प्रविधिको प्रयोगमा सुधार, अन्तर्राष्ट्रिय सहयोग र सम्बन्धमा सुधार, जनशक्ति व्यवस्थापन र सेवा विविधीकरण र गुणस्तरमा गर्नुपर्ने सुधारका विषय समितिले औंल्याएको थियो। समितिले तत्काल र दीर्घकालमा गर्नुपर्ने सुधारको समयावधिसहितको खाका दिएको थियो। त्यस्तै, यही वर्ष सरकारले पूर्वसचिव शंकरप्रसाद अधिकारीको संयोजकत्वमा पूर्वसचिव शारदाप्रसाद त्रितालसहित चार सदस्यीय हुलाक सुधार कार्यदल गठन गरेको थियो। यो समितिले पनि प्रतिवेदन दिएको ६ महिना बितिसकेको छ। समितिले हुलाकका विद्यमान संरचना, दरबन्दी र कार्यप्रणालीमा व्यापक सुधार गर्नुपर्ने औंल्याएको छ। अतिरिक्त हुलाक खारेज गर्नुपर्ने, दरबन्दी र संरचना घटाउनुपर्ने तथा संघीय संरचनाअनुसार सेवा व्यवस्थापन गर्नुपर्नेलगायतका सुझाव यो कार्यदलले दिएको छ। मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीका अनुसार कार्यदलका सिफारिस कार्यान्वयन गर्ने गरी अघि बढेको बताए।

सेवा सुधारमा हामी ३०औं वर्ष ढिला भइसकेका छौं

● **इन्दु घिमिरे**, महानिर्देशक, हुलाक सेवा विभाग



५० को दशकदेखि सुरु भएको प्रविधिको फड्कोले हुलाकसँग नागरिकको सम्बन्ध कमजोर हुँदै गयो। हुलाकका सेवालाई समयसापेक्ष परिष्कृत गर्न सकिएको छैन। दरबन्दी अस्वाभाविक ठूलो छ, काम भने खासै छैन। अहिले यहाँ काम नहुनु होइन, हुनुचाहिँ अस्वाभाविक छ। आम्दानी खुम्चिँदै गएको छ, सरकारको बजेटबाट खर्च टार्नुपरेको छ। ०१९ सालको ऐन र ०२० को नियमावलीबाट काम भइरहेको छ। विश्वका हुलाकहरू निकै अगाडि बढिसके। हामी सुधारमा ३०औं वर्ष ढिला भइसकेका छौं।

दरबन्दीसहित हुलाकको संरचनामा पुनर्संरचना गर्नुपर्छ

● **शंकरप्रसाद अधिकारी**, संयोजक, हुलाक सुधार कार्यदल



हुलाकको कार्यबोझअनुसार अहिले दरबन्दी अत्यधिक ठूलो छ। दरबन्दीसहितका संरचनामा पुनर्संरचना गर्नुपर्छ। अतिरिक्त हुलाक पनि खारेज गर्नुपर्ने देखिन्छ। अहिले ७७ वटै जिल्लामा राख्नुको साटो केन्द्र पारेर हुलाक कार्यालय २४-२५ जिल्लामा राख्दा हुन्छ। सातामा एउटा पनि चिठी नआउने कार्यालय पनि छन्, त्यस्ता कार्यालय राखेर के काम!

समितिका सुझावका आधारमा सुधारको तयारी भइरहेको छ

● **नेत्रप्रसाद सुवेदी**, प्रवक्ता, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय



हुलाकको संरचना र सेवामा सुधारका धेरै विषय छन्। यस विषयमा कार्यदलहरूले सिफारिस पनि गरेका छन्। दुवै प्रतिवेदनका आधारमा सुधार गर्नुपर्नेछ। अतिरिक्त हुलाकमा कार्यरत ६० वर्ष नाघेकालाई सुविधा दिएर व्यवस्थापन गर्न जरुरी छ। हुलाकका संरचनालाई संघीयतामैत्री पनि बनाउनुपर्ने देखिन्छ। पालिकामा एकभन्दा बढी इलाका हुलाक भए मर्ज भएर एउटै पालिका हुलाक बनाउन सकिन्छ। दरबन्दी पनि ठूलो छ। समिति तथा कार्यदलको सिफारिसका आधारमा सुधारको तयारी भइरहेको छ।

■ शैक्षिक सत्र सुरु नहुँदै पाठ्यपुस्तक



जनकपुरमा **हदिश खुद्दार**


जनकपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रादेशिक कार्यालयमा पुऱ्याइएका विद्यालय तहका पाठ्यपुस्तक। मधेस प्रदेशका धनुषा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरी, कोसी प्रदेशका उदयपुर, ओखलढुंगा र खोटाङ तथा बागमतीको सिन्धुली गरी नौ जिल्लाका सरकारी विद्यालयमा यहाँबाट पाठ्पुस्तक पठाइन्छ। आगामी शैक्षिक सत्रका लागि ती जिल्लाका विद्यालयलाई आवश्यक पुस्तकको ८०% आइसकेको जनक शिक्षा प्रादेशिक कार्यालय जनकपुरका प्रमुख रुद्र खनालले बताए। बाँकी २०% पुस्तक पनि तयारी अवस्थामा रहेको, तर गोदामको अभावले तत्काल ल्याउन नसकिएको उनको दाबी छ। खनालका अनुसार नौ जिल्लामा ७९ डिलरमार्फत पाठ्यपुस्तक वितरण हुँदै आएको छ। 'विगतका वर्षमा जस्तो आगामी वर्ष पाठ्यपुस्तक अभाव हुँदैन,' उनले भने, 'विद्यार्थीले समयमै पुस्तक पाउने हाम्रो विश्वास छ।'

कोभिड संक्रमणबाट तीन महिनापछि एकको मृत्यु

२४ कोरोना संक्रमित अस्पताल भर्ना, १३ आइसियूमा, पाँच भेन्टिलेटरमा

■ ४६९ सक्रिय संक्रमित

(पछिल्लो एक साताको तथ्यांक)





● **डा. शेरबहादुर पुन**, वरिष्ठ सरुवारोग विशेषज्ञ

संक्रमण समुदायस्तरमा फैलिएको देखिन्छ। जिउ दुख्ने, ज्वरो आउने, रिँगटा लाग्नेजस्ता लक्षण देखिएका छन्। अहिले अस्पतालमा भर्ना भएका अधिकांशजसो ज्येष्ठ नागरिक छन्, यी लक्षण सहन नसक्ने व्यक्तिहरू अस्पताल भर्ना भएका छन्।

मञ्जु टेलर/नयाँ पत्रिका

कोरोना संक्रमणबाट तीन महिनापछि एक संक्रमितको मृत्यु भएको छ। एक साताअघि संक्रमण पुष्टि भएसँगै वीर अस्पताल भर्ना भएकी ५८ वर्षीया महिलाको मृत्यु भएको हो। २३ पुसपछि कोभिडबाट कसैको मृत्यु भएको थिएन।

वीर अस्पतालका अनुसार मधुमेहको दीर्घ समस्या रहेकी उनलाई भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो। उनले कोभिडविरुद्धको पूर्णखोपसँगै दुई डोज बुस्टर पनि लगाएको अस्पतालले जनाएको छ। केही समययता उकालो लागेको कोरोना संक्रमणले अस्पताल भर्नादर मात्रै बढाएको छैन, गम्भीर समस्या निम्त्याउनेको संख्या पनि बढाएको छ। सरकारी तथ्यांकअनुसार २१ जना संक्रमित अस्पताल भर्ना भएकामा १३ जना आईसियूमा छन्, जसमध्ये पाँचजनाको भेन्टिलेटरमा उपचार भइरहेको छ।

स्वास्थ्य मन्त्रालयले ४६९ सक्रिय संक्रमितमध्ये २४ अस्पताल भर्ना भएको र त्यसको ३४.७८ प्रतिशतको गम्भीर समस्या भएर आइसियू तथा भेन्टिलेटरमा उपचार भइरहेको जनाएको हो। मन्त्रालयले संक्रमण बढ्दै गएकाले भौतिक दूरी कायम राख्ने, साबुनपानीले हात धुने तथा स्यानिटाइजरको प्रयोग गर्नेजस्ता स्वास्थ्य मापदण्ड

» पृष्ठ २ मा क्रमशः




हालसम्म परीक्षण
७५,७६,२४३
पिसिआर : ६०,२४,७२७
एन्टिजेन : १५,५१,५१६

हालसम्म संक्रमित
११,५४,६३०
पिसिआर : १०,०१,९५१
एन्टिजेन : १,५२,६७९

मृत्यु : १२,०२१

■ १६ पुस ०७६ देखि हालसम्म सबैभन्दा धेरै २१ देखि ४० वर्ष उमेर समूहका संक्रमित भए

सबैभन्दा कम ८० वर्षभन्दा माथिका नागरिक प्रभावित



■ मालाखेती अस्पतालमा लापरबाही प्रकरण

सुत्केरी र नवजात शिशुको शव दुई दिनसम्म उठेन

धनगढीमा **तेजराज भट्ट**

कैलालीको मालाखेती अस्पतालमा प्रसूतिका क्रममा महिला र नवजात शिशुको मृत्यु भएको दुई दिनसम्म पनि शव उठाइएको छैन। स्वास्थ्यकर्मीको लापरबाहीले आमा र शिशुको मृत्यु भएको आरोप लगाउँदै मृतकका आफन्त आन्दोलित भएका छन्। उनीहरूले घटनाको निष्पक्ष छानबिन र क्षतिपूर्तिको माग गर्दै शव उठाउन मानेका छैनन्। दुई दिनसम्म शवको पोस्टमार्टम पनि हुन सकेको छैन।

सुरक्षित प्रसूतिका लागि अस्पताल भर्ना भएकी गोदावरी नगरपालिका- २ बस्ने २८ वर्षीया लक्ष्मी भट्टराई र उनको नवजात शिशुको सोमबार बिहान मृत्यु भएको थियो। चिकित्सकले पेटबाट शिशु निकालेको केहीबेरपछि दुवैजनाको मृत्यु भएको हो। लक्ष्मीका श्रीमान् शिवराज भट्टराईले अस्पतालको लापरबाहीले श्रीमती र शिशुको मृत्यु भएको भन्दै छानबिन भएर चित्तबुझ्दो जवाफ नआएसम्म शव नबुझ्ने बताए।

मृतकका आफन्त र स्थानीय चिकित्सकको लापरबाहीबारे छानबिन गरी दोषीलाई



चिकित्सकको लापरबाहीबारे छानबिन गरी दोषीलाई कारबाही र क्षतिपूर्तिको माग गर्दै मंगलबार अत्तरियामा मृतकका आफन्त र स्थानीयको विरोध। मृतकका श्रीमान् शिवराज भट्टराईले अस्पतालको लापरबाहीले श्रीमती र शिशुको मृत्यु भएको भन्दै छानबिन भएर चित्तबुझ्दो जवाफ नआएसम्म शव नबुझ्ने बताए।

कारबाही र क्षतिपूर्तिको माग गर्दै मंगलबार दिनभरजसो अत्तरियामा प्रदर्शनमा उत्रिएका थिए। स्थानीयले बन्द गरेको राजमार्ग खुलाउने क्रममा प्रहरीले बल प्रयोग गरेपछि केहीबेर तनावको स्थिति सिर्जना भएको थियो। छानबिन समितिको रिपोर्ट नआएसम्म शव नउठाउने मृतकका आफन्त आशिष भट्टराईले बताए।

चिकित्सकले दिएको बच्चा पाउने मितिको एक सातासम्म पनि बेथा नलागेपछि आफन्तले सामान्य अवस्थामै लक्ष्मीलाई आइतबार मालाखेती अस्पताल पुऱ्याएका थिए। मृतककी बहिनी धर्मा भट्टराईका अनुसार अस्पताल भर्ना गरेर स्वास्थ्यकर्मीले यौनांगमा सुत्केरी बेथा लाग्ने औषधि राखेका थिए, रातिसम्म पनि लक्ष्मीको स्वास्थ्य अवस्था सामान्य थियो।

'राति ३ बजेतिर अप्ठ्यारो भयो। सास फेर्न गाह्रो भएपछि बिहान ६ बजे अक्सिजन चढाइयो,' अस्पतालमा कुरुवा बसेकी धर्माले भनिन्, 'हामीले त्यतिबेलै बिरामीलाई अप्ठ्यारो भएको हो भने सेती अस्पताल लैजान्छौं भन्यौं, तर नर्सले सामान्य समस्या

» पृष्ठ २ मा क्रमशः

काठमाडौं महानगरको कल सेन्टरमा 'फेक कल'ले हैरानी


मंसिरसम्म दैनिक तीन सय फोन आउने गरेकामा अचेल ४० वटा मात्रै

• **शिवहरि घिमिरे**/नयाँ पत्रिका

आइतबार दिउँसो राष्ट्रिय सभागृहस्थित महानगरको कल सेन्टरमा रिसिभ कलको रिङटोन बजिरहेको छ। सेन्टरकी कल रिसिभर सरिता रिजालले एउटा फोन कल रेस्पोन्स गरिन्- हेलो महानगर कल सेन्टर। उनले फोन उठाएपछि उताबाट कल गर्नेको आवाज आएन। कसैले फोन गरेर होल्डमा राखिदिएको थियो। त्यसपछि रिजालले पनि फोन काटिन्।

रिजालले फोन काट्नेबित्तिकै फेरि घन्टी बज्यो। एउटै नम्बरबाट फेरि फोन आयो। तर, यसपटक रिजालले त्यो कल काटिन्। फोन काट्नेबित्तिकै फेरि त्यही नम्बरबाट फोन आयो। काठमाडौं महानगरको कल सेन्टरमा अचेल चाहिनेभन्दा नचाहिने फोन कलले सताउँछ। ९७४९८१२९२२ नम्बरबाट त हैरानै पार्ने गरी फोन आउँछ। फोनमा न त कुनै गुनासो राख्छन्, न त समस्या नै। खाली फोन गरेर परिचय सोध्ने र होल्डमा राखिदिने गर्छन्।

यो फोन कहाँबाट कसले गरेको हो भन्ने कल रिसिभर रिजाललाई थाहा छैन। कुनै-कुनै वेला फोन गरेर बोल्ने, तर कुनै वेला होल्डमा राखिदिँदा आफूहरूलाई फोन उठाउनको मात्रै सास्ती हुने गरेको उनको गुनासो छ।



'एउटै नम्बरबाट बारम्बार फोन आएर हैरान हुन्छ, जिस्क्याउन र सताउन फोन गरिराख्छन्,' रिजालले भनिन्, 'अति सताएपछि नम्बर पत्ता लगाउन प्रहरीलाई जानकारी गराएका छौं।' उनले चारवटा नम्बरबाट दैनिक २५ पटकभन्दा बढी फेक कल आउने गरेको सुनाइन्।

काठमाडौं महानगरले गत असारदेखि सुरु गरेको कल सेन्टरमा अहिले फेक कलको बिगबिगी छ। कसैले अनावश्यक कुरा गर्न फोन गर्ने र कसैले अवरोध गर्न फोन गरेकाले कल रिसिभरहरूलाई समेत दिक्क लाग्न थालेको छ। महानगरको कल सेन्टरमा हाल तीनवटा ल्यान्डलाइन फोन छन्। हटलाइन नम्बर १६६००१०५५११ र ११८० महानगरले सेवाग्राहीको गुनासो र समस्या सुन्न २४ सै घन्टा खुला गर्छ। तर, सेवाग्राहीको गुनासो र समस्या सुन्न राखिएको फोनमा अचेल समस्या निकै कम आउने गरेका छन्। फाल्तु कलले हैरान पार्ने गरेको छ।

कल सेन्टर शाखामा हाल दैनिक ४० वटासम्म कल आउँछन्। यो कल रिसिभ गर्न तीनजना कर्मचारीसमेत छन्। कल सेन्टर शाखाले अद्यावधिक गरेको तथ्यांकअनुसार हालसम्म दुई हजार २९ वटा फोन कल आएका छन्। यसमध्ये दुई हजार दुई सय २० वटाभन्दा बढी समस्या समाधान भएको कल सेन्टर शाखाको दाबी छ। कल सेन्टरले समस्या वा गुनासो लिइसकेपछि त्यसको रेस्पोन्स भए-नभएको समेत रेकर्ड राख्ने गरेको छ।

महानगरको कल सेन्टरमा झुक्याउने फोन कलको पनि बिगबिगी छ। कतिपयले सामान्य समस्याका लागि कल गर्ने गरे पनि कतिपयले भने गलत सूचना दिएर झुक्याउँछन्। शुक्रबार त्यस्तै भयो। चाबहिलका एक स्थानीयले फोन गरेर मेलम्चीको पाइप फुटेर सडक जलमग्न भएको जानकारी गराए। कललगत्तै महानगरको कल सेन्टर रेस्पोन्स टोली त्यहाँ पुग्यो। तर, त्यहाँ पुगदा सडकमा पाइप नै फुटेको थिएन। यसरी नै कर्मचारीलाई दुःख दिने नियतले कल सेन्टरमा दिनहुँ फोन आउँछन्। यस्ता प्रकारका झुक्याउने फोन आउँदा कतिपय सत्य घटना र समस्यालाई पनि रेस्पोन्स गर्न चुनौती भइरहेको महानगरका प्रवक्ता नवीन मानन्धरले बताए। उनका अनुसार कतिपयले मेयरलाई भेट्न समय मिलाइदिन, कतिपयले मेयरलाई गाली गर्न, झुक्याउन पनि फोन गर्छन् भने कतिपयले वास्तविक समस्या राख्न फोन गर्छन्।

कल सेन्टरमा मेलम्चीको पानी फुटेको, सडक धुलाम्य भएको, ठेलागाडा र पेटीमा व्यापार थापेर अवरोध गरेको, खानेपानीमा फोहोर आएकोलगायत समस्यासँग सम्बन्धित फोन आउने गर्छन्। आइतबार शंखमूलका शम्भु ढुंगानाले ढल फुटेर सडकमा फोहोर भएको भन्दै कल सेन्टरमा जानकारी गराएका थिए। त्यसलगत्तै महानगरको टोली त्यहाँ पुगेको थियो। त्यस्तै, गोंगबु क्षेत्रमा अलकत्रा पकाउन आगो बाल्दा त्यसको धुवाँ र गन्धले सास फेर्न गाह्रो भएको भन्दै गोंगबुका उमेशराज लवटले फोन गरेका थिए। उनको फोनका आधारमा महानगरको वातावरण विभागको टोली त्यहाँ पुगेको थियो। महानगरले कल सेन्टरमा आएको फोनको समस्या समाधान गर्न सफ्टवेयर सिस्टम नै बनाएको छ। त्यसमा आएको कलको आफ्नै रेकर्ड हुन्छ। रेकर्ड भएको अडियो र फोन गर्ने व्यक्तिको विवरण समस्यासँग सम्बन्धित शाखाको सफ्टवेयर सिस्टममा पठाइन्छ। सोही आधारमा समस्या समाधान हुने गर्छ। महानगरले समस्याका आधारमा सम्बन्धित विभागलाई समस्या समाधान गर्न तोकेको छ। फुटपाथ भए नगर प्रहरी, सडक पूर्वाधार भए पूर्वाधार विभाग, फोहोरसँग सम्बन्धित समस्या भए वातावरण विभाग, घर नक्सासँग सम्बन्धित समस्या भए नक्सा तथा सहरी विकास विभाग, शिक्षा र स्वास्थ्यसँग सम्बन्धित समस्या भए सोही विभागलाई समस्या समाधान गर्न जिम्मेवारी तोकिएको छ। यदि वास्तविक समस्या छ भने कल गर्ने व्यक्तिको विवरण मागेर उसलाई फोन गरेर महानगरको टोली समस्या भएको ठाउँमा पुग्ने गरेको प्रवक्ता मानन्धरको भनाइ छ। 'कल सेन्टरमा थरीथरीका फोन आउँछन्, कतिपयले वास्तविक समस्या राख्न फोन गर्छन् भने कतिपयले दुःख दिन र झुटो सूचना दिन पनि फोन गर्ने गरेका छन्,' उनले भने, 'सूचनाको गम्भीरताका आधारमा हामी रेस्पोन्स गर्छौं।' उनका अनुसार आइतबार ४० जनाले फोन गरेर समस्या र गुनासो राखेका थिए।

मेयरमा निर्वाचित भएलगत्तै बालेन्द्र साहले सुरु गरेको कल सेन्टर अचेल प्रभावविहीन बन्दै गइरहेको छ। थोरै फोन आउने र दिउँसोको समयमा मात्रै गुनासो र समस्या सुनुवाइ हुने हुँदा कल सेन्टर प्रभावकारी हुन सकेको छैन। हाल महानगरको कल सेन्टरमा कार्यालय समयमा मात्रै फोन उठ्ने गर्छ। यसअघि असोजसम्म चौबिसै घन्टा फोन उठाउने भए पनि त्यसयता भने कार्यालय समयमा मात्रै कल रिसिभ हुने गरेको छ। यसअघि रातिको समयमा स्वास्थ्यका कर्मचारी बस्ने भएकाले त्यतिवेला कल रेस्पोन्स भएको थियो। तर, त्यसयता भने महानगरले कल उठाउन छुट्टै कर्मचारी राखेको छैन। जसकारण कार्यालय समयबाहेक अन्य समयमा कल सेन्टरमा आएको फोन उठ्दैन।

५८ वटा सहकारी प्रहरीलाई जिम्मा, दुई समस्याग्रस्त घोषणा

मुना कुँवर/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले ५८ वटा सहकारी संस्थालाई प्रहरीको जिम्मा लगाएको छ। पीडित सदस्यले उजुरी दिएपछि छलफलका लागि बारम्बार ताकेता गर्दा पनि सञ्चालकहरू महानगरको सम्पर्कमा नै नआएपछि प्रहरीको जिम्मा लगाइएको हो। महानगरपालिकामा अहिल ११५ वटा सहकारी संस्थाविरुद्ध उजुरी परेको छ।

मुलुक संघीयतामा गइसकेपछि सहकारी नियमनको जिम्मा पनि संघ, प्रदेश र स्थानीय नियकालाई दिइएको छ। नेपालमा दर्ता भएका करिब ३३ हजार सहकारी संस्थामध्ये अधिकांश काठमाडौं महानगरपालिकाभित्र पर्छन्। यिनै सहकारी संस्थामा बढी समस्या देखिएको महानगरपालिकाकी उपनिर्देशक विमला कोइरालाले बताइन्। उनका अनुसार स्थानीय निकायभित्रका बाहेक केही प्रदेशअन्तर्गतका सहकारीले पनि महानगरपालिकामा उजुरी दिएका छन्। प्रदेश राजधानी हेटौंडासम्म पुग्न कठिन भएपछि कतिपय सहकारीका पीडितले महानगरपालिकामा नै उजुरी दिएको उनले बताइन्। 'प्रदेशअन्तर्गतको उजुरी हामीले लिखित रूपमा लिन मिल्दैन। तैपनि, आएका उजुरीलाई मौखिम रूपमा लिई आवश्यक सल्लाह दिने गरेका छौं,' उनले भनिन्। महानगरपालिकामा आएका उजुरीका आधारमा नेपालमा दर्ता भएका सहकारी संस्थामध्ये ९० प्रतिशत सहकारी सिद्धान्तविपरीत चलेको कोइरालाको दाबी छ।

दुईवटा सहकारी संकटग्रस्त घोषणा

महानगरपालिकाले दुईवटा सहकारी संस्थालाई संकटग्रस्त घोषणा गरेको छ। सिनामंगलस्थित हिरो बहुउद्देश्यीय सहकारी संस्था र युनाइटेड बचत तथा ऋण सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरिएको महानगरकी उपनिर्देशक विमला कोइरालाले बताइन्। उनका अनुसार यी सहकारीले सदस्यको बचत फिर्ता गर्न नसकेको र ४० जनाभन्दा बढी सदस्य समस्याग्रस्त घोषणा गर्न निवेदन दिएपछि महानगरले समस्याग्रस्त घोषणा गरेको हो।

दुई संस्थामध्ये हिरो बहुउद्देश्यीय सहकारीको समस्या समाधानका लागि महानगरपालिको समिति नै गठन गरेको उनले बताइन्। संस्था नेपालभर रहेको सम्पत्तिको विवरण संकलन गर्न सुरु गरिएको उनको बताए। हिरो समस्या समाधानपछि युनाइटेडको प्रक्रिया अगाडि बढाइने उनले बताइन्। महागरपालिका आउने सहकारीका उजुरीमध्ये अधिकांश बचत फिर्ता नगरिएका छन्। त्यस्तै, सेयर रकम फिर्ता नगरेको, ऋण मिलान नगरिदिएको, ऋण तिर्न दबाब दिएको, सन्दर्भ ब्याजदर निर्धारण नगरेको, सञ्चालक समितिले नै ऋण लिएको, बैठक नै नबसेको, अध्यक्ष सम्पर्कविहीन भएको, विनाजानकारी सञ्चालकमा राखेको, लेखासमितिको भूमिका नभएकोलगायतका गुनासोसहितको उजुरी आउने गरेको उनले बताइन्।

महानगरमा आएका उजुरीको समाधानार्थ सम्बन्धित सहकारी सञ्चालकलाई सम्पर्क गरिन्छ। एकैपटकमा भने सहकारीका सञ्चालक सम्पर्क नआउने महानगरकी उपनिर्देशक कोइरालाको अनुभव छ। बारम्बार ताकेता गरेपछि सम्पर्कमा आएका सञ्चालकसँग बसेर छलफल गरी निकासा निकाल्ने प्रयास गर्ने गरेको उनले बताइन्। उनका अनुसार महानगरले २८ पटकसम्म सहकारीसँग बसेर छलफल गरी समस्या समाधान गरेको छ। तर, केही गर्दा पनि सम्पर्कमा नआएका सहकारीलाई भने प्रहरीको जिम्मा लगाउने गरेको उनले बताइन्।

सहकारीले दिने कर्जामा सीमा तोक्ने, मर्जरमा जानेलाई कर छुट

महानगरपालिकाले सहकारी संस्थाले लिने बचत र कर्जामा सीमा तोक्ने आन्तरिक तयारी गरेको छ। समुदायमा आधारित सहकारीबाट पनि एउटै व्यक्ति करोडौं रुपैयाँ लिएर सम्पर्कमा नै नआएपछि कर्जा सीमा तोक्नुपर्ने महानगरपालिकाले महसुस गरेको उपनिर्देशक कोइरालाले बताइन्। 'सीमा तोक्दा सहकारीलाई नै सहज होला कि भन्ने हाम्रो अनुमान छ। सीमा नै तोकेपछि त ऋणीलाई ऐनको सीमा देखाउन सहज होला,' उनले भनिन्।

त्यस्तै, महिला सहकारीलाई वडामा व्यवसाय दर्ता गर्दा कर छुटको व्यवस्था गर्ने नीतिसमेत महानगरले अघि सारेको छ। साथै एकीकरणमा जाने सहकारी संस्थालाई एकीकरणको आर्थिक वर्ष र लगतैको दुई आवका लागि महानगरपालिकाले व्यवसाय कर छुट गर्न तथा थप प्रोत्साहनका कार्यक्रम उपलब्ध गराउन सक्ने व्यवस्था गर्ने तयारी गरिएको छ।

सहकारी संस्थाहरूमा देखिएको समस्या सामाधानका लागि महानगरपालिकाले हरसम्भव प्रयास गरेको महानगरका विभागका निर्देशक देवेन्द्रप्रसाद पोखरेलले बताए। सहकारी सरोकारवालालाई एक ठाउँमा भेला भई यसको निकासा निकाल्नुपर्ने बताए।

काठमाडौं जिल्ला बहुउद्देश्यीय सहकारी संघ काठमाडौंका अध्यक्ष एवं राष्ट्रिय सहकारी बैंकका सञ्चालक मनोज थापाले सहकारीको संख्या धेरै भएपछि समस्या पनि धेरै सिर्जना भएको बताए। सरकारले सहकारी दर्ता गर्नुअघि नियमन गर्न सक्ने वा नसक्ने विषयमा पहिले नै सोच्नुपर्ने उनको भनाइ छ। यद्यपि, अहिलेको सहकारीलाई मर्जर गरी पाँच हजारमा सीमित राख्नुपर्ने उनले बताए। सरकारले भविष्यको आकलन नगरी भटाभट सहकारी दर्ता गर्दा अहिलेको समस्या सिर्जना भएको उनले बताए।

सिंहदरबारको फोहोर नउठाएकोमा मन्त्रिपरिषद्ले बालेनलाई गरायो सचेत

काठमाडौं/ सिंहदरबार, शीतलनिवास र बालुवाटारको फोहोर नउठाएको विषयमा सरकारले काठमाडौं महानगरलाई सचेत गराएको छ। महानगरका मेयर बालेन साहले सिंहदरबारले आफूलाई असहयोग गरेको भन्दै फोहोर नउठाउने घोषणा गरेका थिए। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले फोहोर व्यवस्थापनको नीतिगत जिम्मेवारी स्थानीय सरकारकै भएकाले मेयर साहले अराजकता देखाउन खोजेको भन्दै सचेत गराउने निर्णय गरेको हो। 'नीतिगत रूपमा काठमाडौं उपत्यकाको फोहोर स्थानीय तहले उठाउने व्यवस्था छ,' बैठकपछि सञ्चारमन्त्री रेखा शर्माले भनिन्, 'यो नीतिगत व्यवस्था पालना गराउन गम्भीरताका साथ ध्यानाकर्षण गराउने निर्णय भएको छ।' फोहोर नउठाउने महानगरको निर्णय अराजक भएको भनेर मन्त्रिपरिषद्मा छलफल भएको उनले बताइन्।

संघीय सरकारले आफूलाई सहयोग नगरेको भन्दै मेयर साहले शनिबार फेसबुकमा स्टाटस लेख्दै फोहोर नउठाउने जानकारी दिएका थिए। आइतबारदेखि महानगरले यी निकायको फोहोर उठाएको छैन। मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीको प्रेस सल्लाहकारमा गोविन्द आचार्यलाई नियुक्त गरेको छ। आचार्य नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हुन्।

आम्दानी...

« पृष्ठ १ बाट क्रमशः

आम्दानी भने २७ करोड ७९ लाख मात्र भयो। खर्चको ९० प्रतिशत हिस्सा तलबमै जान्छ।

हुलाक सेवाअन्तर्गत अहिले १७ हजार कर्मचारी छन्। तर, समयसापेक्ष सेवा दिन नसकेर हुलाक सरकारका लागि 'सेतोहात्ती'जस्तै बनेको छ। विभागकी महानिर्देशक इन्दु घिमिरेले प्रविधिको विकास हुनुअघिको तुलनामा अहिले काम १० प्रतिशत पनि नरहेको बताइन्। 'हुलाकका सेवालाई समयसापेक्ष परिष्कृत गर्न सकिएको छैन। दरबन्दी अस्वाभाविक ठूलो छ, काम भने खासै केही छैन,' उनले भनिन्, 'अहिले यहाँ काम नहुनु होइन, हुनुचाहिँ अस्वाभाविक छ।'

विभागको विवरणअनुसार हुलाक सेवाअन्तर्गत अहिले १७ हजार एक सय ५२ दरबन्दी छ। त्यसमा स्थायी दरबन्दी ६ हजार दुई सय ९४ छ। त्यस्तै, तीन हजार ७४ हुलाक प्रतिनिधि, तीन हजार २४ पत्र वितरक र चार हजार सात सय ६० डाँकवाहकसहित अतिरिक्त हुलाकतर्फ १० हजार आठ सय ५८ जना दरबन्दी छ। हुलाक सेवाअन्तर्गत कार्यरतमध्ये दुई हजार पाँच सय ४१ जना त निजामती सेवाकै छन्।

हुलाक सेवाअन्तर्गत अहिले हुलाक सेवा विभाग र त्यसमातहत गोश्वारा हुलाक कार्यालय, हुलाक प्रशिक्षण केन्द्र, केन्द्रीय धनादेश कार्यालय र फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन कार्यालय छन्। त्यस्तै, चार हुलाक निर्देशनालय, ७० जिल्लामा ७० हुलाक कार्यालय, आठ सय ४२ इलाका हुलाक कार्यालय र तीन हजार ७४ अतिरिक्त हुलाक कार्यालय छन्। तर, यी अधिकांश कार्यालयबाट चिठी आदान-प्रदान नगन्यजस्तै छ। यी कार्यालय संघीय संरचनाअनुसार पनि छैनन्।

कर्मचारीको खासै काम नहुने यी कार्यालयका लागि सरकारको खर्च भने निकै ठूलो छ। अतिरिक्त हुलाकतर्फका कर्मचारीका लागि मात्र वार्षिक एक अर्बभन्दा बढी खर्च हुने विभागले जनाएको छ। सातामा दुई दिन दुई घन्टा काम गरेबापत उनीहरूलाई सरकारले मासिक तलब दिन्छ। हुलाक प्रतिनिधिको आठ हजार तीन सय १० र पत्र वितरक तथा डाँकवाहकको मासिक तलब सात हजार दुई सय ८० रुपैयाँ छ। स्थायी सेवामा रहेका कर्मचारीको ५८ वर्षे उमेरहद पनि उनीहरूका हकमा लागू हुँदैन। जसको परिणामस्वरूप बाँचुञ्जेल उनीहरूका नाममा तलब जान्छ। अतिरिक्त हुलाकमा ६० वर्षमाथिकाको संख्या पनि ठूलो छ।

हुलाक सेवाको विद्यमान दरबन्दी मान्छेले चिठीपत्र बोकेर हिँड्ने हिसाबको छ। जब कि अहिले अधिकांश काम सवारीसाधनबाट हुन्छ। विभागका अनुसार चिठीपत्र, पार्सल इत्यादि ओसार्न हरेक जिल्लामा चारदेखि ६ वटा मोटरसाइकल छन् भने चितवनमा ६ र गोश्वारा हुलाकमा चारवटा ट्रक छन्। यसबाहेक सार्वजनिक यातायातसँग सम्झौता गरेर पनि चिठीपत्र र पार्सलहरू पठाइन्छ। त्यसले पनि अहिलेको दरबन्दी अनावश्यक र अति ठूलो रहेको विभागकै कर्मचारी बताउँछन्।

पहिले चिठीपत्र आदान-प्रदान गरेर आम्दानी गर्ने विभाग अहिले पूर्ण रूपमा सरकारमाथि निर्भर छ। सरकारले बजेट नदिए तलब खाने त परको कुरा, कार्यालय सञ्चालनसमेत नहुने स्थिति छ। विभागको तथ्यांकअनुसार गत आव ०७८/७९ मा कुल खर्च तीन अर्ब ५६ करोड ३६ लाख भएको थियो। तर, आम्दानी २७ करोड ७९ लाख मात्र भयो। विभागअन्तर्गतको खर्चको ९० प्रतिशत हिस्सा तलबमै जान्छ।

विभागको सबैभन्दा ठूलो स्रोत टिकट बिक्री हो। गत आवमा टिकट बिक्रीबाट २३ करोड ८५ लाख आम्दानी भएको थियो। त्यस्तै, ०७७/७८ मा २० करोड ९१ लाख, ०७६/७७ मा २६ करोड २९ लाख, ०७५/७६ मा ३४ करोड ५७ लाख र आव ०७४/७५ मा ३४ करोड नौ लाख रुपैयाँ टिकट बिक्रीबाट मात्र आम्दानी भएको विभागले जनाएको छ। ०७८ माघमा विभागले हुलाकका सेवाको महसुल बढाएपछि आम्दानीमा केही वृद्धि देखिएको छ। तर, खर्च भने हरेक वर्ष तीन अर्बभन्दा बढी हुने गरेको छ। आव ०७७/७८ मा तीन अर्ब २२ करोड ९१ लाख, ०७६/७७ मा तीन अर्ब ३८ करोड ६२ लाख, ०७५/७६ मा दुई अर्ब ९९ करोड ३९ लाख र ०७४/७५ मा तीन अर्ब २१ करोड खर्च भएको देखिन्छ।

सरकारले यसै बर्ष गठन गरेको हुलाक सुधार कार्यदलका संयोजक शंकरप्रसाद अधिकारीले हुलाकको समयसापेक्ष सुधारका लागि दरबन्दीसहितका संरचनामा पुनर्संरचना गर्नुपर्ने बताए। 'हुलाकको कार्यबोझअनुसार अहिले दरबन्दी अत्यधिक ठूलो छ। दरबन्दीसहितका संरचनामा पुनर्संरचना गर्नुपर्छ। अतिरिक्त हुलाक पनि खारेज गर्नुपर्ने देखिन्छ,' उनले भने, 'अहिले ७७ वटै जिल्लामा राख्नुको साटो केन्द्र पारेर हुलाक कार्यालय २४-२५ जिल्लामा राख्दा हुन्छ। सातामा एउटा पनि चिठी नआउने कार्यालय पनि छन्, त्यस्ता कार्यालय राखेर के काम!'

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले सुधार समितिका सिफारिसका आधारमा सुधारको तयारी भइरहेको बताए। 'हुलाकको संरचना र सेवामा सुधारका धेरै विषय छन्। यस विषयमा कार्यदलले सिफारिस पनि गरेको छ। उच्चस्तरीय तलब-सुविधा आयोग पनि बोलेको छ। यी दुवै प्रतिवेदनका आधारमा सुधार गर्नुपर्नेछ,' उनले भने, 'अतिरिक्त हुलाकमा कार्यरत ६० वर्ष नाघेकालाई सुविधा दिएर व्यवस्थापन गर्न जरुरी छ। हुलाकका संरचनालाई संघीयतामैत्री पनि बनाउनुपर्ने देखिन्छ। पालिकामा एकभन्दा बढी इलाका हुलाक भए मर्ज भएर एउटै पालिका हुलाक बनाउन सकिन्छ। दरबन्दी पनि ठूलो छ। समिति तथा कार्यदलको सिफारिसका आधारमा सुधारको तयारी भइरहेको छ।'

सुत्केरी...

« पृष्ठ १ बाट क्रमशः

हो, बच्चाको अवस्था पनि सामान्य छ भने।'

बिहान ८ बजे डाक्टरले पेटबाट बच्चा निकालेका थिए। केही मिनेटमै बच्चा र त्यसपछि आमाको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकले बताएका छन्। आफन्तका अनुसार धनगढीको सेती प्रादेशिक अस्पतालमा लैजान्छौं भन्दा डाक्टरले पनि सुरुमा केही हुन्न, नआत्तिनुस् भनेर आश्वस्त पारेका थिए। पछि केस जटिल भएको भन्दै धनगढी लैजान भनेको आफन्तको भनाइ छ। धनगढी लैजान एम्बुलेन्समा राख्दासम्म लक्ष्मीको मृत्यु भइसकेको थियो।

उपचारमा संलग्न चिकित्सकले भने लक्ष्मीको स्वास्थ्य अवस्था एक्कासि गम्भीर बनेको र प्रयास गर्दा पनि बचाउन नसकेको बताएका छन्। मालाखेती अस्पतालका प्रमुख डा. अन्वेष कोइरालाले सामान्य अवस्थामा रहेको प्रसूतिको स्वास्थ्य एकाएक जटिल बनेर मृत्यु भएको बताए। उनका अनुसार पेटबाट बच्चा निकाल्नेबित्तिकै आकस्मिक रूपमा जटिल समस्या आएको हो। पाठेघरको पानी फोक्सोमा जाँदा स्वास्थ्य एक्कासि जटिल बनेको देखिएको कोइरालाले बताए। 'पेटबाट बच्चा निकालेको एकछिनमै आमाको अवस्था नाजुक बन्यो,' उनले भने, 'पाठेघरको पानी फोक्सोमा गएका कारण मृत्यु भएको देखिन्छ, यकिन कारण भने पोस्टमार्टमको रिपोर्ट आएपछि थाहा होला।'

डा. कोइरालाका अनुसार पेटबाट निकालेको करिब १० मिनेटसम्म बच्चाको मुटु चलेको थियो। 'डाक्टरको लापरबाहीले घटना भएको होइन, उपचारमा लापरबाही भए-नभएको अनुसन्धानले पनि देखाउला,' उनले भने, 'हामीले कोसिस गरेको हो। सामान्य अवस्थाको बिरामी झ्याप्पै 'कोल्याप्स' हुने अवस्था आयो।' आफूसहित चारजना डाक्टरको टोलीले बिरामीलाई बचाउने प्रयास गरेको उनले बताए। लक्ष्मीले दोस्रो सन्तानको जन्म दिन लागेकी थिइन्।

घटनाको छानबिनका लागि सेती प्रादेशिक अस्पतालका प्रसूति रोग विशेषज्ञ जगदिश विष्टको संयोजकत्वमा मंगलबार बेलुका छानबिन समिति गठन गरिएको छ। सेतीमै कार्यरत डा. सृष्टि जोशी, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवराज जोशी र प्रदेश स्वास्थ्य निर्देशनालयका ओमप्रकाश जोशीसहित समितिको सदस्य छन्। प्रहरी, प्रशासन र स्थानीय तहका जनप्रतिनिधिसहितको बैठकले समिति गठन गरेको हो।

कोभिड...

« पृष्ठ १ बाट क्रमशः

अपनाउन अपिल पनि गरेको छ।

गत बुधबारदेखि अस्पताल भर्नादर बढेको तथ्यांकले देखाएको छ। बुधबार १७ जना अस्पताल भर्ना हुँदा चार जनाको आइसियूमा उपचार भएको थियो। शनिबार उपचाररत १५ मध्ये आठजना आइसियूमा थिए। आइतबार अस्पतालमा उपचाररत १३ मध्ये सातजना आइसियूमा थिए। कोभिडको लक्षण एक सातासम्म देखिने र विशेष गरी शरीर दुख्ने, रिँगटा लाग्ने र ज्वरो आउनेजस्ता लक्षण कडा देखिएकाले वृद्धवृद्धा र रोगप्रतिरोधक क्षमता कम भएकाहरू बढी प्रभावित भएको चिकित्सकहरूले बताएका छन्। 'संक्रमण समुदायस्तरमा फैलिएको देखिन्छ। जिउ दुख्ने, ज्वरो आउने, रिँगटा लाग्नेजस्ता लक्षण देखिएका छन्। अहिले अस्पतालमा भर्ना भएका अधिकांशजसो ज्येष्ठ नागरिक छन्, यी लक्षण सहन नसक्ने व्यक्तिहरू अस्पताल भर्ना भएका छन्,' वरिष्ठ सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले भने।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल
भक्तपुर, नेपाल

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रकाशित मिति : २०७९/१२/२९

यस अस्पताल परिसरमा रहेको क्यान्टिन भवन भाडामा लगाउन भाडा बढाबढको माध्यमबाट दिनुपर्ने भएकोले सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ईच्छुक नेपाली नागरिक वा आय कर तथा मूल्य अभिबृदि कर (VAT) मा दर्ता भएका फर्म ,कम्पनी वा सप्लार्यसले यस अस्पतालबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सक्नेछ। सूचना प्रकाशन भएको मितिले १६ औं दिन, दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ। रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र सोही दिन, दिनको ठीक २:०० बजे यस अस्पतालमा खोलिने छ। सिलबन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात् कार्यालय खुलेको दिन सोही समयमा हुनेछ। यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरू सिलबन्दी दरभाउपत्र, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ। विस्तृत जानकारीको लागि यस अस्पतालको सूचना पाटीमा हेर्नु हुन तथा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

तपशील :

सि.न.	ठेक्का नं.	कामको विवरण	सिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु.
१.	BHB/BHAKTAPUR/07/079-80	अस्पतालको क्यान्टिन भवन भाडामा लगाउने सम्बन्धी	१०००।-

प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट

Godawari Municipality
Office of the Municipal Executive
Invitation for Online Bid
Date of Second Publication: 2079-12-29

1. Godawari Municipality, Kailali, invites bids from eligible bidders for following works:

S. N.	Contract Identification Number	Description of Works	Bid Security Validity Period	Estimated Cost (excluding:VAT,PS) (NRs.)	Bid Security Amount (NRs.)	Fee for Bid Document (NRs.)
1	GM/NCB/W/13/2079/80	Construction Work of Administration Building of Ward Office at Ward no: 04	90 days	11497256.00	320000.00	3000

2. Purchase, Submission and Opening :

Purchase of Bid		Submission of Bid		Opening of Bid		
Date	Time	Date	Time	Date	Time	Bidders may download the bidding documents and submit their bids electronically through e-procument section of PPMO's Website **www.bolpatra.gov.np/egp**. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above.
2080/01/29	12:00	2080/01/29	12:00	2080/01/29	14:00	

3. Revenue Details/ Bid Security Details:

Account holder's Name	Bank Name and Address	Account Number (for bid security)	Revenue Heading No (for bid purchasing)
Godawari Municipality Office, Attariya, Doti	Nic Asia bank Ltd, Attariya, Kailali	7141498622524001	0712051498622011

4. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website **www.bolpatra.gov.np/egp.** For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Godawari Municipality, Kailali.

5. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 (First Amendment, 2073) and Public Procurement Regulation 2064 (9th Amendment, 2076) and other prevailing rules and regulation of Nepal.

उपनिर्वाचनमा दलहरूको परीक्षण

१० वैशाखमा हुने उपनिर्वाचनको प्रचारप्रसार तीव्र, भिन्न रणनीतिका साथ प्रमुख दलहरू मैदानमा

तनहुँ १ : कांग्रेसको साखको लडाइँ

■ तनहुँमा **उपेन्द्र खनाल**
■ काठमाडौंमा **केशवप्रसाद पाण्डे**

उपनिर्वाचनको परिणाम जेसुकै आए पनि कांग्रेसको संसद्को सबैभन्दा ठूलो दलको अंकगणितीय हैसियतमा धेरै फरक पर्दैन। तर, कांग्रेसका लागि चितवन २ र बारा २ को तुलनामा तनहुँ १ को उपनिर्वाचन प्रतिष्ठाको लडाइँ हो। तनहुँ १ को लडाइँ हार्दा जाने राजनीतिक सन्देशबाट भयभीत कांग्रेस सम्पूर्ण शक्तिका साथ मैदानमा छ। रामचन्द्र पौडेल राष्ट्रपति भएपछि रिक्त तनहुँ १ उपनिर्वाचनमा गुम्दा त्यसले पार्ने दीर्घकालीन प्रभावलाई मध्यनजर गरेर कांग्रेस नेतृत्व हरहालतमा जोगाउने रणनीतिमा छ।



● डा. मीनेन्द्र रिजाल
नेता, कांग्रेस

पछिल्लो निर्वाचनमा हामीले जितेको सिट हो। ०७४ को निर्वाचनबाहेक ०४८ देखि कांग्रेसले सधैँ जितेको ठाउँ हो। रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भएपछि खाली भएको क्षेत्र भएकाले स्वाभाविक रूपमा महत्त्वको छ। पार्टीमा अस्तिसम्म क्रियाशील रहेका र पार्टीबाट टिकटको दाबी राखेका साथी पार्टी छाडेर निर्वाचनमा गएकाले जित्नैपर्छ भनेर गम्भीरतापूर्वक लाग्नु स्वाभाविक हो।

कांग्रेसका उम्मेदवार गोविन्द भट्टराई हुन्। तर, मैदानमा कमान्डर छन् महामन्त्री गगन थापा। कांग्रेसका लागि मात्र होइन थापाका लागि पनि तनहुँ १ परीक्षा हो। चुनाव जिताउँदा पार्टीभित्र थापाको भूमिका थप प्रभावकारी हुनेछ भने नतिजा प्रतिकूल आए उनको भूमिकामाथि प्रश्न उठ्नेछ। महामन्त्री थापासँग सहकार्य गरेका स्वर्णिम वाग्ले राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेपछि कांग्रेस भोट सुरक्षित गर्न असन्तुष्ट समूहसँग छलफलमा छ। वाग्लेले पनि चुनावी अभियान तीव्र बनाएका छन्।

०७४ मा बाहेक ०४८ यताका सबै निर्वाचन जितेको र अहिले गठबन्धन हुँदा पनि राष्ट्रपतिको क्षेत्र गुम्यो भने दीर्घकालीन प्रभाव पर्न सक्ने कांग्रेस नेताहरूकै बुझाइ छ।

कांग्रेस नेता डा. मीनेन्द्र रिजाल चुनौतीको परीक्षा भएकाले तनहुँ १ को निर्वाचन कांग्रेसका लागि महत्त्वपूर्ण रहेको बताउँछन्। 'पहिलो- पछिल्लो निर्वाचनमा हामीले जितेको सिट हो। ०७४ को निर्वाचनबाहेक ०४८ देखि कांग्रेसले सधैँ जितेको ठाउँ हो। दोस्रो- रामचन्द्र पौडेल राष्ट्रपति निर्वाचित भएपछि खाली भएको क्षेत्र भएकाले स्वाभाविक रूपमा महत्त्वको छ। तेस्रो- पार्टीमा अस्तिसम्म क्रियाशील रहेका र पार्टीबाट टिकटको दाबी राखेका साथी पार्टी छाडेर गएकाले जित्नैपर्छ भनेर गम्भीरतापूर्वक लाग्नु स्वाभाविक हो,' उनले भने।

तनहुँ १ को निर्वाचन आफूअनुकूल बनाउन कांग्रेस केन्द्रीय नेतृत्व लागिरहेको छ। निर्वाचन परिणाम फेरबदलमा निर्णायक हुन सक्ने आकलनसहित कांग्रेसले गोविन्दराज जोशी समूहसँग छलफल तीव्र बनाएको छ। यसका लागि सभापति शेरबहादुर देउवादेखि महामन्त्री थापालगायत पदाधिकारी र केन्द्रीय सदस्य सक्रिय छन्। जोशी समूहका अनुसार कांग्रेस नेताहरू निरन्तर सम्पर्कमा छन्। जोशीका छोरा दीपकराज जोशीले उपनिर्वाचनमा सहयोगका लागि कांग्रेस नेताले निरन्तर भोट गरिरहेको बताए। उनले महामन्त्री थापासँग सुरु भएको वार्ता सभापति देउवासम्म पुगेको बताए। उनका अनुसार सोमबार सभापति देउवासँग छलफल भएको थियो। देउवाले आफूलाई भेटका लागि धुम्बाराहीस्थित निवासमा बोलाएर निर्वाचनमा सघाउन आग्रह गरेको उनले बताए।

देउवासँगको भेटबारे कांग्रेस पूर्वसहमहामन्त्रीसमेत रहेका जोशीलाई जानकारी गराउने र देउवासँग निर्णायक छलफल हुने उनले बताए।

कांग्रेस कार्यसम्पादन समिति बैठकले उपनिर्वाचन हुने तीन क्षेत्रमा कारबाहीमा परेकाको कारबाही फुकुवाको निर्णय गरेको थियो। तर, जोशी फुकुवा मात्रले सन्तुष्ट छैनन्। जोशी समूहले पनि आफूले सघाउनुपर्ने अवस्थामा जोशी र आफ्ना समूहको नेता-कार्यकर्ताको सम्मानजनक व्यवस्थापनको माग राखेको छ। बारा २ मा कांग्रेसको उम्मेदवार छैन। चितवन २ मा कांग्रेसले आफ्नो साख जोगाउन चुनौती देखेको छ। सोहीकारण पनि कांग्रेस तनहुँ १ मै केन्द्रित छ।

तनहुँमा कांग्रेसका गोविन्द भट्टराई, एमालेका सर्वेन्द्र खनाल र राष्ट्रिय स्वतन्त्र पार्टीका स्वर्णिम वाग्लेबीच रोचक प्रतिस्पर्धा हुने देखिएको छ।

चितवन २ : फराकिलो जित निकाल्ने रास्वपाको रणनीति

■ भरतपुरमा **विवेक पोखरेल**

गत ४ मंसिरको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेचितवन २ बाट देशभरमै सबैभन्दा धेरै मतान्तर (३४ हजार तीन सय १२ मतान्तर) ले निर्वाचित भएका थिए। तर, नागरिकता प्रकरणमा सर्वोच्च अदालतको फैसलासँगै सांसद पद गुमेपछि यहाँ उपनिर्वाचन हुँदै छ। यसलाई कांग्रेस उम्मेदवारजितनारायण श्रेष्ठ र एमाले उम्मेदवार रामप्रसाद न्यौपानेले चुनावी मुद्दा बनाएका छन्। लामिछाने भने फराकिलो मतान्तरले जित निकाल्ने रणनीतिमा छन्।

चितवन २ मा पुनः निर्वाचन जितेर लामिछानेमाथि लागेको आरोप जनमतबाट खण्डन गर्ने रास्वपाको योजना छ। रास्वपा सांसद मनीष झाका अनुसार पार्टीको अभियान स्थापित भएको निर्वाचन क्षेत्र भएकाले उसका लागि चितवन २ विशेष छ। त्यसमाथि गत निर्वाचनमा सभापति लामिछानेले लोकप्रिय मतसहित सानदार जित निकालेकाले रास्वपाका लागि यो आधारक्षेत्र पनि रहेको उनको भनाइ छ।



● मनीष झा
सांसद, रास्वपा

चितवन २ बाट हाम्रो अभियान सुरु भयो र निर्वाचनमा स्थापित पनि भयो। यो ठाउँ मंसिर ४ को निर्वाचनमा हाम्रो 'क्याप्टेन'ले जित निकालेको क्षेत्र हो। परिवर्तनको लहर सुरु भएको चितवन २ यसै पनि हाम्रा लागि विशेष छ। यसकारण पनि रास्वपालाई यो क्षेत्र प्रतिष्ठाको निर्वाचन क्षेत्र बनेको छ।

रास्वपाका संसदीय दलका नेता डिपी अर्यालले चितवनसहित तीनवटै निर्वाचन क्षेत्र आफ्ना लागि उत्तिकै महत्त्वपूर्ण भएको बताए। उनले चितवनबाहेकका दुई निर्वाचन क्षेत्रमा यसअघि रास्वपाले जित ननिकालेको भए पनि उपनिर्वाचनमा कम आँक्न नमिल्ने जिकिर गरे। 'हाम्रा लागि तीनवटै निर्वाचन क्षेत्र उत्तिकै महत्त्वका हुन्, तीनै उम्मेदवारले निर्वाचन जित्नुपर्छ,' उनले भने।

चितवनमा एमाले र कांग्रेस आफ्ना नेता तथा कार्यकर्ताको भोट सकभर रास्वपामा जान नदिने कसरतमा छन् भने रास्वपा भने ठूलो मतान्तरले जितेको पुरानो विरासत कसरी जोगाउने भन्ने चिन्तामा देखिन्छ।

कांग्रेस उम्मेदवार श्रेष्ठ निर्वाचन परिणाम गठबन्धनकै पक्षमा आउने दाबी गर्छन्। 'चितवनको माटोमा गरेको काम, यहाँका जनताको सुखदुःखमा दिएको साथ र चितवनको भूगोल बुझ्केकै कारण यो निर्वाचनमा मेरो जित सुनिश्चित छ। गठबन्धन एकढिक्का छ। म सेवक भएर जनताको बीचमा जान्छु भनेर २७ वर्षदेखि लाग्दै आएको छु। अघिल्लो परिणाम हाम्रो पक्षमा रहेन। जसको पक्षमा परिणाम आयो ती मान्छे योग्य थिएनन् भनेर अहिले प्रश्न आएको छ,' उनले भने।

एमाले उम्मेदवार न्यौपानेको तर्क छ, 'जितेर गएका सांसद कति 'इथिकल' हुनुहुँदोरहेछ भन्ने कुरा त प्रमाण देखापरेका छन्। यो निर्वाचन कसका कारण भएको हो ? अहिले जनताले त्यो विषयलाई राम्रोसँग बुझ्नुभएको छ। चितवनको आन्दोलनमा लागेको, यहाँको दुःखसुखमा जोडिएको व्यक्ति उम्मेदवार बनेको भन्दै शुभकामना पाएको छु।'

लामिछाने भने अघिल्लो चुनावमा सहरी क्षेत्रमा पाएको भोटलाई कायम राख्दै पहाडी क्षेत्रमा पकड बढाउने रणनीतिमा छन्। विगतजस्तै कांग्रेस र एमालेका मतदातालाई आफ्नो पक्षमा ल्याउन रास्वपाका कार्यकर्ता सक्रिय भएर लागेका छन्। उम्मेदवार नभएका माओवादी केन्द्र र एकीकृत समाजवादीलगायत दलका कार्यकर्तालाई पनि फकाइरहेको छ रास्वपाले।

लामिछानेले आफूहरूको अभियानको जित हुने बताए। 'म व्यक्तिलाई नभई अभियानलाई समर्थन गर्न पनि मेरो जित आवश्यक छ। भ्रष्टाचारी, विवादमा परेकाहरूलाई मैले आँखा लगाएको छु। समृद्धि, सुशासन, आउँदो पुस्ताको सुन्दर भविष्य कोर्नका लागि, पार्टीभित्रको आन्तरिक लोकतन्त्र मजबुत गर्दै मुलुकको लोकतन्त्रलाई स्थायित्व प्रदान गर्न तथा नयाँ पुस्ताको प्रतिनिधित्वका लागि मेरो उम्मेदवारी हो,' उनले भने।

लामिछानेले आफ्नो सम्बोधनमा गृहमन्त्री रहँदा जुनसुकै समयको भ्रष्टाचारको फाइल खोलिदिन्छु भनेकै कारणले फसाउने प्रयास भइरहेको जनतासँग बताउँदै आएका छन्। उनले यसपालि एकको बदला तीन जित्ने र पाँच वर्षपछि दुईतिहाइ जित्न सक्छौं भनेर मत आकर्षित गरिरहेका छन्।

बारा २ : जसपाको प्रतिष्ठा

■ जनकपुरधाममा **हरिश खुद्दार**

तनहुँमा कांग्रेसका लागि जस्तै बारा २ को उपनिर्वाचन जसपाका लागि प्रतिष्ठाको बनेको छ। बारा २ मा सत्तागठबन्धनका ठूला दलको समर्थनमा जसपा अध्यक्ष उपेन्द्र यादव चुनावी मैदानमा छन्। यस निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्य रहेका रामसहायप्रसाद यादव उपराष्ट्रपति भएपछि हुन थालेको उपनिर्वाचन जसपाले जसरी पनि आफ्नो पक्षमा पार्न चाहेको छ। त्यसमाथि जसपा पार्टी अध्यक्षलाई अगाडि सारेर मधेसमा आफ्नै वर्चस्व रहेको देखाउने दाउमा छ।

जसपा प्रवक्ता मनीष सुमनले बारा २ जसपाका लागि महत्त्वपूर्ण रहेको बताए। 'बारा २ जसपाको बलियो सांगठनिक संरचना भएको क्षेत्र हो। निर्वाचन क्षेत्र बनेदेखि नै हामीले अनवरत संघ, प्रदेशदेखि वडासम्म निर्वाचन जितेको क्षेत्र हो। अर्को महत्त्वपूर्ण पक्ष पार्टीबाट सबैभन्दा योग्य उम्मेदवार अध्यक्ष उपेन्द्र यादवलाई मैदानमा उतारेका छौं,' उनले भने, 'उहाँ संघीयता र मुलुकमा परिवर्तनका लागि सशक्त नेतृत्व गर्दै आउनुभएको नेता हुनुहुन्छ। सबै आधारले हाम्रा लागि यो क्षेत्र महत्त्वपूर्ण छ। आत्मविश्वासका साथ हामीले भन्दै आएका छौं- हामी जित्छौं।'



● मनीष सुमन,
प्रवक्ता, जसपा

'बारा २ जसपाको बलियो सांगठनिक संरचना भएको क्षेत्र हो। निर्वाचन क्षेत्र बनेदेखि नै हामीले अनवरत संघ, प्रदेशदेखि वडासम्म निर्वाचन जितेको क्षेत्र हो। अर्को महत्त्वपूर्ण पक्ष पार्टीबाट सबैभन्दा योग्य उम्मेदवार अध्यक्ष उपेन्द्र यादवलाई मैदानमा उतारेका छौं। आत्मविश्वासका साथ हामीले भन्दै आएका छौं- हामी जित्छौं।'

बारा २ उपराष्ट्रपतिले तत्कालीन पाँचदलीय सत्तागठबन्धनसँग प्रतिस्पर्धा गरेर जसपाले जित निकालेको क्षेत्र हो। त्यसवेला निर्वाचन जितेका रामसहायप्रसाद मुलुकको दोस्रो सर्वोच्च पद उपराष्ट्रपतिका रूपमा छन्। उपराष्ट्रपतिले छाडेको निर्वाचन क्षेत्र हुनुले पनि जसपालाई यहाँको जित अर्थपूर्ण हुनेछ।

उपनिर्वाचनका लागि ४ मंसिरको निर्वाचनमा पराजित बनेका अध्यक्ष उपेन्द्र आफैं लामो प्रयास गरेर संसद् छिर्ने महत्त्वाकांक्षासहित मैदानमा छन्। यो निर्वाचन जसपा र उपेन्द्रको राजनीतिक भविष्यमाथिको प्रश्नचिह्नका रूपमा पनि रहने भएकाले महत्त्वपूर्ण छ। कांग्रेसले अध्यक्ष यादवलाई जिताउन अजय चौरसिया र लोकतान्त्रिक समाजवादी पार्टीले प्रदेश अध्यक्ष जितेन्द्र सोनललाई खटाएको छ।

उपेन्द्रलाई रोक्न जनमतका अध्यक्ष सिके राउतले उम्मेदवार खडा गरेपछि प्रतिस्पर्धा रोचक बनेको छ। जनमत पार्टीले ४ मंसिरको निर्वाचनमा तीन सय ५४ मतले पराजित माओवादीका उम्मेदवार शिवचन्द्रप्रसाद कुसवाहलाई आफ्नो पार्टीमा भित्र्याएर यादवविरुद्ध मैदानमा उतारेको छ। जनमतले पनि यो क्षेत्रमा आक्रामक निर्वाचन प्रचार गरिरहेको छ।

चुनावी प्रतिस्पर्धामा रास्वपाले पूर्वडिआइजी रमेश खरेललाई अघि सारेको छ। एमालेबाट पुरुषोत्तम पौडेल उम्मेदवार छन्। गठबन्धनमै आबद्ध नागरिक उन्मुक्तिका कमरुल्लाह अन्सारी पनि मैदानमा छन्। मधेसमा गर्मीको पारो तातिरहेका बेला उम्मेदवारहरू घरदैलोदेखि खेतबारीसम्मै पुगेका छन्। यादव र खरेल फरक निर्वाचन क्षेत्रबाट आएपछि जनमतका उम्मेदवार कुसवाहले टुरिस्ट उम्मेदवारको ट्याग लगाएका छन्।

कुसवाह आफू बारा २ को धर्तीपुत्र भएको भन्दै मतदाताको घरघर गएर मत माग्ने गरेका छन्। ०६४ को संविधानसभा सदस्यमा निर्वाचित भएयता उनले चुनाव जितेका छैनन्। कुसवाहले आफ्नो प्रतिस्पर्धा कुनै पार्टीसँग नरहेको भन्दै जनताले पार्टीभन्दा व्यक्तिलाई हेरेर मतदान गर्ने दाबी गरे। पौडेल १५ हजार संगठनात्मक मत रहेकाले चुनावमा राम्रो परिणाम ल्याउने दाबी गर्छन्।

मंसिरमा भएको निर्वाचनमामा काठमाडौं १ बाट चुनाव लडेका सुशासन पार्टीका अध्यक्ष खरेल रास्वपाका उम्मेदवार हुन्। खरेल प्रहरी उपरीक्षक हुँदा पर्साको नेतृत्व गरेका थिए। 'जनताले सबै पार्टीका काम देखिसकेका छन्, अब देश बनाउने जिम्मा राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिनुपर्छ भन्ने मनसायमा रहेका छन्,' खरेलले भने।

विद्यार्थी अभावपछि क्याम्पसलाई मर्ज गर्न सुझाव

विभिन्न विश्वविद्यालयका १५० आंगिक क्याम्पसमध्ये २१ मा एक सयभन्दा कम विद्यार्थी भर्ना

नयाँ पत्रिका
काठमाडौं, २८ चैत

उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्या कम भएपछि विज्ञले क्याम्पसहरूलाई मर्ज गरेर गुणस्तरीय शिक्षा प्रदान गर्न सुझाव दिएका छन्। विश्वविद्यालय अनुदान आयोगले समेत मर्जमा जाने क्याम्पसलाई सहयोग उपलब्ध गराउने गरी कार्यक्रम अघि बढाउन थालेको छ।

विश्वविद्यालय अनुदान आयोगले मंगलबार आयोजना गरेको कार्यक्रममा त्रिभुवन विश्वविद्यालयलगायतका आंगिक क्याम्पसमा समेत विद्यार्थी खडेरी लागेको चर्चा भएको थियो। विभिन्न विश्वविद्यालयका मुलुकभरका एक सय ५० आंगिक क्याम्पसमध्ये २१ वटा क्याम्पसमा एक सयभन्दा पनि कम विद्यार्थी भर्ना भएका छन्। पाँच सय ३७ सामुदायिक क्याम्पसमध्ये दुई सय १८ क्याम्पसमा एक सयभन्दा पनि कम विद्यार्थी रहेको विश्वविद्यालय अनुदान आयोगले जनाएको छ।

कुनै नक्सांकनविना एउटै प्रकृतिका क्याम्पस



उच्च शिक्षाको गुणस्तर राख्न, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न पनि क्याम्पसहरू मर्ज गर्नुपर्ने अवस्था आएको छ।

प्रा.डा. शंकर भण्डारी, सदस्यसचिव, विश्वविद्यालय अनुदान आयोग

एकै ठाउँमा स्थापना हुँदा विद्यार्थी पाउन समस्या भएपछि आयोगले मर्जरका लागि बहस सुरु गरेको हो। सुरुवाती दिनमा पहुँच बढाउन सहरदेखि गाउँगाउँमा क्याम्पस खुलेका थिए। पछि विश्वविद्यालयहरूले समेत ठोस नीति र योजनाविनै सम्बन्धन बाँडेका कारण अहिले विद्यार्थी अभावको समस्या देखिएको हो।

विश्वविद्यालय अनुदान आयोगका सदस्यसचिव प्रा.डा. शंकर भण्डारीले उच्च शिक्षाको गुणस्तर कायम राख्न, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न पनि क्याम्पसहरू मर्ज गर्नुपर्ने अवस्था आएको बताए। राष्ट्रिय शिक्षा नीति २०७६ मा विद्यार्थी संख्या ज्यादै कम भएका क्याम्पस वा शिक्षण संस्थाहरूलाई मर्जरमा लैजाने उल्लेख छ।

विश्वविद्यालय अनुदान आयोगले आयोजना गरेको क्याम्पस मर्जरको आवश्यकता, चुनौती र सम्भावना विषयमा राष्ट्रिय योजना आयोगका सदस्य डा.रामकुमार फुँयाल तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले नेपालको उच्च शिक्षामा समस्या देखिएको बताए। उनीहरूले उच्च शिक्षाको लगानीको सदुपयोग नभएको र क्याम्पस मर्जरमा जान सुझाव दिए। बजारको मागअनुसारका विषय पठनपाठन गर्न नदिँदा पनि विद्यार्थीको कमी भएको भनाइ क्याम्पस प्रमुखहरूले गुनासो गरेका थिए।

एकैठाउँमा एउटै किसिमका विषय अध्यापन हुने क्याम्पसहरूको संख्या धेरै रहेको, क्याम्पसहरू भौगोलिक दूरीका हिसाबले नजिकै रहेको विज्ञहरूको भनाइ थियो। एउटै विश्वविद्यालयका सम्बन्धनप्राप्त र अरू विश्वविद्यालयका क्याम्पस एकैठाउँमा सञ्चालन हुँदा विद्यार्थी अभाव भोगिरहेको उनीहरूले बताए। सामुदायिक क्याम्पसमा स्रोतसाधनको अभाव हुँदै गएकाले पनि मर्ज गर्नुपर्ने सुझाव दिइएको छ।

■ हरवाचरवा अधिकार यात्रा जनकपुरमा

तीन तहको सरकारको समन्वयमा समस्या सम्बोधन गर्न जोड

■ लहानमा **मणिलाल विश्वकर्मा**

सप्तरीको राजविराज र पर्साको वीरगन्जबाट २५ चैतमा एकैपल्ट थालिएको हरवाचरवा अधिकार यात्रा मंगलबार जनकपुर पुगेको छ। धनुषाको कलवारकुट्टीको सभाकक्षमा आयोजित समापन कार्यक्रममा विभिन्न दलका जनप्रतिनिधिले हरवाचरवाको समस्या समाधान गर्न तीन तहको सरकारको समन्वयमा काम गर्नुपर्नेमा जोड दिएका छन्। संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा काम नगर्ने हो भने अधिकारसम्पन्न प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठ्ने उनीहरूको भनाइ छ।

नौ महिनाअघि तत्कालीन सरकारले हरवाचरवाको मुक्तिको घोषणासँगै हरवाचरवा परिवारको सामाजिक, आर्थिक उन्नति र सम्मानजनक जीवन सुनिश्चितताको घोषणा गरेको थियो। तर, सरकारले गरेका कबोल कागजमै सीमित भएपछि पुनर्स्थापनाको माग गर्दै हरवाचरवा प्रदेश सरकारलाई घचघच्याउन सप्तरीको राजविराज र पर्साको वीरगन्जबाट एकैपटक २५ चैतमा अधिकार यात्रामा निस्किएका हुन्। हरवाचरवाको न्यायिक पुनर्स्थापना र भूमि, शिक्षा, रोजगारी तथा सामाजिक सुरक्षाको माग गर्दै राजविराजबाट २५ चैतमा हिँडेको टोली सप्तरीको शम्भुनाथ, खडक, सुरुंगा नगरपालिका, सिराहाको लहान नगरपालिका, सखुवानन्कारकट्टी, बरियारपट्टी, औरही गाउँपालिका र सिराहा नगरपालिकाका जनप्रतिनिधिहरूलाई आफ्नो पीडा सुनाउँदै



मंगलबार जनकपुरधाम पुगेको हो।

मधेस प्रदेश सरकारकी सामाजिक विकासमन्त्री सुरिताकुमारी साहले संविधान र कानुनमा अधिकारका विषय लिपिबद्ध गर्न जति लडाइँ लडियो त्यसको कार्यान्वयनमा केही कमजोरी भएको बताइन्। 'संविधानको मौलिक हकमा खाद्य, आवास, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत कुरालाई राखियो, तर त्यसलाई कानुनमार्फत सम्बोधन गर्न केही व्यावहारिक कमजोरी देखिएका छन्,' उनले भनिन् 'हरवाचरवाको यात्राले प्रदेश र सिंगो मुलुकका ध्यानाकर्षण भएकाले माग सम्बोधन हुन्छ।' उनले प्रदेश सरकारको लक्ष्य पनि हरवाचरवा, दलित, गरिब विपन्न समुदायको विकास रहेको दाबी गरिन्। 'हरवाचरवाको पुनर्स्थापना गर्न प्रदेश सरकारले आयोग गठन, बजेट विनियोजनसहित काम गर्न तयार छ,' साहले भनिन्।

संविधानसभा सदस्य तथा मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन कार्यदलका संयोजक श्याम श्रेष्ठले संविधानमा हरवाचरवाको पुनर्स्थापनाका लागि घडेरी, रोजगारीसहित विशेष व्यवस्था गर्ने उल्लेख भए पनि प्रदेश सरकारले पनि संघीय सरकारकै मुख ताक्ने हो भने प्रदेश सरकारकै औचित्यमाथि प्रश्न उठ्न सक्ने बताए। 'संघीय सरकारले मुक्त घोषणा गरिएका मधेस प्रदेशका हरवाचरवाको पुनर्स्थापनाका लागि पनि संघीय सरकार नै चाहिने हो भने प्रदेश सरकार खारेज गरे भइहाल्यो नि,' उनले भने, 'स्थानीय नागरिकको समस्या सम्बोधन गर्नकै लागि मुलुक संघीयतामा गएकाले प्रदेश र स्थानीय सरकारको औचित्य पुष्टि गर्ने राम्रो अवसर हो।' तीन तहकै सरकार मिलेर हरवाचरवाको पुनर्स्थापनासहितको काम गर्नुपर्ने उनको भनाइ थियो।



जलवायु परिवर्तन : टाइम बमको टिकटिक

तापक्रमको १.५-२ डिग्रीमा स्थिरीकरण सम्भव भएन भने 'क्लाइमेट टाइम बम' पड्किन्छ र यसले मानव तथा अन्य जीवजन्तुमा ठूलै विनाश निम्त्याउँछ



● लोकबन्धु घिमिरे

अग्रलेख

संयुक्त राष्ट्र संघअन्तर्गत विश्वव्यापी जलवायु परिवर्तनको मामिला हेर्ने आइपिसिसीले केहीअघि एआरसिक्स क्लाइमेट सिन्थेसिस रिपोर्ट (नीति-निर्माताका लागि छैटौँ जलवायु प्रतिवेदन) २०२३ प्रकाशन गरेको छ। जलवायु परिवर्तनका विषयमा आइपिसिसीले नै यसअघि प्रकाशन गरेका तीनवटा रिपोर्ट र इजिप्ट कोप २७ मा उठेका मुद्दासमेत समावेश गरी तयार पारिएको यस प्रतिवेदनलाई महत्त्वसाथ हेरिएको छ। धेरै देशका वैज्ञानिक संलग्न भई गरिएको उत्सर्जन एवं जलवायुजन्य ऐतिहासिक तथ्यांकको अध्ययन, हालसम्म भएका जलवायु परिवर्तनका प्रवृत्ति तथा घटनाको विश्लेषण र मानवीय उत्जर्सनका क्रियाकलापसमेतको गहिरो अध्ययन गरी यो प्रतिवेदन प्रकाशनमा ल्याइएको छ। प्रतिवेदनले हालसम्म भएको जलवायु व्यवस्थापनका प्रयास निकै कमजोर रहेको भनी चिन्ता प्रकट गरेको छ भने यसको सारांशप्रतिको अनावरण गर्दा युएन महासचिव एन्टेनिओ गुटेरेसले यस सदीसम्म जलवायु परिवर्तनबाट सिर्जित विश्वव्यापी तापमानलाई १.५ डिग्री सेल्सियसभित्र (जसका लागि कार्बनडाइअक्साइडको उत्सर्जन ३५० पिपिएमभित्रै राख्न सक्नुपर्छ) स्थिरीकरण गरी राख्न सकिएन भने आउँदो शताब्दी भयंकर विनाशक हुने र मानव अस्तित्व समाप्तितिर जाने गरी जलवायु बम विस्फोट हुन सक्छ। तसर्थ अविलम्ब हरितगृह ग्यास उत्सर्जन घटाउनुहोस् भनी अपील पनि गर्नुभएको छ।

वैश्विक तापक्रम वृद्धिमा मानवीय क्रियाकलापबाट भएको उत्सर्जन जिम्मेवार : जलवायु प्रतिवेदनअनुसार हाल विश्वव्यापी तापक्रम (जमिन र समुद्रसमेत) मा १.१ डिग्री सेल्सियस बढोत्तरी देखिन्छ। यो तापमान वृद्धि सन् १८५०-१९०० को अवधिको भन्दा १.१ डिग्री सेल्सियसले बढी हो। विगत लाखौँ वर्षअघिदेखि नै पृथ्वीको तापमान प्राकृतिक कारणले घटबढ भई सन्तुलनमै रहेको हो। तर, अहिलेको दशकमा बढेको तापक्रमको मूल कारण 'एन्थ्रोपोजिनिक एक्टिभिटी' नै हो अर्थात् मानव सिर्जित ग्रिन हाउस ग्यासको उत्सर्जन बढी हुनाले यस्तो भएको हो भनी औँल्याइएको छ। प्राकृतिक सन्तुलनबाट कायम भएको ग्रिन हाउस ग्यासले पृथ्वीको रेडिएसन, कुलिङ क्षमता एवं तापमानको सही नियन्त्रण राख्छ भने मानव सिर्जित ग्यास भने डरलाग्दो भएको छ। ग्रिन हाउस ग्यासको वायुमण्डलीय स्टक हालसम्म करिब २२०० गिगाटनआसपास रहेको देखिन्छ। अहिले वायुमण्डलीय कार्बनको मात्रा ४१० पिपिएम रहेको छ, यो ऐतिहासिक रूपले नै हालसम्मकै सबैभन्दा माथिल्लो अवस्था हो। यतिखेर विशुद्ध मानवीय उत्सर्जनका कारण ५९ गिगाटन कार्बनडाइ अक्साइड ग्यास थुप्रिन गएको डरलाग्दो अवस्था देखिएको छ। यो कार्बन उत्सर्जन अनुपात विगत बीस लाख वर्षयताको सबैभन्दा उच्च पनि हो। कार्बन उत्सर्जन सन् १९९० भन्दा हाल ५४ प्रतिशत बढी देखिएको छ। यसरी नै हाल वायुमण्डलमा मिथेन १८६६ पिपिबी र नाइट्रस अक्साइड ३३२ पिपिबी रहेको छ। यो अवस्था फेरि विगत आठ लाख वर्षयताको उच्च हो। वैज्ञानिकका अनुसार यसरी यति छोटो अवधिमा तीनवटै ग्यासको बढेको उत्सर्जन परिमाण चिन्ताजनक अवस्था हो किनभने ऐतिहासिक रूपले यसरी उत्सर्जन कहिल्यै बढेको थिएन। यसका साथसाथै प्रतिवेदनले उत्सर्जनको खपतमा पनि असमानता बढेको देखाएको छ। प्रतिवेदनले औँल्याएअनुसार धनी देश (विकसित ३६ देश) का बासिन्दाको प्रतिव्यक्ति उत्सर्जन नौ टन प्रतिवर्ष रहेको (जब कि दश वर्षअघि ६ टन थियो) र विकासशील देश (१५२ देश) का मानिसको प्रतिव्यक्ति उत्सर्जन तीन टन प्रतिवर्ष रहेको छ। अझै नेपालजस्ता अल्प विकसित देशमा त १.७० टन प्रतिव्यक्ति/वर्ष उत्सर्जन रहेको छ। यस्तो वृद्धिले ३.३ देखि ३.६ बिलियन मानिस विस्थापनमा पर्ने गरी जलवायु जोखिमको सूचीमा परेको देखिन्छ।

अहिलेका जलवायु नीतिले तापक्रम थप वृद्धि हुने, चुनौती र अनिश्चितता पनि बढ्ने : खासगरी आइपिसिसीअन्तर्गतका १९२ वटै मुलुकले कार्बन उत्सर्जन घटाउन संयुक्त राष्ट्र संघसमक्ष पेस गरेका एनडिसी पोलिसी पेपर (सन् २०५० सम्म नेट जिरो र ३५० पिपिएम वायुमण्डलीय कार्बनको लक्ष्य लिई तयार गरेका राष्ट्रिय प्रभावकारी योगदान नीतिपत्र) नै अहिलेका लागि कार्बन घटाउने मूल नीति रहेको देखिए पनि ती नीति अब प्रभावी हुन सक्ने छाँटकाँट देखिँदैन। सन् २०३० सम्म ४३ प्रतिशत कार्बन उत्सर्जन कम गर्ने गरी यी एनडिसी पेपर संयुक्त राष्ट्र संघमा सम्मिलन गरिएका थिए। तर, अहिलेसम्म सात प्रतिशत मात्रै उत्सर्जन घटेको र हाल कार्बन ४१० पिपिएम भएको अवस्था हेर्दा यो उद्देश्य प्राप्ति सम्भव देखिन्न। पेरिस समझदारीअनुरूप १.५ डिग्रीमुनि तापक्रम स्थिरीकरणको लक्ष्य यी एनडिसीहरूले पूरा गर्न नसक्ने देखिन्छ भने बढीमा दुई डिग्रीमुनि राख्न पनि गाह्रो होला भनिएको छ। यदि तापक्रमलाई १.५-२ डिग्रीको स्थिरीकरण सम्भव भएन भने 'क्लाइमेट टाइम बम' पड्किन्छ र यसले मानव तथा अन्य जीवजन्तुमा ठूलै विनाश निम्त्याउँछ। उक्त समयमा जमिन र समुद्रको तातोपन नघटेका कारण यी दुवै 'इकोसिस्टम' क्षेत्रभित्र 'कार्बन होल्डिङ' क्षमतामा तीव्र दरले ह्रास आउँछ। यसवेला समुद्रको अम्लीयकरण हुने, जमिन चिराचिरा हुने र नदी प्रवाह सुक्खा हुने तथा अन्टार्कटिका, ग्रिनल्यान्ड तथा अन्य हिमच्यादर तीव्र दरले पग्लिन्छ। हाल प्रतिवर्ष २२ मिमिका दरले उचाइ बढेको समुद्र सतह त्यसउप्रान्त १०० मिमिका दरले बढ्छ। कोस्टल एरिया पूरै डुबानमा पर्नेछन्। फलस्वरूप ग्लोबल इकोलोजिकल असन्तुलनको भयावह अवस्था पैदा हुन्छ, जसले गर्दा जैविक विविधता तथा इकोसिस्टम मासिनु, सामाजिक, आर्थिक अवस्था कमजोर हुनु, बसाइँसराइ तीव्र हुनु, प्रजाति लोप हुनु र कृषि एवं खाद्य उत्पादन घट्नुजस्ता कुप्रभाव बढ्नेछ।



'नेट कार्बन' समाप्ति हुने डर : जलवायु वैज्ञानिकका अनुसार कार्बन उत्सर्जन र कार्बन अवशोषणको शेष बजेट सन्तुलन हामीसँग अहिले ५०० गिगाटनसम्म भएको अनुमान छ। यो पनि सन् २०२०-३० को दशकमा यदि कार्बन उत्सर्जन २०१९ कै तहमा भए मात्र प्राप्ति हुने शेष कार्बन मात्रा हो। तैपनि, कतिपय पर्यावरणविद यो १५० गिगाटन मात्रै छ पनि भन्ने गर्छन्। जे होस् हामीलाई प्राप्त शेष कार्बनको परिधि अति नै कम छ। यो नेट कार्बन लिमिटभन्दा बढी उत्सर्जन हुनासाथ १.५ डिग्री तापमान स्थिरीकरणको लक्ष्य विफल हुन्छ।

> दाउरा, कोइला, ग्यास, डिजेलजस्ता जैविक ऊर्जा विस्थापन हुने समयसीमा नजिकै आइसकेको हुँदा हामीले उद्योग, यातायात र उत्पादन क्षेत्रमा स्वच्छ ऊर्जा रूपान्तरणको कार्ययोजना लागू गर्न तयारी गरेर बस्नुपर्छ

विश्वव्यापी हरितगृह उत्सर्जन कटौती : आइपिसिसीका अनुसार अहिले फोसिल ऊर्जा (कोइला, तेल, दाउरा) को जलन नै कार्बन उत्सर्जनको मूल स्रोत बनेको छ। वैश्विक कार्बन उत्सर्जन अनुपात हेर्दा क्रमशः चीनले २२, अमेरिकाले १७, युरोपले १३, रसियाले १३ र भारतले सात प्रतिशत (अन्य विकसित मुलुक जापान, कोरिया आदिको पनि उल्लेख्य रहेको) का हिसाबले उत्सर्जन गरेको देखिन्छ। यसरी धनी मुलुक नै बढी उत्सर्जनकर्ता देखिँदा तत्काल ती मुलुक नेट जिरोमा जानुपर्छ र उल्लेख्य उत्सर्जन कटौती गर्नैपर्छ। यी मुलुकले तुरुन्तै हरित इनर्जी ट्रान्जिसन गरी उद्योग, यातायात तथा कृषि क्षेत्रबाट उल्लेख्य रूपले कार्बन घटाउनैपर्छ भने अन्य अफसेट उपाय अवलम्बन गरी वा जैविक प्रविधि अपनाई वनजंगल वृद्धि गरेर अवशोषण दर उकास्नैपर्छ। यी मुलुकले सन् २०३० भित्र ४३ प्रतिशतले उत्सर्जन कमी ल्याउन सक्नुपर्छ। यति गर्दा पनि उत्सर्जन घटेन भने यी मुलुक सन् २०५० भित्रै नेट जिरोमा पुग्न सिडिआरको विकल्पमा जानुपर्छ। सिडिआर (कार्बनडाइअक्साइड रिडक्सन बाई मेकानिकल टेक्नोलोजी) प्रविधि निकै खर्चिलो हुने हुँदा अर्थ व्यवस्थाले धान्न कठिन हुन्छ।

न्यून कार्बन अर्थ-व्यवस्थामा सिफ्ट गर्ने : बढी कार्बन उत्सर्जन गर्ने विकसित मुलुक अब न्यून कार्बन उत्सर्जनको अर्थ प्रणालीमा सिफ्ट हुनुपर्छ। बढी ऊर्जा खपत हुने अर्थ व्यवस्थाको दोस्रो क्षेत्र (उद्योग र म्यानुफ्याक्चरिङ क्षेत्र) सहित सेवा क्षेत्रको यातायातलाई रूपान्तरण गर्नुपर्छ। ग्रिन इनर्जी प्रयोग गर्ने गरी यी क्षेत्रमा कोइला, पेट्रोल गेसोलिन खपत पूर्णतः विस्थापन नै गर्नुपर्छ। अर्थ व्यवस्थालाई ग्रिन इनर्जीमा आधारित भई रूपान्तरण गर्दा विद्युतीय, वायु वा अन्य नवीकरणीय ऊर्जामा जानुपर्छ। यातायातमा लिथियम वा हाइड्रोजन ब्याट्रीको बढावा गर्ने र वनजंगल रोपण तथा संरक्षणलाई व्यापक रूपमा अगाडि लैजानुपर्छ।

बृहत् मिटिगेसन र एडप्टेसन योजना : जलवायु परिवर्तनसँग जुध्न सानो र क्षेत्रगत रूपमा होइन, बृहत् रूपका न्यूनीकरण र अनुकूलन योजना तयार गर्नुपर्छ। सन् २०५० सम्म कार्बन घटाउने उपाय अपनाउँदा प्रतिटन एक सय डलर पर्ने न्यूनीकरण खर्च त्यसपछि दोब्बर पर्छ।

उच्च राजनीतिक प्रतिबद्धता र आर्थिक योजना आवश्यक : १.५ डिग्रीको तापमान स्थिरीकरणका लागि सन् २०५० भित्रै नेट जिरो लक्ष्य प्राप्ति गर्न सबै मुलुकले माथिका क्षेत्रमा तत्कालै काम गर्न थाल्नुपर्छ। तत्काल जीवाश्म इन्धन कटौती गर्नैपर्छ। यसका लागि उपल्लो तहको राजनीतिक प्रतिबद्धता जरुरी हुन्छ। विकसित मुलुकमा जलवायु व्यवस्थापनका लागि प्रशस्त पुँजी छ, तर सो पुँजी विकासशील मुलुकमा दान-दातव्य गरी पब्लिक फन्डका रूपमा जान प्रतिवेदनले सुझाएको छ। अहिले विकासशील मुलुकलाई आवश्यक प्रविधि हस्तान्तरण तथा आर्थिक भरथेग गर्न र नयाँ क्षमता निर्माण गर्न आवश्यक वित्तीय राशीको अभाव भएको छ। तसर्थ अविलम्ब धनी मुलुकले वित्तीय सहायता बढाउनुपर्छ। खासगरी विकासशील मुलुकका लागि दिने भनिएको वार्षिक सय बिलियन डलरको 'लस एन्ड ड्यामेज' सहायता कोषमा विकसित देशले रकम जम्मा गर्नैपर्ने देखिन्छ। यससँगसँगै वैश्विक भुक्तानी प्रणाली र मौद्रिक नीतिको संस्करण आवश्यक छ भनिएको छ। यसका लागि ग्रिन बन्ड र क्लाइमेट इन्सुरेन्सजस्ता नयाँ आर्थिक नीति समेटनुपर्ने हुन्छ।

छैटौँ जलवायु प्रतिवेदन, २०२३ मा सुझाइएका बुँदा तथा 'एनडिसी पोलिसी पेपर'समेत स्मरण गरी आउँदै गरेको जलवायु विपत्तिसँग जुध्न सक्षम हुने गरी नेपाल र यस्तै अन्य अल्पविकसित देशले समेत भविष्यमा आइपर्ने चुनौती र विशेषगरी अर्थ र खाद्य प्रणालीमा उत्पन्न हुन सक्ने बोझिलो र नकारात्मक प्रभाव (क्लाइमेट सक) को पूर्वआकलन गरी सोको प्रभावकारी 'योजना तर्जुमातिर जानुपर्ने हुन्छ। खासगरी दाउरा, कोइला, ग्यास, डिजेलजस्ता जैविक ऊर्जा विस्थापन हुने समयसीमा नजिकै आइसकेको (सन् २०३० पछि फेज आउट हुने) हुँदा हामीले उद्योग, यातायात र उत्पादन क्षेत्रमा स्वच्छ ऊर्जा रूपान्तरणको कार्ययोजना लागू गर्न तयारी गरेर बस्नुपर्छ। हरित पूर्वाधारको विकाससँगसँगै वनजंगल, इकोसिस्टम तथा निकुञ्ज क्षेत्रको संरक्षण, जैविक कृषि पद्धति अवलम्बन एवं खाद्य सुरक्षा हुने गरी न्यूनीकरण तथा अनुकूलन कार्यहरूको समेत 'स्केल अप'सहित भूपरिधि स्तरमा नै प्रभावकारी हुन सक्ने बृहत् जलवायु व्यवस्थापन योजना निर्माणतिर तीव्र रूपले कार्य प्रारम्भ गर्नुपर्छ।

(घिमिरे वन तथा भूसंरक्षण विभागमा कार्यरत छन्)

---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा **हिराबहादुर महर्जन**लाई



हाम्रा विश्वविद्यालयहरूमा विद्यार्थी संख्या किन घट्दै गइरहेको होला ?

विश्वविद्यालय प्रवेश गर्न योग्यमध्ये झन्डै एक लाखजति विद्यार्थी प्रतिवर्ष अध्ययन तथा अन्य कारणले बाहिरिएपछि यहाँका विश्वविद्यालयमा विद्यार्थी संख्या घट्नु स्वाभाविकै हो। निजी क्याम्पसहरू पनि बढ्दै गएका छन्। त्यतातिर पनि विद्यार्थीको आकर्षण बढिरहेको छ। अर्कातिर हाम्रा विश्वविद्यालयबाट समयमै परीक्षा लिने र नतिजा प्रकाशित गर्ने कार्यमा ढिलाइ भइरहेको देखिन्छ। विद्यार्थी घटेपछि त उत्तरपुस्तिका पनि कम हुँदा नतिजा पनि छिटो आउनुपर्ने हो। तर, यहाँ वर्ष नै 'लस' हुने अवस्था छ। यसले गर्दा पनि हाम्रा विश्वविद्यालयहरूप्रति विद्यार्थीको आकर्षण घट्दै गएको हुन सक्छ।

हाम्रा विश्वविद्यालयहरू किन यति धेरै अस्तव्यस्त देखाएका होलान् ?

विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप बढिरहेका गुनासा सुनिन्छन्। शिक्षक छनोटदेखि हरेक गतिविधिमा राजनीतिको छाया देखिन्छ। यसका कारण विश्वविद्यालयको नेतृत्वले ढुक्क भई काम गर्न सक्ने अवस्था हुँदैन। आन्तरिक रूपमा शिक्षक, विद्यार्थी, कर्मचारी सबैको राजनीतिले पनि विश्वविद्यालयहरूलाई अस्तव्यस्त बन्न सघाएका हुन् कि ?

विश्वविद्यालयहरूलाई सुधार्ने उपाय के हुन सक्छन् ?

सबैभन्दा पहिले नेतृत्वले विश्वविद्यालयको प्राज्ञिक गतिविधिलाई स्वच्छ र पारदर्शी बनाउन भूमिका खेल्नुपर्छ। विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधारमा नेपाल सरकार, विश्वविद्यालयका पदाधिकारी, त्यहाँ कार्यरत शिक्षक, कर्मचारी तथा विद्यार्थी स्वयं विशेष रूपमा सचेत हुनुपर्छ। शैक्षिक क्यालेन्डरलाई कडाइसाथ लागु गर्नुपर्छ।

प्रेरक प्रसंग

डाँकु र बालकको सवाल-जवाफ

एकपटक एउटा लामो लस्कर बगदादतिर गइरहेको थियो। बाटामा डाँकाको समूहले लुटपाट सुरु गऱ्यो। लुटिने सो लस्करमा नौ वर्षको एउटा बालक एकातिर बसेर चुपचाप यो लुटपाट हेरिरहेको थियो।

एउटा डाँकाले सो बालकलाई देखिहाल्यो। उसले बालकसँग सोध्यो, 'ओइ फुच्चे, तँसँग पनि केही छ कि ?' 'मसँग ४० असर्फी छन्।' बालकले निडर भई जवाफ दियो। बालकको जवाफ सुनेर त्यो डाँकु मरीमरी हाँस्यो र सोध्यो, 'के भनेको, तँसित ४० असर्फी छन् रे ?' बालकले ढुक्कसाथ जवाफ दियो, 'हो मसँग ४० असर्फी छन्।' डाँकुले बालकको हात समाएर सरदारकहाँ लिएर गयो र भन्यो, 'सरदार, यो बालक आफूसँग ४० असर्फी छन् भनेर दाबी गर्दै छ।' उसको कुरा सुनेर सरदारले बालकलाई सोध्यो, 'तेरा असर्फी कहाँ छन् त ?' बालकले आफ्नो झोला खोल्यो र त्यो च्यातेर असर्फी अगाडि राखिदियो। त्यो देख्दा डाँकुहरू छक्क परे। सरदारले सोध्यो, 'ए फुच्चे, असर्फी यसरी राख्ने उपाय तँलाई कसले सिकायो ?' बालकले नडराई जवाफ दियो, 'मेरी आमाले यो झोला सिलाइदिनुभएको थियो। अरूले थाहा नपाऊन् भनेर उहाँले यो असर्फी यसरी राखिदिनुभएको हो।'

सरदारले अचम्म मान्दै सोध्यो, 'तैंले यो असर्फीको बारेमा हामीलाई किन बताएको त ? हामीले यो लिन्छौं भन्ने तँलाई डर लागेन ?' बालकले जवाफ दियो, 'म झुट कसरी बोल्न सक्थें ? म हिँड्ने वेलामा आमाले भन्नुभएको थियो, 'बाबु, कहिल्यै झुटो नबोल्नू। झुटो बोल्नु पाप हो।'

डाँकुको मनमा बालकको यस भनाइको असर पऱ्यो। उसले आफ्ना सबै साथीलाई भन्यो, 'यो सानो बच्चाले आफ्नी आमालाई यति धेरै मान्छ कि यस्तो संकटमा पनि उसले झुटो बोलेन। हामी भने यति ठूलो भएर पनि कहिल्यै सत्मार्गमा हिँडेनौं र लुटपाट गरिरह्यौं।

अब हामीले पनि यो लुटपाटको कर्म छाडेर सत्मार्गमा हिँड्नुपर्छ।' डाँकुहरूले त्यसै वेला अब कहिल्यै लुटपाट नगर्ने निर्णय गरे। उनीहरूले लुटेको सामान पनि फिर्ता गरिदिए। लस्करमा सामेल अरूहरू पनि आफ्नो सामान पाएर बडो प्रसन्न भए। उनीहरू पनि बालकको आदर गर्न थाले। यी बालकको नाम अब्दुल कादिर थियो। ठूला भएपछि यी बालक महान् सन्तका रूपमा प्रसिद्ध भए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

त्रिविको दयनीय हविगत

देशकै ठूलो र पुरानो त्रिभुवन विश्वविद्यालयमा यतिखेर विद्यार्थीको आकर्षण निकै घटेको देखिँदै छ। यस्तो हुनुमा त्रिविको अव्यवस्था जिम्मेवार छ। त्रिविको नेतृत्वमा प्राज्ञिकभन्दा पनि राजनीतिक व्यक्तिलाई पुऱ्याउने गरिएको छ। त्रिविको नेतृत्वमा पुग्न कम्तीमा पनि एउटा न एउटा नेताको दौराको फेर नसमाती सुखै छैन। अनि, त्यसरी नेतृत्वमा पुगेको राजनीतिक दलको कार्यकर्ता या नेताका अरौटेभरौटेले कसरी त्रिविलाई पुनर्जीवन दिन सकून् त ? त्रिविमा कर्मचारी तथा प्राध्यापकले खाने तलबचाहिँ समयमै खान्छन्, तर काम भने कुनै पनि समयमै हुँदैन। न कक्षा समयमा सञ्चालन हुन्छ, न त परीक्षा नै समयमै सञ्चालन हुन्छ। परीक्षाफल प्रकाशित हुन पनि झन्डै वर्ष दिन लाग्छ। यस्तो दयनीय हविगत किन ?

● **सुमन खाती**, अनामनगर, काठमाडौं

सुर्तीजन्य पदार्थमा कर बढाऊ

विश्वभर सुर्तीजन्य पदार्थको मूल्य निकै चर्को हुने गरेको छ। यसका लागि विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले नै सुर्तीजन्य वस्तुमा ७५ प्रतिशत कर लगाउन पाइने व्यवस्था गरेको छ। तर, नेपालमा भने यस्ता वस्तुमा जम्मा ४१ प्रतिशत मात्र कर लगाइँदै आएको छ। यसबाट सरकार जनस्वास्थ्यप्रति जिम्मेवार छ कि सुर्तीजन्य वस्तुका हितप्रति भन्ने प्रश्न उठिरहेको छ। यसको जवाफ सरकारले नै दिनु जरुरी छ।

● **भोजराज विक**
त्रिपुरेश्वर, काठमाडौं

त्रिविसँग छैन शैक्षिक क्यालेन्डर ?

त्रिभुवन विश्वविद्यालयका कुनै पनि गतिविधि समयमै हुने गरेको देखिन्न। त्रिविले विद्यार्थी भर्नासमेत कहिलेदेखि कहिलेसम्म गर्ने भनेर निश्चित गर्न सक्दैन। कक्षा समयमै सुरु र अन्त्य गर्न पनि त्रिविलाई निकै सकस पर्ने गरेको देखिन्छ। उसले परीक्षा त कहिल्यै समयमा लिन सक्दैन। परीक्षापछि नतिजा कुर्दाकुर्दै विद्यार्थी निराश हुने अवस्था छ। महिनौंसम्म नतिजा प्रकाशित हुँदैन। के त्रिविसँग शैक्षिक क्यालेन्डर बनाएर लागू गर्ने सामर्थ्य पनि छैन ?

● **सुवासना सिवाकोटी**
कीर्तिपुर, काठमाडौं

दलहरूको दायित्व के हो ?

अव्यस्थित सुकुम्बासी बस्ती अहिले राजधानीको ठूलो समस्या बनेर देखा परेको छ। राजधानीका खोलाकिनारका सार्वजनिक जग्गा धेरै मात्रामा अतिक्रमित भएका छन्। फलस्वरूप नदी किनारालाई सुन्दर बनाउने, किनाराबाट सडक बनाई सार्वजनिक सवारी आवागमन सहज गर्नेजस्ता महत्त्वपूर्ण योजना विफल भएका छन्। यी योजना सफल पार्न धेरैले अनेकन् प्रयास गरे। संयुक्त राष्ट्रसंघले समेत आयोजना बनाई आर्थिक सहयोग गऱ्यो, युएन पार्कका नाममा। तर, अफसोच, नदीकिनारलाई हराभरा र सुन्दर पार्ने सबै योजना अव्यवस्थित सुकुम्बासी बस्तीका कारण सफल हुन सकेनन्। अहिले पनि हुने छाँट देखिँदैन। कारण सुकुम्बासीका नाउँमा हुकुम्बासी धेरै हुनु, उनीहरूलाई राजनीतिक संरक्षण हुनु, उनीहरू सरकारले दिने अन्य स्थानमा जान नचाहनु र ठूला राजनीतिक दलमा यो समस्या समाधान गर्ने इच्छाशक्तिको कमी हुनु हो।

सरकार र राजनीतिक दलहरूमा इच्छाशक्ति हुने हो भने यो समस्या एक महिनामै हल हुन सक्छ। र, नदीकिनारका जग्गा सुन्दर बगैंचा र फराकिला सडकमा रूपान्तरण हुन सक्छन्। जसबाट राजधानीको ट्राफिक जाम केही मात्रामा कम हुन सक्छ। यी काम भए भने राजधानीको मुहार पनि फेरिन्छ। तर दुर्भाग्य, हाम्रो मतले चुनाव जितेर सरकारमा गएका दल र तिनका नेताहरू यो योजना सफल पार्न अवरोध बनिरहेका छन्। आखिर किन ? के महानगरलाई व्यवस्थित बनाउनु उनीहरूको चाहिँ दायित्व होइन ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

यसकारण अमेरिकाले टिकटकमा प्रतिबन्ध लगाउनुहुँदैन

टिकटकमा प्रतिबन्ध लगाउने हो भने किताब वा पर्चा बाँड्ने चिनियाँ मिडियालाई पनि प्रतिबन्ध लगाउनुपर्ने हुन्छ



देश/विदेश

● फरिद जकारिया

डुई सानी छोरीको बुबाका नाताले टिकटकमा प्रतिबन्ध लाग्दा म निकै खुसी हुनेछु। डरलाग्दो गरी कुलतमा फसाउने यो एपका १५ करोड अमेरिकी प्रयोगकर्ता छन्। यो एपलाई अमेरिकाका तीनमध्ये दुई किशोर-किशोरीले प्रयोग गर्छन्। तर, जब म प्रतिबन्धलाई घोत्लिएर हेर्छु, तब चिन्तित हुन्छु। र, जब टिकटकलाई अमेरिकी सरकारले प्रतिबन्ध लगाउने अधिकार दिने विधेयक ल्यायो, म भयभीत भएको छु। वास्तवमा यो अर्वेलियन (अत्यधिक नियमनकारी) विधेयकले सबै अमेरिकीलाई सशंकित बनाउनुपर्ने हो। टिकटकमा प्रतिबन्ध लगाउनुका पछाडिको तर्क प्रस्ट छ। यो एप चिनियाँ कम्पनीको स्वामित्वमा छ र एप चिनियाँ सरकारको निर्देशन मान्न बाध्य हुनेछ। उसो त चिनियाँ सरकारले एपलाई आफ्नो निर्देशन मान्न बाध्य पारेको भन्ने कुनै प्रमाण छैन, तथापि यो चासो स्वाभाविक हो।

टिकटकले कस्तो क्षति पुऱ्याउन सक्ला त ? पहिलो त यसले प्रयोगकर्ताको सूचना संकलन गरेर त्यसलाई बेइजिङ पठाउन सक्छ। तर, बेइजिङले सूचना नै चाहेको हो भने अन्य कैयौं उपायबाट पनि सूचना पाउन सक्छ। प्रायः सबै एपले कुनै न कुनै किसिमको व्यक्तिगत सूचना संकलन गर्छन् र यी सूचनाको अनधिकृत पहुँच (ह्याक) बाट सूचना तेस्रो पक्षको हात लागि नै हाल्छ। सूचनाको अनधिकृत चुहावट र दुरुपयोग रोक्न हामीसँग टिकटक प्रतिबन्धभन्दा धेरै उपयुक्त उपाय छन्। हामीलाई विस्तृत सूचना गोपनीयता कानुनको आवश्यकता छ, जसले सबै अमेरिकीको सूचनाको रक्षा गरोस् र जनतालाई एप कम्पनीलाई व्यक्तिगत सूचनाको प्रयोग, दुरुपयोग र बिक्री गर्न बन्द गराउने अख्तियारी देओस्।

दुर्भाग्य, ठूला प्रविधि कम्पनीलाई नियमन गर्ने कानुन बनाउनुभन्दा चीनतर्फ औँला तेर्स्याउनु सजिलो छ।

मैले संवाद गरेका अधिकांश प्रविधिविज्ञले सबै सूचनालाई अमेरिकामै भण्डारण गर्ने र नियमन गर्ने व्यवस्था गर्दा सूचनाको चुवाहट रोकिने बताएका छन्। टिकटकले पनि यो व्यवस्थालाई सहजै स्विकार्ने प्रतिबद्धता जनाइसकेको छ। गुगल र अन्य अमेरिकी एपले युरोपमा यस्तै प्रकृतिका नियम मान्ने व्यवस्था गरेका छन्। अथवा योभन्दा पनि उपयुक्त व्यवस्था लागू गर्न सकिन्छ।

**टिकटकले आफ्नो मञ्चबाट अमेरिकाविरोधी सूचना फैलाउने र एप चिनियाँ प्रोपगन्डा फैलाउने साधन बन्ने भ्रम अमेरिकीमाझ व्याप्त टिकटकसम्बन्धी अर्को भय हो। त्यसो हो भने चिनियाँ मिडिया कम्पनीले चलाउने केबल समाचार च्यानलमा अमेरिकाविरोधी समाचार आउने गर्छन्, त्यो अवस्थालाई कसरी लिने त ? चिनियाँ समाचार च्यानल अमेरिकामा वैधानिक हो भन्ने हामी सबैलाई थाहा छ। अमेरिकाले चीनको सिसिटिभी वा कतारको अलजजिरा च्यानलमा प्रतिबन्ध लगाएको छैन। यदि हामीले टिकटकमा प्रतिबन्ध लगायौं भने हामीले किताब वा पर्चा बाँड्ने चिनियाँ मिडियालाई पनि प्रतिबन्ध लगाउनुपर्ने हुन्छ। के हामी चिनियाँ भिडियो गेम कम्पनीलाई पनि प्रतिबन्ध लगाउँछौं ? एक खुला समाजको न्यूनतम आधार भनेकै मानिसले जुन सूचना आफूलाई जताबाट लिन मन लाग्छ, त्यसलाई ग्रहण गर्ने छुट हुनुपर्छ र हामी हाम्रा छनोटमा बलिया छौं।

यदि विधेयक पारित भएमा 'चीनजस्ता विदेशी प्रतिद्वन्द्वीको स्वार्थ रहने कम्पनी अथवा चीनजस्ता विदेशी प्रतिद्वन्द्वी मुलुकमा कुनै न कुनै किसिमले सञ्चालन हुने कम्पनी'मा समेत प्रतिबन्ध लगाउन मिल्ने



तस्बिर : ज्याकक्विलिन मार्टिन/एपी

बाटो खुल्नेछ भन्दै निष्पक्ष सिनेटरको एक समूहले चिन्ता व्यक्त गरेको छ। यदि विधेयक पारित भएमा र कुनै प्रविधि वा सूचनासँग सम्बन्धित कम्पनीले 'अमेरिकी राष्ट्रिय सुरक्षा वा अमेरिकी जनताको सुरक्षामा अनुचित वा अस्वीकार्य जोखिम गराउँछ' भन्ने अमेरिकी सरकारलाई लागेमा दण्डित गर्ने सामर्थ्य राख्नेछ अर्थात् व्यवहारतः अमेरिकी सरकारले निरंकुश शक्ति हासिल गर्नेछ। हामी यस्तो समयमा बाँचिरहेका छौं, जहाँ अमेरिकाका राज्य सरकार सयौं संख्यामा पुस्तकमा प्रतिबन्ध लगाइरहेका छन्, जहाँ अभिव्यक्तिलाई हतियारका रूपमा हेरिएको छ र नेता खुल्लमखुला तथाकथित घातक विचारमा प्रतिबन्ध लगाउने भन्दै भाषणबाजी गरिरहेका छन्। हालै फक्स न्युजका प्रस्तोता लौरा इनग्राहमले टिकटकविरुद्ध विषवमन गरेकी थिइन्। तर, उनले विषवमन गरिरहँदा फक्सको पूर्व-मूल कम्पनी न्युज कर्पलाई अन्य विदेशी स्वामित्वको मिडियामा लाग्ने नियमनमा छुट दिइएको थियो। न्युज कर्पका संस्थापक रुपर्ट मुर्डोकले अमेरिकी जनताले जुनसुकै मुलुकबाट आएको भए पनि सूचनामा बेरोकटोक पहुँच पाउनुपर्ने भन्दै विदेशी मिडियामाथिको नियमन नै आवश्यक नरहेको बताएका थिए।

म बाइडेन प्रशासनले चीनसँग गरिरहेको प्रतिस्पर्धाका कैयौं प्रयासलाई समर्थन गर्छु। म बाइडेन प्रशासनले मुलुकमै लगानी गर्ने र उत्पादन गर्ने नीति, गठबन्धन निर्माण गर्ने काम, चीनलाई उच्च प्रविधिको पहुँचमा पुग्न नदिनका लागि ल्याइएको सैन्य अवरोधको समर्थन गर्छु। तर, यति भन्दै गर्दै अमेरिकाको दशकौंदेखिको सफलता र गतिशीलताको श्रेय यहाँको खुलापन, नवप्रवर्तन तथा विचार, उत्पादन र सेवाको प्रतिस्पर्धालाई नै जान्छ। यही कारण हाम्रो प्रविधि बन्द समाजबाट आउने प्रविधिभन्दा उन्नत छ। हामीले एक चिनियाँ एपलाई लिएर आफ्नो आत्मविश्वास गुमाउनुहुँदैन।

चीन पनि आर्थिक रूपमा खुला भएका कारण हामीजस्तै ह

वैशाख १५ मा प्रसाद- २

उच्च अदालत पाटनको अल्पकालीन अन्तरिम आदेशका कारण रोकिएको फिल्म 'प्रसाद- २' वैशाख १५ गतेका लागि नयाँ प्रदर्शन मिति तय भएको छ। सुदर्शन थापाले निर्देशन गरेको फिल्ममा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा, महेश त्रिपाठीलगायतका कलाकारको मुख्य भूमिका छ।

रोकियो 'नाइँ नभन्नु ल ६' को प्रदर्शन

फिल्म 'नाइँ नभन्नु ल ६' वैशाख १ मा प्रदर्शन नहुने भएको छ। फिल्मविरुद्ध चलचित्र विकास बोर्डमा परेको मुद्दाका कारण बोर्डले सेन्सर प्रक्रिया अगाडि नबढाएपछि रोकिएको निर्माण टिमले जनाएको छ। फिल्ममा आशीर्वाद क्षेत्री, आँचल शर्मा, केकी अधिकारी, प्रियंका कार्की, निखिल उप्रेतीलगायतको अभिनय छ।

केराटिन हेयर ट्रिटमेन्टका फाइदा



कपाल सुन्दर, स्वस्थ र स्टाइलिस बनाउने सबैको इच्छा हुन्छ। त्यसैले पछिल्लो समय केराटिन हेयर ट्रिटमेन्ट लोकप्रिय बन्दै गएको छ। कपाल सुक्खा हुने, झर्ने, टुक्रिने समस्याबाट मुक्ति पाउन अधिकांशले यस्तो हेयर ट्रिटमेन्ट गर्छन्। बाहिरी प्रदूषण, धुवाँ, धुलो आदिका कारण कपालमा समस्या देखिने गरेको छ।



विनय अधिकारी
हेयर डिजाइनर
निल डेभिड

कसरी गर्ने ?

सुरुमा स्याम्पु प्रयोग गरेर कपाललाई सफा गर्नुपर्छ। त्यसपछि कपाललाई सुकाउने र कपाल मुलायम बनाउने क्रिम प्रयोग गरेर झन्डै ३० देखि ४० मिनेटसम्म छाडिदिने। कपाललाई सफा पानीले पखालेर कम तापक्रममा स्ट्रेट गर्ने, त्यसपछि राखेर बिस्तारै आइरन गरिन्छ। सफा पानीले कपाल पखालेर अन्तिममा हेयर स्क्रब लगाउने। त्यसको दुई-तीन दिनपछि फेरि ट्रिटमेन्ट गर्नुपर्छ। जसले गर्दा कपाल लामो समयसम्म सुक्खा हुन पाउँदैन। यो ट्रिटमेन्ट तीनदेखि चार महिनासम्म टिक्ने गर्छ।

फाइदा

सामान्यतया शरीरमा नङ, छाला र रौं निर्माणका लागि केराटिन नामक प्रोटिन आवश्यक हुन्छ। कपालमा विभिन्न रसायनको प्रयोग गर्दा यो नष्ट हुँदै जान्छ र कपालमा समस्या देखिन्छ। त्यसपछि विभिन्न ब्रान्डेड क्रिम प्रयोग गरेर कपाललाई सीधा, बाक्लो र बलियो बनाइन्छ। यो विधिले कपाललाई नेचुरल स्ट्रेट बनाउन सकिने भएकाले अधिकांशको रोजाइमा पर्ने गरेको छ। यसमा फार्मल्डिहाइड, कन्डिसनर तथा केराटिनको प्रयोग गरी कपाल स्ट्रेट, बाक्लो र बलियो बनाइन्छ। फार्मल्डहाइडको उपयोगले कपाल लामो समयसम्म सीधा र नरम हुन्छ। केराटिनले कपाललाई बलियो बनाउनुका साथै अन्य समस्याबाट मुक्त बनाउँछ।

घुर्ने समस्या छ ? यी कुरामा ध्यान दिनुस्

निदाएका वेला सास फेर्ने बाटो जति खुल्नुपर्ने हो, त्यति खुला भएन भने सास लिन अलि गाह्रो हुन्छ। त्यसपछि बल गरेर अक्सिजन तान्दा आउने आवाज नै घुर्ने समस्या हो।





डा. प्रशान्त त्रिपाठी
नाक-कान-घाँटीरोग विशेषज्ञ
त्रिवि शिक्षण अस्पताल

बालबालिकामा घुर्ने समस्या देखिँदा उनीहरूको विकासमा असर पुऱ्याउन सक्छ। उनीहरू राम्रोसँग सुत्न पाएनन् भने दैनिक क्रियाकलापमा असर पर्ने हुन्छ।

■ यसकारण हुन्छ घुर्ने समस्या

मुख्यतः सास फेर्ने नलीमा भित्रपट्टि मासु पलाउँदा वा भित्रको मांसपेशीले काम नगर्दा घुर्ने समस्या हुन्छ। त्यसैगरी, मानिस मोटाउँदै जाँदा घाँटीमा बोसोको मात्रा बढेर सास फेर्ने ठाउँ साँघुरो हुन सक्छ र समस्या देखिन्छ। घुर्ने समस्या बालबालिकामा पनि हुन्छ। नाकको पछाडि भागमा हुने मासु बढ्यो भने बालबालिकामा घुर्ने समस्या देखिन सक्छ। त्यसैगरी, वयस्कमा मोटोपनाका कारण यो समस्या हुन सक्छ। घुर्ने समस्याका कारण धेरै छन्। नाकको हड्डी बांगो भएमा, नाकको पछाडिको भाग सुन्निएमा, घाँटीमा टन्सिल भएमा, सास फेर्ने नली साँघुरो हुँदा घुर्ने समस्या देखिन्छ।

घुर्नुलाई सामान्य मानिने गरिन्छ। तर, पछिल्लो समय मेडिकल साइन्समा घुर्नुले धेरै असर गर्छ भनेर देखाएको छ। बालबालिकामा घुर्ने समस्या देखिँदा उनीहरूको विकासमा असर पुऱ्याउन सक्छ।

उनीहरू राम्रोसँग सुत्न पाएनन् भने दैनिक क्रियाकलापमा असर पर्ने हुन्छ। झर्को मान्ने, शारीरिक तथा मानसिक विकासमा समस्या देखिने, खानपिन र व्यवहारमा परिवर्तन आउने हुन्छ। लामो समयसम्म यो समस्या रह्यो भने यसले बालबालिकाको फोक्सो र मुटुमा समेत असर पुग्न सक्छ।

त्यसैगरी, वयस्क मानिसमा पनि घुर्ने समस्या निरन्तर भइरहेमा अक्सिजनको कमीले फोक्सोमा असर गर्ने, मुटुमा असर पुग्ने र सँगसँगै यसको असर दिमाग र पूरै जीवनमा नै पर्न सक्छ। काम गर्ने मानिस राम्रोसँग निद्रा नपुग्दा काम गरेको वेलामा निदाउने हुन्छन्। स-साना कुरामा झर्को लाग्ने, ब्लड प्रेसरको समस्या आउने सम्भावना हुन्छ। कहिलेकाहीं निद्रामा घुर्नु सामान्य नै हो। तर, नियमित घुर्ने बानी पऱ्यो भने चेकजाँच गराउनुपर्छ।

लक्षण

घुर्नु नै यसको लक्षण हो। तर, यससँग सम्बन्धित लक्षण अरू पनि छन्। कहिलेकाहीं घुर्दाघुर्दै सास रोकिने र एकछिनपछि आत्तिएर उठ्ने हुन्छ। यो साना तथा ठूला व्यक्ति दुवैमा हुन्छ। त्यसैगरी, बिहान उठ्दा मुड फ्रेस नहुने, जता बस्यो त्यहीं निदाउने, काम गर्न मन नलाग्ने वा बिग्रँदै जाने, प्रेसर बढ्ने, सास फेर्न गाह्रो हुनेलगायतका लक्षण देखिन सक्छन्।

के गर्ने ?


नियमित घुर्ने समस्या छ भने चिकित्सकको सल्लाहमा उपचार थाल्नुपर्छ। यो रोग लागेकाहरूलाई इन्डोस्कोपी गरेर छाती तथा मुटुको जाँच गर्ने गरिन्छ। त्यसैगरी, सुतेको वेलामा कस्तो समस्या आउँछ भनेर अस्पतालमा मेसिन लगाएर रातभर प्रविधिमार्फत जाँच पनि गरिन्छ। सामान्य वा जटिल कस्तो अवस्थाको समस्या छ भनेर पत्ता लगाइन्छ। त्यसअनुसार उपचार गरिन्छ। यो समस्या भएकाले नियमित व्यायाम गर्ने, चिया, कफीबाट टाढा रहने गर्नुपर्छ।

से-फोक्सुन्डो जानुअघि यस्ता योजना बनाउनुस्





कान्छी डोल्मा ह्योल्मो
पथप्रदर्शक तथा सगरमाथा आरोही
ट्रिप हिमालय ट्रेक्स एन्ड एक्सपिडिसन



कान्जिरोवा हिमालको काखैमा रहेको डोल्पाका लागि प्रकृतिको अलौकिक उपहार हो से-फोक्सुन्डो ताल। यस तालसम्मको यात्रा विभिन्न जैविक विविधताका साथै र फोक्सुन्डो खोलाको मनमोहक विशाल झरनाको अवलोकन गर्दै गर्न सकिन्छ।

कसरी पुग्ने ?

- **पहिलो दिन** : काठमाडौंबाट नेपालगन्जसम्म मोटरमार्ग र हवाईमार्गबाट गर्न सकिन्छ।
- **दोस्रो दिन** : **नेपालगन्जबाट कागनीसम्म** : नेपालगन्जबाट लगभग ४० मिनेटको उडानपछि जुफाल पुगिन्छ र जुफालबाट ५-६ घन्टा पैदल यात्रा गरी सुलिगाड से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको चेकपोस्ट हुँदै कागनी गाउँ पुग्न सकिन्छ।
- **तेस्रो दिन** : **कागनीबाट झरनासम्म** (६-७ घन्टा पैदल यात्रा) : विभिन्न ठूला-ठूला रूखले भरिएको घना जंगलको बाटो र खोलाको तीरैतीर बिस्तारै उकालो लाग्दै सांगता, छेप्का, रेंची तापरिचा स्कुल हुँदै झरना पुग्न सकिन्छ।
- **चौथो दिन** : **झरनादेखि से-फोक्सुन्डो ताल (रिङमो गाउँ तीन-चार घन्टा पैदल यात्रा)** : झरनाबाट से-फोक्सुन्डो तालसम्मको यात्रा विभिन्न जैविक विविधताका साथ र से-फोक्सुन्डो खोलासँगै र मनमोहक विशाल झरनाको अवलोकन गर्दै ठाडो उकालो लाग्दै रिङमो गाउँ (से-फोक्सुन्डो ताल) पुगिन्छ। दिउँसोको खानापछि तालको कर्नरमा रहेको बोन्पो गुम्बा अवलोकनका साथ से-फोक्सुन्डो ताल अवलोकन गर्न सकिन्छ।
- **पाँचौं दिन** : फोक्सुन्डो भ्यु पोइन्ट पुगेर रेची फर्कने। बिहानै भ्यु पोइन्ट गई सुन्दर से-फोक्सुन्डो ताल अवलोकन गरिन्छ।
- **छैटौं दिन** : भ्यु पोइन्ट अवलोकनपछि रेची फर्केर बस्न सकिन्छ।
- **सातौं दिन** : **रेचीदेखि जुफालसम्म** (६-७ घन्टा पैदल यात्रा) : भेरी नदीको किनार चट्टानी उकालो-ओरालो बाटो हिँड्दै, सुन्दर परिदृश्यको अवलोकन गर्दै, सांगता, कागनी र सुलीगाडको सोही बाटो हुँदै जुफाल पुग्न सकिन्छ।
- **आठौं दिन** : जुफालबाट नेपालगन्ज हुँदै काठमाडौंसम्म। बिहानै जुफालबाट ४० मिनेटको उडानपछि नेपालगन्ज र दिउँसो एक घन्टाको उडानपछि काठमाडौं फर्किन सकिन्छ।

यस्ता ब्रेकफास्टले बनाउँछ स्वस्थ

शारीरिक र मानसिक रूपमा स्वस्थ रहन सन्तुलित भोजनको आवश्यकता पर्छ। मानिसको शारीरिक अवस्था एउटै हुँदैन, त्यसैले शारीरिक बनावटअनुसार खानुपर्ने हुन्छ। शरीरलाई आवश्यक पर्ने क्यालोरी, प्रोटिन, फ्याट र फाइबरको मात्रा पनि फरक-फरक हुन्छ। बिहानको समयमा हाम्रो शरीरको पाचन प्रणाली बढी सक्रिय हुन्छ। दिन ढल्दै गएपछि कम सक्रिय हुन्छ। त्यसकारण पनि ब्रेकफास्ट वा लन्च हेभी खानुपर्छ।



आस्था कार्की
पोषणविद्
मिताहार डाइट क्लिनिक

उठ्नेबित्तिकै के खाने ?

उठ्नेबित्तिकै एक गिलास मनतातो पानी पिउनुपर्छ। त्यसपछि सीधै ब्रेकफास्ट गर्दा पनि हुन्छ। वा, फलफूल, ओट्स, चिउरा, दूध खाँदा पनि हुन्छ। कतिपयको चिया र बिस्कुट खाने बानी हुन्छ। बिस्कुटले स्वास्थ्यका लागि फाइदा गर्दैन। घरमै बनाएको रोटी र चिया खान सक्नुहुन्छ। सकेसम्म चिनी नखाँदै राम्रो हुन्छ।

ओखर, काजु, पिस्ता, बदाम, किसमिसजस्ता ड्राइफ्रुड खाँदा पनि हुन्छ। यस्ता ड्राइफ्रुडमा प्रोटिनको मात्रा धेरै हुन्छ, जुन शरीरका लागि अत्यावश्यक हुन्छ। सिजनल फलफूल खाँदा झन् राम्रो हुन्छ।



- **ब्रेकफास्ट** : ब्रेकफास्ट गर्दा तीन-चार सय क्यालोरीसम्मको खाना खानुपर्छ। जसले कार्बोहाइड्रेट र प्रोटिनलाई सन्तुलनमा राख्न सकोस्। कार्बोहाइड्रेट मात्रै हुनु भएन। कतिपयको बिहानको समय रोटी र तरकारी खाने बानी हुन्छ। यतिले मात्रै मांसपेशीका लागि आवश्यक पर्ने प्रोटिनको मात्रा पुग्दैन। खाजा वा खानामा प्रोटिन र कार्बोहाइड्रेटको सन्तुलन मिलाउनुपर्छ। जस्तै- दाल, गेडागुडी, दूध, अन्डालगायतको मात्रा मिलाएर खानुपर्छ।

मोटरसाइकल हरायो

मिति २०७९/०५/२० गते राती २:०० बजेदेखि बिहान ५:२१ बजेको समयमा ललितपुर जिल्ला ल.म.न.पा.-९, शंखमुलबाट बा.प्र. ०२-०३१ प २२७९ नम्बरको कालो रंगको 220cc Pulsar मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

सबारी धनी : अमित माझि
च्यासिस नं.:MD2A13EX5MCE90297
इन्जिन नं. : DKXCME11920
सम्पर्क: 9823805641

काठमाडौं महानगरपालिका
यै मद्दानगरपालिका
नगर कार्यपालिकाको सूचना

सम्पत्ति कर/बहाल कर/व्यवसाय कर बुझाउने बारे सार्वजनिक सूचना !

काठमाडौं महानगरपालिका क्षेत्रभित्र घरजग्गा तथा व्यवसाय सञ्चालन गर्ने सम्बन्धित करदाताहरूले महानगरपालिकालाई तिर्न/बुझाउन बाँकी बक्यौता सहित सम्पत्ति कर/बहाल कर/व्यवसाय कर सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नु हुन जानकारी साथ अनुरोध गरिन्छ।

राजस्व विभाग

'मेलिनाको डायरी' विमोचित

काठमाडौं/ साहित्यकार हरिसिंह थापाको कथासंग्रह 'मेलिनाको डायरी'को विमोचन गरिएको छ। काठमाडौंमा आयोजित एक कार्यक्रममा भाषा आयोगका अध्यक्ष तथा वरिष्ठ भाषाविद् डा. गोपाल ठाकुरले कथासंग्रह विमोचन गरेका हुन्।

थापाको यो ११औं कृति हो। नेपाली साहित्य विकास परिषद् युकेको नेपाल च्याप्टरकी सचिव डा. रेणुका थापाले कृतिको चर्चा गर्दै थापाको कथासंग्रह महिला मनोभावनालाई बुझ्नेर सरल रूपमा प्रस्तुत गरिएको बताइन्। पुस्तकमा भूमिका लेख्दै नेपाली साहित्य विकास परिषद् युकेका अध्यक्ष कोमलप्रसाद श्रेष्ठ मल्लले कथासंग्रहमा प्रेम, प्रणयदेखि प्रवासी पीडासम्म समेटिएको उल्लेख गरेका छन्।

त्यस्तै, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदीले कथाहरूमा समकालीन नेपाली जीवन, नारीका समस्या, बिदेसिन बाध्य नेपालीको आवस्था, जातीय छुवाछुत र उत्पीडन, शोषण, अन्धविश्वास, घरेलु हिंसा र पारिवारिक विखण्डनजस्ता विषय समेटिएको उल्लेख गरे।

कथासंग्रहमा समेटिएका कथामा सामाजिक मूल्य, मान्यता र आदर्शलाई स्थापित गर्नु लेखकीय अभीष्ट रहेको बताएका छन्।



नेपाली साहित्य विकास परिषद् युके, नेपाल च्याप्टरले प्रकाशन गरेको र जम्मा १४ वटा कथा समेटिएको यो संग्रहको नामकरण पहिलो कथाको शीर्षकमा राखिएको छ। कुल एक सय ३४ पेजको यो पुस्तकको मूल्य दुई सय ५० रुपैयाँ तोकिएको छ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

निरहू गडरिया को नाति, बदल गडरिया को छोरा लुम्बिनी प्रदेश बाँके जिल्ला कोहलपुर नगरपालिका वार्ड नं. १४ बोडारपुर बस्ने राम गोपाल गडरिया ले यस शाखामा बचत खाता नं. १९५१५२४१४११८४४ संचालन गर्दै आउनु भएकोमा मिति २०७९-११-२८ मा निज खातावाला राम गोपाल गडरिया को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने दसरजिया गडरिया ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक राम गोपाल गडरिया को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
नेपालगन्ज शाखा, बाँके
फोन नम्बर : ०८१-४१५१२५, १२६

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

चन्द्रबिर थापाको नाति, सर्वीजत थापा को छोरा लुम्बिनी प्रदेश बाँके जिल्ला खजुरा गाउपलिका वडा नं. ०१ स्थायी ठेगाना भई हाल नेपालगंज १७ आदर्शनगर बस्ने जय बहादुर थापा ले यस शाखामा बचत खाता नं. १९५१५२४०३००६८५ संचालन गर्दै आउनु भएकोमा मिति २०७१-०७-२६ मा निज खातावाला जय बहादुर थापा को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने खगिसरा थापा ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक जय बहादुर थापा को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
नेपालगन्ज शाखा, बाँके
फोन नम्बर : ०८१-४१५१२५, १२६

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २९ चैत ०७९

बाह्य क्षेत्र सहज, आन्तरिक अर्थतन्त्र दबाबमै

बाह्य क्षेत्रमा सुधार गर्दा आन्तरिक अर्थतन्त्रमा दबाब परेको हो, लयमा फर्कन समय लाग्छ : राष्ट्र बैंक

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०७८/७९ को सुरुदेखि नै निकै दबाबमा रहेको अर्थतन्त्रको बाह्य क्षेत्र अहिले निकै सहज अवस्थामा आइपुगेको छ। गत साउन-भदौदेखि सुधार देखिन थालेको बाह्य क्षेत्र फागुन मसान्तसम्म आउँदा सहज अवस्थामा आएको छ। तर, आन्तरिक अर्थतन्त्र भने अझै दबाबमै देखिएको छ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विषयक प्रतिवेदनले बाह्य क्षेत्रमा निकै सुधार भएको देखाएको छ। उच्च मात्रामा आयात बढ्ने, शोधनान्तर घाटा हुने, विदेशी मुद्रा सञ्चिति घट्नेलगायतका कारण गत आवदेखि बाह्य क्षेत्र दबाबमा थियो। तर, फागुनसम्म आउँदा बाह्य क्षेत्रका सूचकहरू विदेशी मुद्रा सञ्चिति, शोधनान्तर स्थिति, विप्रेषण आम्दानीलगायतमा उल्लेखनीय प्रगति देखिएको छ।

गत आवको फागुन मसान्तसम्म कुल विदेशी मुद्रा सञ्चिति नौ अर्ब ५८ करोड डलर रहेको थियो। तर, चालू आवको फागुन मसान्तसम्म आउँदा त्यो १० अर्ब ६९ करोड डलर पुगेको छ। त्यसले १०.९ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने प्रतिवेदनमा उल्लेख छ।

यस्तै, फागुनसम्म आउँदा नेपालबाट बाहिरिने र भित्रिने रकमबीचको अन्तर अर्थात् शोधनान्तर स्थिति एक खर्ब ४८ अर्ब ११ करोड रुपैयाँले बचतमा गएको छ। गत वर्ष सोही अवधिमा दुई खर्ब ५८ अर्ब ६४ करोडले घाटामा रहेको शोधनान्तर स्थिति गत असोजदेखि नाफामा छ, जुन पछिल्लो प्रत्येक महिना बढ्दो क्रममा छ।

यस्तै, यो वर्ष रेमिट्यान्स आप्रवाह २५.३ प्रतिशतले बढेर सात खर्ब ९४ अर्ब ३२ करोड रुपैयाँ पुगेको छ। जबकि गत सोही अवधिमा विप्रेषण आप्रवाह १.३ प्रतिशतले घटेर ६ खर्ब ३१ अर्ब १९ करोड रुपैयाँमा सीमित भएको थियो। पछिल्लो चार महिना (मंसिर, पुस, माघ र फागुन)यता मासिक एक खर्ब रुपैयाँभन्दा बढी विप्रेषण आएको छ। फागुनमा मात्रै एक खर्ब चार अर्ब ४४ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ।

यस्तै, समीक्षा अवधिमा भ्रमण आय ९८.६ प्रतिशतले बढेर ३७ अर्ब १२ करोड रुपैयाँ पुगेको छ। समीक्षा अवधिमा आयात र व्यापार घाटाको वृद्धिदर पनि ऋणात्मक रहेको छ। समीक्षा अवधिमा आयात १९.१० प्रतिशतले घटेर १० खर्ब ५८ अर्ब ३९ करोड रुपैयाँमा झरेको छ। व्यापार घाटा भने १७.९० प्रतिशतले घटेर नौ खर्ब ५३ अर्ब ५९ करोड रुपैयाँ कायम भएको छ।

■ निर्यात खस्कियो, मूल्यवृद्धि उच्च

बाह्य क्षेत्रका सूचक हेर्दा अर्थतन्त्रको बाह्य क्षेत्र निकै सहज अवस्थामा आइसकेको देखिएको छ। तर, आन्तरिक अर्थतन्त्र भने अझै दबाबमा रहेको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले बताए। फलस्वरूप अर्थतन्त्र सुधारतर्फ अग्रसर भएको अनुभूतिसमेत नभएको उनको भनाइ छ।

समीक्षा अवधिमा नेपालको निर्यात पनि २९.१० प्रतिशतले घटेर एक खर्ब चार अर्ब ८० करोड रुपैयाँमा सीमित भएको छ, जबकि गत आवको सोही अवधिमा निर्यात ८२.९० प्रतिशतले बढेको थियो। मुद्रास्फीति पनि सरकारको लक्ष्यभन्दा माथि छ। सरकारले चालू आवमा मुद्रास्फीति ७ प्रतिशतभित्र कायम राख्ने लक्ष्य लिएको छ। तर, फागुनमा त्यो ७.४४ प्रतिशत रहेको छ। यद्यपि, पछिल्लो समय मुद्रास्फीति घट्दो क्रममा छ। राष्ट्र बैंकका अनुसार गत माघमा मुद्रास्फीति ७.८८ प्रतिशत थियो। गत कात्तिकसम्म मुद्रास्फीति ८ प्रतिशतभन्दा माथि थियो।



■ यी हुन् बाह्य क्षेत्रलाई सहज देखाउने तथ्यांक

- रेमिट्यान्स : ७९४.३२ अर्ब (२५.३ % को वृद्धि)
- विदेशी मुद्रा सञ्चिति : १०.६९ डलर (१०.९ महिनाको आयात धान्ने)
- शोधनान्तर नाफा : १४८.११ अर्ब
- आयात वृद्धिदर : -१९.१०%
- व्यापार घाटा वृद्धिदर : -१७.९०%
- भ्रमण आय : ३७.१२ अर्ब (९८.६% को वृद्धि)

■ यी हुन् आन्तरिक अर्थतन्त्रलाई दबाबमा देखाउने आधार

- सञ्चिति कोष घाटामा (-१९५.०४ अर्ब)
- घट्दो निर्यात (-२९.१०%)
- महँगी कायमै (७.४४%)
- उच्च ब्याजदर भएको
- निक्षेप संकलनभन्दा न्यून कर्जा प्रवाह
- राजस्व संकलनमा कमी (लक्ष्यको ४६.१८%)
- घरजग्गा व्यवसायीमा आएको मन्दी
- घट्दो सेयर बजार
- बजारको मागमा कमी

■ ब्याजदर उच्च

चालू आवमा बैंकको ब्याजदर उच्च नै छ। फलस्वरूप निक्षेप संकलनभन्दा कर्जा प्रवाह निकै कम छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा दुई खर्ब ८० अर्ब ५७ करोड रुपैयाँ निक्षेप थपिएको छ। जबकि गत आवको यसै अवधिमा एक खर्ब ९२ अर्ब १२ करोड रुपैयाँ निक्षेप थपिएको थियो। तर, कर्जा प्रवाहभन्दा त्यो निकै कम छ। राष्ट्र बैंकका अनुसार यो आठ महिनामा एक खर्ब २८ अर्ब १८ करोड रुपैयाँ कर्जा प्रवाह भएको थियो। गत आवको सोही अवधिमा भने पाँच खर्ब २२ अर्ब ४९ करोड रुपैयाँ कर्जा प्रवाह भएको थियो। विशेष गरी ब्याजदर बढी हुँदा कर्जाको माग बढ्न सकेको छैन। साथै, पछिल्लो समय देखिएको संकटका कारण बजारमा वस्तुको माग घटेको छ। फलस्वरूप व्यवसायीहरूले ऋण लिएर व्यवसाय विस्तार गर्ने सक्ने अवस्था पनि छैन।

■ घाटामा सरकार

पछिल्लो समय सरकारको आम्दानीभन्दा खर्च बढी छ। चालू आवको चैत २७ गतेसम्म आउँदा सरकारको सञ्चित खाता एक खर्ब ९५ अर्ब चार करोड ४२ लाख रुपैयाँले घाटामा छ। यस अवधिमा सरकारको आम्दानी ६ खर्ब ८८ अर्ब ५२ करोड रुपैयाँ छ। तर, खर्च भने आठ खर्ब ८३ अर्ब ५७ करोड रुपैयाँ छ। पछिल्लो समय सरकारको राजस्व संकलन लक्ष्यअनुसार छैन, उल्टै खर्च बढी हुँदा सरकारको पुँजीगत खर्च बढाउने क्षमतामा घटेको छ। साथै, खर्च नै गर्ने क्षमता पनि घटेको छ, फलस्वरूप बजारमा तरलता प्रवाह बढ्न सकेको छैन। यसैगरी पछिल्लो समय घरजग्गा कारोबारमा मन्दी आएको छ भने सेयर बजार परिसूचक घट्दो क्रममा छ।

थुप्रै सूचकले आन्तरिक अर्थतन्त्र दबाबमै रहेको राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. श्रेष्ठले बताए। 'विशेष गरी बाह्य क्षेत्रलाई सुधार गर्दाको साइट इफेक्टस्वरूप आन्तरिक अर्थतन्त्रमा दबाब परेको हो। बाह्य क्षेत्रलाई सुधार गर्न आयातमा कडाइ गर्ने, बैंक ब्याजदर बढाउनेलगायतका नीति ल्यायौं,' उनले भने, 'त्यसको साइड इफेक्टस्वरूप महँगी बढेर माग घटने, राजस्व संकलन कम हुनेलगायतका समस्या देखियो। त्यसैले आन्तरिक अर्थतन्त्र दबाबमा गएको हो।'

'बिरामी भएका वेला औषधि खाँदा विभिन्न साइड इफेक्ट देखिन्छन्। शरीर कमजोर भएकालाई झन् बढी साइड इफेक्ट देखिन्छ। त्यसैगरी बाह्य क्षेत्रमा सुधार गर्दा आन्तरिक अर्थतन्त्रमा दबाब परेको हो। यसै पनि नेपाली अर्थतन्त्र पहिलादेखि नै कमजोर छ,' उनले भने, 'फलस्वरूप आन्तरिक अर्थतन्त्रमा देखिएको दबाब अझै कायम छ। यसलाई ठाउँमा ल्याउन केही समय लाग्छ नै।'

■ के भन्छन् गभर्नर ?

राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले पनि बाह्य क्षेत्र सुधार भए पनि नेपाली समाजले त्यो अनुभूति गर्न नपाएको स्वीकार गरे। 'गत वर्ष २५५ अर्बले घाटामा रहेको शोधनान्तर स्थिति अहिले १४८ अर्ब नाफामा आएको छ। तर, गत आवमा भएको घाटालाई पूर्ति गर्ने नाफा अझै भएको छैन। गत आवमा भएको घाटाले अझै केही समय असर गर्छ,' उनले भने, 'त्यसैले यसको अनुभूति नेपाली समाजले गर्न पाएको छैन। एउटा कुनै भाँडामा पानी भएको अनुभूति गर्न भाँडामा पानी भरिएर पोखिने (स्पिल हुने) अवस्थामा पुनुपर्छ। त्यसैगरी, अर्थतन्त्र स्पिल हुने अवस्थामा गएपछि मात्रै अर्थतन्त्र सहज अवस्थामा गएको अनुभूति नेपाली समाजले गर्छ।'

उत्पादनशील क्षेत्रका लागि छुट्टै ब्याजदर निर्धारण गर्न सिबिफिनको माग

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले उत्पादनशील क्षेत्रमा प्रवाह हुने कर्जाका लागि छुट्टै ब्याजदर निर्धारण गर्न माग गरेको छ। उत्पादनमूलक तथा रोजगारमूलक उद्योग, ऊर्जा, निर्माण, पर्यटन, कृषिजस्ता क्षेत्रमा प्रवाह हुने कर्जाको ब्याजदर अन्यको तुलनामा न्यूनतम २ प्रतिशत विन्दुले कम हुनुपर्ने सिबिफिनको माग छ।

सिबिफिनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहित अर्थमन्त्री, गभर्नरलगायतका प्रतिनिधिहरूसँग छुट्टाछुट्टै भेटघाट तथा छलफल गरेर यस्तो मागसहितको सुझाव दिएको हो। सिबिफिनले मंगलबार राजधानीमा पत्रकार सम्मेलन गर्दै आफ्ना मागबारे जानकारी दिएको हो।

बैंकका कर्मचारीको सुरक्षाको ग्यारेन्टीदेखि तरलता प्रवाहको सुनिश्चित गर्नुपर्नेसम्मको माग सिबिफिनले राखेको छ। वाणिज्य बैंकहरूको विगत पाँच वर्षको प्राथमिक पुँजी कोष अनुपात ३.१९ प्रतिशत विन्दुले घटेको छ। साथै, निष्क्रिय कर्जा अनुपात पनि उच्चदरमा बढेको छ। त्यो अवस्थामा बैंकहरूलाई सहज अवस्था ल्याउन ऋणपत्र, हकप्रद सेयर, प्रिफरेन्स सेयरलगायतका उपकरण जारी गर्न दिनुपर्ने सिबिफिनको माग छ।

यस्तै, बैंकिङ क्षेत्रमा विद्यमान कर्जा नोक्सानी व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने माग पनि गरिएको छ। बैंकहरूलाई युनिभर्सल बैंकको अवधारणाअनुसार फिनटेक, एसेस्ट म्यानेजमेन्टजस्ता क्षेत्रमा सहायक कम्पनीमार्फत लगानी गर्न पाउने व्यवस्था गर्न पनि माग गरिएको छ। सिबिफिनले स्थानीय तहले बैंकहरूमा राखेको रकमलाई निक्षेपमा शतप्रतिशत नै गणना गर्न मिल्ने व्यवस्था गर्न, पुँजीगत खर्च र बिल शोधभर्ना तथा भुक्तानी तत्काल बढाउन, बैंकहरूको संस्थागत आयकर २५ प्रतिशतमा झार्न, नेपालमै उत्पादन हुने समानान्तर वस्तुको आयातमा भन्सारदर बढाउन, बैंकको स्प्रेड र सेवा शुल्कसम्बन्धी प्रचलित व्यवस्था खारेज गर्न माग गरेको हो।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

आयातीत तरकारी तथा खाद्यान्नको विषादी परीक्षणको मापदण्ड स्वीकृत

अजित अधिकारी/नयाँ पत्रिका

विदेशबाट आयातीत तथा स्वदेशमा उत्पादित खाद्यान्न तथा तरकारी-फलफूलमा हुने जीवनाशक विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गर्ने प्रस्ताव स्वीकृत भएको छ। मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले आयातीत तरकारी तथा खाद्यान्नको विषादी परीक्षणको मापदण्ड स्वीकृत गरेको हो। यस्तो निर्णयपछि आयातीत खाद्य वस्तु, तरकारी र फलफूलमा हुने विषादीको अवशेष भन्सार नाकाहरूमा कडाइका साथ परीक्षण हुने भएको छ।

विदेशबाट आयात हुने खाद्य वस्तु, तरकारी र फलफूलमा हुने विषादीको अवशेषको मात्रा परीक्षण गर्नेसम्बन्धी प्रस्ताव खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई पठाएको थियो। त्यसपछि मन्त्रालयले उक्त प्रस्ताव गत पुसमा मन्त्रिपरिषद्मा पेस गरेको थियो।

मन्त्रिपरिषद्ले प्रस्तावका विषयमा विस्तृत छलफल गर्न आर्थिक तथा पूर्वाधार समितिमा पठाएको थियो। सो समितिले छलफलपछि दिएको रायअनुसार विदेशबाट आयातीत खाद्य वस्तु, तरकारी र फलफूलको विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गर्ने निर्णय मंगलबारको मन्त्रिपरिषद्ले लिएको हो।

कृषि मन्त्रालयका प्रवक्ता प्रकाश सञ्जेलले विषादीको अवशेषको अधिकतम निर्धारण भएपछि धेरैभन्दा धेरै खाद्य वस्तुको परीक्षण गर्न सहज हुने जानकारी दिए। 'अहिले पनि भन्सार नाकामा नियमित रूपमा विषादी परीक्षण भइरहेको छ, रोकिएको होइन,' उनले भने, 'यद्यपि, मन्त्रिपरिषद्बाट एउटा मापदण्ड पास गरिएको हो। अब राजपत्रमा प्रकाशित भएपछि सशक्त कार्यान्वयन गर्छौं।'

मन्त्रालयमातहतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बनाएको मापदण्डअनुसार अहिलेसम्म सात प्रकारका तरकारी, दुई प्रकारका फलफूल र एउटा चियाको मात्र विषादीको अधिकतम मापदण्ड स्वीकृति भएको थियो।

अन्य तरकारी, फलफूल र खाद्यान्नमा हुने विषादीको मात्रा भने अन्तर्राष्ट्रिय मापदण्डका आधारमा परीक्षण हुँदै आएको थियो। आउँदा दिनमा भने नेपालले नै बनाएको मापदण्डका आधारमा विषादीको परीक्षण गर्ने बाटो मन्त्रिपरिषद्को निर्णयले खुलाएको हो।

खाद्य विभागका पूर्वमहानिर्देशक तथा कृषि मन्त्रालयका खाद्य सुरक्षा तथा खाद्य प्रविधि विभागमा प्रमुख रहेका सहसचिव सञ्जीव कर्णले पनि मन्त्रिपरिषद्को बैठकले विषादीको अवशेषको अधिकतम सीमा निर्धारण गरेको र आगामी दिनलाई परीक्षणमा सहज बनाएको बताए।

'आयातीत तरकारी, फलफूलको विषादी परीक्षण रोकिएको थिएन, निरन्तर भइरहेको हो,' उनले भने, 'परीक्षणका लागि एउटा मापदण्ड बनाएको थियौं। मन्त्रिपरिषद्बाट त्यो मापदण्ड भएको हो।' मन्त्रिपरिषद् बाट पास भएको मापदण्डअनुसार एक सय ८५ प्रकारका विषादीको अवशेष परीक्षण गर्न सकिनेछ।

अर्थतन्त्र सुधार्न सम्पूर्ण शक्ति लगाएका छौं : प्रधानमन्त्री दाहाल

निजी क्षेत्रले भन्यो- ब्याजदर स्थायित्व कायम गर, तरलता सहज बनाई ब्याजदर घटाउने प्रधानमन्त्री र अर्थमन्त्रीको उद्घोष

नयाँ पत्रिका
काठमाडौं, २८ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्रलाई लयमा फर्काउन सम्पूर्ण शक्ति लगाएर काम गरिरहेको बताएका छन्। मंगलबार नेपाल उद्योग वाणिज्य महासंघको ५७औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले अहिलेको आर्थिक समस्या समाधान गर्न प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच निरन्तर छलफल भइरहेको बताएका हुन्।

आर्थिक गतिविधि चलायमान बनाउन सरकारका निकाय एकै ठाउँमा रहेको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो। उनले तरलता सहज बनाएर ब्याजदर घटाउने विषयमा पनि छलफल चलिरहेको बताए। 'अहिले अर्थतन्त्रमा देखिएको संकट समाधानमा केन्द्रित छौं,' उनले भने, 'हामीले राजस्व कसरी बढाउने र बैंकको ब्याजदर कसरी घटाउने भन्ने विषयमा राज्यका निकायसँग घनीभूत छलफल गरिरहेका छौं।' निजी क्षेत्रले पनि तरलता सहज बनाएर बैंकको ब्याजदर एकल विन्दुमा झार्न दबाब सिर्जना गर्दै आइरहेको छ।

पछिल्लो तीन महिनायता मुद्रा सञ्चिति, रेमिट्यान्स आप्रवाहलगायत अर्थतन्त्रका केही सूचकमा सुधार आइरहेको प्रधानमन्त्री प्रचण्डले बताए। अर्थतन्त्रका अन्य सूचकहरू चलायमान बनाउन पनि सरकारले जोड दिइरहेको र निराशा छाएको निजी क्षेत्रमा आशाको किरण भर्ने गरी काम गरिरहेको उनले दाबी गरे। देशमा लगानीमैत्री वातावरण सिर्जना गर्ने र ठूला कृषि परियोजना सञ्चालनमा पनि जोड दिने बताए।

■ अर्थतन्त्र सुधारको दीर्घकालीन नीति बनाउँछौं : अर्थमन्त्री

अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्र सुधारका लागि सरकारले अल्पकालीन र दीर्घकालीन नीति बनाउन लागेको बताए। पुँजीगत खर्च बढाउने, अनावश्यक खर्च घटाउने, समयमा काम नसक्ने खालका समस्या समाधान गर्नेतर्फ सरकार केन्द्रित रहेको उनको भनाइ थियो। तर, उद्योगी-व्यवसायीले बैंकको ऋण तिर्दिनँ भन्नु गलत रहेको उनले बताए।

बैंकको ब्याजदर घटाउने विषयमा आफूहरू सकारात्मक भएको जानकारी गराउँदै अर्थमन्त्री महतले बैंकको स्प्रेडदर घटाउने विषयमा छलफल भइरहेको बताए। कर्जा लिएर अप्ठ्यारोमा परेका व्यवसायीहरूलाई सहजीकरण गर्ने विषयमा पनि सघन छलफल भइरहेको उनको भनाइ थियो।

'हाम्रो अर्थतन्त्रमा अहिले केही दबाब परेको छ। केही अप्ठ्याराहरू सिर्जना भएका छन्। अर्थतन्त्र सुधारका लागि सरकार गम्भीर भएर लागेको छ,' उनले भने, 'यो दबाब र अप्ठ्यारोलाई गम्भीरताका साथ लिएको छ, समग्रमा निराश हुनुपर्ने कारण छैन।' साधारण खर्चतर्फ अनावश्यक खर्चलाई निर्ममतापूर्वक कटौती गर्ने बताउँदै उनले भने, 'साधारण खर्चबाहेक तलब-भत्ता मात्र छैन, सामाजिक दायित्वका कुरा छन्, शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकताका कुरामा लगानीको कुरा छ, यी कुरा हटाउन सक्दैनौं।' अर्थतन्त्रमा ठूलो लगानी उद्योगी-व्यवसायीको हुने हुनाले सरकारभन्दा पनि निजी क्षेत्रले अर्थतन्त्रलाई चलायमान बनाउन सक्ने अर्थमन्त्री महतको भनाइ छ।



महासंघमा आज निर्वाचन

नेपाल उद्योग वाणिज्य महासंघको नयाँ कार्यसमितिका लागि आज निर्वाचन हुँदै छ। कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानको भवनमा बिहान आठ बजेदेखि साँझ चार बजेसम्म मतदानको समय निर्धारण गरिएको मुख्य निर्वाचन अधिकृत लीलामणि पौडेलले बताए।

महासंघको विधानअनुसार वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने व्यवस्था भएकाले चन्द्रप्रसाद ढकाल अध्यक्ष हुँदै छन्। वरिष्ठ उपाध्यक्षसहित तलका पदमा उद्यमी-व्यवसायीहरूबीच प्रतिस्पर्धा हुँदै छ। वरिष्ठ उपाध्यक्षमा अञ्जन श्रेष्ठ, रामचन्द्र संघाई र उमेशलाल श्रेष्ठ प्यानलसहित चुनावी मैदानमा छन्। महासंघको ५७औं वार्षिक साधारणसभाले आगामी तीन वर्षका लागि नयाँ कार्यसमिति निर्वाचित गर्न लागेको हो।

अञ्जनको समूहबाट जिल्ला-नगर उपाध्यक्षमा अरुण सुमार्गी, वस्तुगत उपाध्यक्षमा मनीषलाल प्रधान र एसोसिएट उपाध्यक्षमा भरत आचार्य उम्मेदवार छन्। उमेशलालको समूहबाट जिल्ला-नगर उपाध्यक्षमा दिनेश श्रेष्ठ, वस्तुगत उपाध्यक्षमा हेमराज ढकाल र एसोसिएट उपाध्यक्षमा भरतराज आचार्य उम्मेदवार छन्। भरत आचार्य अञ्जन र उमेशलालका साझा उम्मेदवार हुन्। संघाईको समूहबाट जिल्ला-नगर उपाध्यक्षमा सुरकृष्ण वैध, वस्तुगत उपाध्यक्षमा सुकन्तलाल हिराचन र एसोसिएट उपाध्यक्षमा ज्योत्स्ना श्रेष्ठ उम्मेदवार रहेका छन्।

महासंघको वरिष्ठ उपाध्यक्षमा निर्वाचित हुनका लागि ५० प्रतिशतभन्दा बढी मत आवश्यक पर्छ। यदि कुनै पनि उम्मेदवारले पहिलो चरणमा ५० प्रतिशत मत कटाउन नसकेमा पहिलो र दोस्रो हुने उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ। कुनै उम्मेदवार पहिलो चरणमा निर्वाचित हुन नसकेमा दोस्रो चरणको निर्वाचन ३० चैतमा बिहान ११ बजेदेखि साँझ पाँच बजेसम्म सम्पन्न गरिने निर्वाचन अधिकृतले बताए।

महासंघको पदाधिकारीमा एक अध्यक्ष, निवर्तमान अध्यक्ष, विशिष्ट सदस्य, एक वरिष्ठ उपाध्यक्ष, तीन उपाध्यक्ष, एक कोषाध्यक्ष रहने व्यवस्था छ। यस्तै, केन्द्रीय सदस्यमा एसोसिएटबाट १९, जिल्ला-नगरबाट १८ र वस्तुगतबाट १२ जना केन्द्रीय सदस्य रहने व्यवस्था छ। यस्तै, प्रत्येक प्रदेशबाट दुई-दुईजनाका दरले १४ जना केन्द्रीय सदस्य रहनेछन्।

■ निजी क्षेत्रलाई अवसर दिनुस्, देशलाई समुन्नति दिन्छौं : गोल्छा

महासंघका अध्यक्ष शेखर गोल्छाले तरलता व्यवस्थापन एवं ब्याजदर स्थायित्वका लागि सरकार र राष्ट्र बैंकले उपलब्ध सबै उपकरणको प्रयोग गर्नुपर्ने बताए। अहिले बैंकको उच्च ब्याजदर उद्यमी-व्यवसायीका लागि सबैभन्दा ठूलो समस्या बनेको उनको भनाइ थियो। 'अब बैंकहरूले पनि के बुझ्नुपर्छ भने उद्यम-व्यवसाय चल्न सकेनन् भने हामी पनि समस्या पर्छौं,' उनले भने, 'निजी क्षेत्र सहज देखिए पनि सहज छैन। उद्योग-व्यवसाय चलाउन धेरै चुनौती छन्। उद्योग-व्यवसायीले पनि सरकारसँग सहकार्य गर्नुपर्छ।'

'निजी क्षेत्रले काम गर्न सकेन भने सरकार पनि अप्ठ्यारोमा पर्ने रहेछ भन्ने अब त सबैले बुझेको हुनुपर्छ, किनभने सरकारको आम्दानीभन्दा डेढ खर्ब बढी खर्च भएको छ, कर्मचारीलाई तलब दिन पनि नसकिने हो कि भन्ने चिन्ता जाहेर हुन थालेको छ।'

आफ्नो कार्यकालमा महासंघले सन् २०३० सम्म अर्थतन्त्रको आकार एक सय अर्ब डलर पुऱ्याउन सकिने खाका कोरेको जानकारी गराए। अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरू प्रस्तुत गरिएको भिजन पेपर कार्यान्वयनमा आउँदा अर्थतन्त्रको आकार बढ्नुका साथै औपचारिक निजी क्षेत्रमा २२ लाख जनशक्तिलाई रोजगारी सिर्जना हुने उनको भनाइ छ। यस्तै, ५० स्टार्टअप ५० लगानीकर्ता कार्यक्रमअन्तर्गत युवाहरू ठूला लगानीकर्तासँग जोडिन थालेको पनि उनले बताए।

'साना तथा मझौला उद्यमीलाई विनाधितो परियोजना कर्जा दिने विषयलाई हाम्रै प्रयासमा सरकारको बजेटमा राख्न सम्भव भयो,' अध्यक्ष गोल्छाले भने। अतिकम विकसित देशबाट स्तरोन्नति हुँदा त्यसबाट पर्ने प्रभावहरूलाई सरकारले निकै हल्का रूपमा लिएको उनको आरोप छ। 'स्तरोन्नतिले सबैभन्दा बढी युरोप, अमेरिकालगायत विकसित देशमा भइरहेको निर्यातमा असर पर्नेछ,' उनले थपे, 'अहिले हामी चुक्यौं भने फेरि पनि हामी व्यापार घाटाको अंक मात्रै गनेर बस्नुपर्ने अवस्थामा हुनेछौं।'

देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा निजी क्षेत्रको योगदान ८१ प्रतिशत रहेको अध्यक्ष गोल्छाले बताए। निजी क्षेत्रले ८५ प्रतिशत श्रम शक्तिलाई रोजगारी दिएको छ, उद्यमी-व्यवसायी र सर्वसाधारणको उपक्रमबाट ८५ प्रतिशत राजस्व उठ्छ, निजी क्षेत्रले काम गर्न सकेन भने सरकारी खर्च पनि चल्दैन।

■ संकटमोचनको रोडम्याप आवश्यक : ढकाल

महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले वर्तमान संकट समाधानका लागि बृहत् राष्ट्रिय विमर्शको प्रस्ताव पेस गरे। अहिलेको संकट समाधानका लागि सरकार, राष्ट्र बैंक, विकास साझेदार, अर्थविद् तथा निजी क्षेत्रको सहभागितामा बृहत् राष्ट्रिय विमर्श गरी अर्थतन्त्रको संकटमोचनको रोडम्याप बनाउनुपर्ने उनको भनाइ थियो।

'यतिखेर देशको अर्थतन्त्र संकटको डिलमा छ, आर्थिक गतिविधिहरू शिथिल छन्, आपूर्ति प्रणाली खलबलिएको छ, उद्योगी-व्यवसायी समस्यामा छौं। विकास खर्च अत्यन्त न्यून छ। राजस्वले साधारण खर्चसमेत धान्न सकिरहेको छैन,' उनले भने, 'तर, अर्थतन्त्रका सबै सरोकारहरूले वेलैमा विचार पुऱ्याउने हो भने अहिलेको आर्थिक समस्यालाई पार लगाउन गाह्रो छैन।'

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित
MAI KHOLA HYDROPOWER LIMITED
माई खोला हाइड्रोपावर लिमिटेड
MAIKHOLA Hydropower
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२९, काठमाण्डौ
(आयोजनाको नाम: सुपरमाई क्यासकेड जलविद्युत आयोजना (३ मे.वा.)
वेबसाइट: https:maikholahydropower.com.np इमेल: maikholahydro@gmail.com
को
आयोजाना प्रभावित क्षेत्र इलाम जिल्लाका बासिन्दा एवं बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड सम्बन्धि सूचना।
आयोजना प्रभावित क्षेत्र ईलाम जिल्लाका बासिन्दा लागि साधारण शेयर मिति २०७९/११/२५ गते देखि मिति २०७९/१२/०९ गते सम्म खरीद आव्हान गरिएकोमा सो अवधिभित्र रितपूर्वक आवेदन दिनुहुने आवेदकहरुबाट प्राप्त कित्ताहरु मध्ये ३,९२,१५७ कित्ता शेयर आयोजना प्रभावित क्षेत्र एवं १,५२,९४१ कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि बाँडफाँड सम्बन्धि प्रचलित कानून बमोजिम मिति २०७९/१२/२७ गते सोमबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
बाँडफाँड सम्बन्धि विवरण आवेदकहरुले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट https://results.prabhucapital.com र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको वेवसाइट www.iporesults.cdsc.com.np मा गई हेर्न सकिने छ।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
(A Subsidiary of Prabhu Bank Limited)
कमलादी, काठमाडौं, फोन नं. ०१-५९७०२००, ०१-४१६९१००
E-mail: info@prabhucapital.com, web: www.prabhucapital.com

जापानी प्रविधिको रिकिसी कम्पोस्ट मल नेपालमा उत्पादन सुरु

नयाँ पत्रिका
काठमाडौं, २८ चैत



कुहिने फोहोरबाट साखः ग्रुपले जापानी प्रविधिमा आधारित रिकिसी कम्पोस्ट मल उत्पादन सुरु गरेको छ। विगत ४५ वर्षदेखि व्यवसाय गर्दै आएको साखः ग्रुपले कृषि क्षेत्रमा 'क्लाइमेट कन्ट्रोल' प्रविधिबाट विभिन्न किसिमको च्याउ उत्पादनपछि दोस्रो परियोजनाका रूपमा कम्पोस्ट मल उत्पादन सुरु गरेको हो।

करिब १५ करोड रुपैयाँको लगानीमा कम्पोस्ट मल उत्पादन सुरु गरिएको कम्पनीको भनाइ छ। कुनै पनि मेसिनको प्रयोग नगरी कुहिने फोहोरबाट गन्धरहित कम्पोस्ट मल उत्पादन सुरु गरेको कम्पनीको दाबी छ। साखः ग्रुपका निर्देशक किरणप्रकाश साखःले यस कम्पोस्ट मलको प्रयोगले बालीनालीमा कुनै पनि प्रकारका किरा नलाग्ने र कीटनाशक औषधिको प्रयोग गर्नुनपर्ने बताए।

कम्पनीले हालसम्म चारवटा ठाउँमा मल उत्पादन गर्दै आइरहेको छ। दुधौली नगरपालिका, भक्तपुरको थिमी, पाँचखाल र राप्तीमा मल उत्पादन गर्दै आइरहेको छ। आवश्यकता परेको खण्डमा सात सय ५३ वटै स्थानीय तहसँग समन्वय गरी मल उत्पादन बढाउन सकिने गरी कम्पनीले तयारी थालेको र त्यसमा स्थानीय तहको भूमिका प्रमुख हुने जनाइएको छ। कम्पनीकी प्रबन्ध निर्देशक उषा गिरीले रासायनिक मलका कारणले माटोमा उर्वराशक्ति ह्रास आएको अवस्थामा यस मलको प्रयोगले माटोको उर्वराशक्ति जोगाउने, उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न भूमिका खेल्ने दाबी गरिन्। साखःले उत्पादन गरेको मल रासायनिक मलभन्दा सस्तो र माटोका लागि उपयुक्त रहेको गिरीको भनाइ छ।

उनले भनिन्, 'मल बनाउन स्थानीय सरकारहरूसँगको सहकार्यमा फालिएका कुहिने फोहोरसमेतको प्रयोग गरिने भएकाले फोहोर व्यवस्थापनमा ठूलो भूमिका खेल्न सक्छ।' कम्पनीले अहिले कृषि ज्ञानकेन्द्रलाई प्रतिकेजी २५ रुपैयाँमा उक्त मल बिक्री गर्दै आएको छ। सरकारले यदि कम्पनीसँग सहकार्य गरेमा नेपालका लागि आवश्यक मल फोहोरबाट उत्पादन गर्न सक्ने क्षमता रहेको साखःको भनाइ छ। उनका अनुसार मल उत्पादनका लागि आवश्यक फोहोर संकलन गरेर अहिले ५८ वटा कोठाबाट उत्पादन सुरु गरिएको छ। उक्त ५८ वटा कोठाबाट दुई महिनामा पाँच सय टन मल उत्पादन हुनेछ।

कम्पनीले पहिलो चरणमा पाँच सय टन कम्पोस्ट मल उत्पादन गर्दै आएको छ। तर, बजारमा माग बढेको अवस्थामा उक्त उत्पादनलाई बढाएर एक हजार टन उत्पादन गर्ने योजना बनाएको उनको भनाइ छ। कम्पनीले छिट्टै कम्पोस्ट मल उत्पादनका लागि एक सय ५० वटा कोठा थप गर्ने भएको छ।

बोस पावर टुल्स एन्ड एक्सोसरिजको नेपालमा पहिलो 'डिलर मिट'

नयाँ पत्रिका
काठमाडौं, २८ चैत



जर्मन ब्रान्ड बोस पावर टुल्स एन्ड एक्सोसरिजले काठमाडौंमा पहिलोपटक 'डिलर मिट' आयोजना गरेको छ। बोस पावर टुल्स एन्ड एक्सोसरिज नेपालको एक मात्र आधिकारिक डिस्ट्रिब्युटरः इन्फ्राटेक प्राइभेट लिमिटेडल डिलर, डिस्ट्रिब्युटर तथा ब्रान्डबीचको सम्बन्ध सशक्त बनाउँदै ग्राहकमाझ नम्बर एक बनाउने प्रयासअन्तर्गत डिलर मिट आयोजना गरेको हो।

नेपालको पूर्वाधार विकास निर्माणका क्रियाकलापमा प्राथमिकतासहित टेवा पुऱ्याउनु डिलर मिटको उद्देश्य रहेको कम्पनीले जनाएको छ। डिलर मिटमा देशभरबाट ५० भन्दा बढी सहभागी भएको जनाइएको छ। कार्यक्रममा इन्फ्राटेकका निर्देशक आकाश गोल्छा, बोसको सार्क क्षेत्रका व्यवसाय विकास निर्देशक स्वामी नाथन आर तथा बोस श्रीलंकाका कन्ट्री म्यानेजर अशोककुमार एनले बोस पावर टुल्स तथा सेवाहरूका बारेमा जानकारी गराएका थिए।

समारोहमा कम्पनीका विभिन्न उत्पादनहरू तथा जानकारीमूलक थुप्रै सामग्री प्रदर्शन गरिएको जनाइएको छ। नेपालमा ५० भन्दा बढी आउटलेमार्फत बिक्री-वितरण गर्दै आएको बोस पावर टुल्स, निर्माण तथा पावर टुल्स क्षेत्रका लागि उच्च गुणस्तरीय वस्तु र सेवा प्रदान गर्न प्रतिबद्ध रहँदै आएको कम्पनीले जनाएको छ।

फोन पेको नयाँ वर्ष अभियान

नयाँ पत्रिका
काठमाडौं, २८ चैत

भुक्तानी प्रणाली सञ्चालक फोन पेले नयाँ वर्षको उपलक्ष्यमा 'फोन पे गर्ने हो, क्युआरमा उपहार जित्ने हो!' योजना ल्याएको छ। २९ चैतदेखि ५ वैशाखसम्म देशभर लागू गरिएको यस योजनामा सहभागी हुने व्यवसायी तथा ग्राहकले एक तोला सुन र स्कुटर प्राप्त गर्न सक्नेछन्।

योजना अवधिभित्र मोबाइल बैंकिङ एप वा वालेटबाट फोन पेको क्युआर प्रणाली प्रयोग गरी भुक्तानी गर्ने ग्राहकले 'लक्की ड्र'मार्फत इप्लुटो ब्रान्डको विद्युतीय स्कुटर जित्न सक्ने कम्पनीले जनाएको छ। साथै, भुक्तानी प्राप्त गर्ने व्यवसायीले 'लक्की ड्र'मार्फत एक तोला सुन जित्न सक्नेछन्।

'फोन पेको नेपालमा डिजिटल भुक्तानी प्रवर्द्धन गर्ने र प्रयोगकर्तालाई क्युआर भुक्तानी गर्न प्रोत्साहित गर्ने उद्देश्यअनुरूप 'फोन पे गर्ने हो!' अभियान ल्याइएको हो,' फोन पेका सिइओ दिवसकुमार सापकोटाले भने, 'यसको लक्ष्य प्रयोगकर्ता र व्यवसायीलाई समान रूपमा डिजिटल भुक्तानीको सजिलो, छिटो र सुविधाजनक माध्यम अपनाउन प्रोत्साहित गर्ने पनि हो।' 'नगद छाडौं, फोनपे गरौं' ट्यागलाइनका साथ फोन पेले नगदको झन्झटलाई हटाउन डिजिटल भुक्तानी प्रणाली सुरु गरेको थियो।

फोन पेमा हाल ११ लाखभन्दा धेरै व्यवसायी (क्युआर मचेन्ट) आबद्ध रहेको बताइएको छ। फोन पे नेटवर्कमार्फत हाल दैनिक करिब पाँच अर्बको कारोबार हुँदै आएको कम्पनीले जनाएको छ। फोन पेमा अहिले ६० भन्दा बढी बैंक तथा वित्तीय संस्था आबद्ध रहेको र एक करोड ७० लाखभन्दा धेरै मोबाइल बैंकिङ प्रयोगकर्ता तथा भुक्तानी सेवाप्रदायकका मोबाइल एपमार्फत सेवा पुऱ्याउँदै आएको बताइएको छ।

'आइएमई पे'मार्फत गोल्डस्टार जुत्ता किन्दा १५ प्रतिशत छुट

नयाँ पत्रिका
काठमाडौं, २८ चैत

आइएमई ग्रुपद्वारा सञ्चालित आइएमई डिजिटल सोलुसन लिमिटेडको 'आइएमई पे'मार्फत भुक्तानी गरेर गोल्डस्टार जुत्ता खरिद गर्दा १५ प्रतिशत छुट पाइने भएको छ। नयाँ वर्षको अवसर पारेर ल्याइएको यो अफर २७ चैतदेखि ५ वैशाखसम्म नौ दिन कायम रहने बताइएको छ।

गोल्डस्टारको आधिकारिक सोरुमहरूबाट कुनै पनि जुत्ता खरिदमा आइएमई पेमार्फत क्युआर स्क्यान गरी भुक्तानी गर्दा १५ प्रतिशत छुट प्राप्त हुने हो। विद्युतीय भुक्तानी सेवाप्रदायक आइएमई पे र स्वदेशी जुत्ता ब्रान्ड गोल्डस्टारले ग्राहकमैत्री व्यापार प्रवर्द्धन गर्न यस्तो सम्झौता गरेका हुन्।

आइएमई पे मोबाइल वालेटमार्फत सेवाग्राही आफैंले वा एजेन्टहरूमार्फत विभिन्न किसिमका भुक्तानीको काम गर्न सक्छन्। यस मोबाइल वालेटमा ब्याज तथा विभिन्न क्यासब्याकको पनि सुविधा रहेको बताइएको छ। २० लाखभन्दा बढी ग्राहकलाई सीधै मोबाइल वालेट एप तथा एजेन्टहरूमार्फत आइएमई पेले विद्युतीय भुक्तानी सेवा प्रदान गर्दै आइरहेको छ।

केडियालाई 'ईश्वरलाल लाइफ टाइम अचिभमेन्ट' अवार्ड

नयाँ पत्रिका
काठमाडौं, २८ चैत



केडिया अर्गनाइजेसनका अध्यक्ष ताराचन्द केडियालाई 'ईश्वरलाल लाइफ टाइम अचिभमेन्ट' अवार्डद्वारा सम्मानित गरिएको छ। केडियालाई नेपाल चेम्बर अफ कमर्सले आफ्नो ७२औं वार्षिक साधारणसभाको अवसरमा सम्मानित गरेको हो।

केडियाले देशको उद्योग र व्यापार क्षेत्रको विकास तथा विस्तारमा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउन गरेको योगदानको कदर गर्दै पुरस्कृत गरिएको चेम्बरले जनाएको छ। केडियालाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्मानित गरेको जनाइएको छ।

केडियाले अनर्सका साथ स्नातक उत्तीर्ण गरेको अर्गनाइजेसनले जनाएको छ। उनी सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स, प्रुडेन्सियल इन्भेस्टमेन्ट प्रालि, प्रुडेन्सियल डेभलपर्स प्रालि र वृज सिमेन्ट प्रालिका पनि अध्यक्ष रहेको उल्लेख छ। त्यस्तै, गुराँस सिमेन्ट, म्याग्ना कर्पोरेसन सेक्युरिटिज र श्री स्टिल इन्डस्ट्रिज प्रालिका साथै अन्य व्यवसायहरूमा पनि संलग्न रहेको उल्लेख छ। यसअघि उनी सिद्धार्थ इन्स्योरेन्स लिमिटेडका अध्यक्ष रहिसकेको अर्गनाइजेसनले जनाएको छ। केडिया शंकरलाल केडिया सेवा फाउन्डेसन, डिएभी केडिया स्कुल, एसयलके डेन्टल केयर सेन्टर तथा विभिन्न सामाजिक संस्थाका अध्यक्ष र आरएम केडिया आँखा अस्पताल, सुशील केडिया सेवा फाउन्डेसन र एमबी केडिया सेवा ट्रस्टका संरक्षक पनि रहेका छन्।

यस संस्थाले सामाजिक क्षेत्रमा समेत उत्तरदायित्व बहन कार्यक्रमअन्तर्गत महत्त्वपूर्ण सहयोग गरी राष्ट्र निर्माणमा योगदान गर्दै आएको उल्लेख गरेको छ।

एनआइसी एसिया क्यापिटलको 'स्टार्टअप लन्चप्याड' सेवा सुरु

नयाँ पत्रिका
काठमाडौं, २८ चैत

एनआइसी एसिया क्यापिटलले विगतमा मर्चेन्ट बैंकिङको 'कर्पोरेट एड्भाइजरी' सेवाअन्तर्गत 'स्टार्टअप लन्चप्याड' नामक सेवा सञ्चालनमा ल्याएको छ। पहिले पनि सेवा दिँदै २० भन्दा बढी स्टार्टअप कम्पनीहरूलाई प्रदान गरिसकेकोमा पुनः उद्योग विभागले स्टार्टअप उद्यमीहरूलाई लक्षित गर्दै सहुलियतपूर्ण कर्जा दिने निर्णय गरेपछि क्यापिटलले उक्त सेवालाई पुनः सुरु गरेको हो।

नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीहरूलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्न, सहुलियतपूर्ण कर्जा प्रवाह गर्न नेपाल सरकारले बनाएको स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९ अनुरूप कर्जा सुविधा लिन इच्छुक सबै स्टार्टअप उद्यमीहरूलाई परियोजनाको प्रस्ताव तयार गर्ने, उद्यमीको पक्षबाट पूरा गर्नुपर्ने कागजातमा सहयोग गर्ने तथा अन्य आवश्यक सम्पूर्ण परामर्श सेवा प्रदान गर्ने क्यापिटलले जनाएको छ।

स्टार्टअप उद्यम कर्जा कोष कार्यविधि, २०७९ अनुसार कृषि तथा पशुपक्षीमा आधारित, वन (जडीबुटी, वन पैदावार)मा आधारित, पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित, विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा सम्बन्धित, मानव स्वास्थ्य सेवासँग सम्बन्धित, शिक्षा तथा शिक्षण सिकाइसँग सम्बन्धित, सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित, पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित स्टार्टअप सुविधाका लागि योग्य हुने जनाइएको छ।

त्यस्तै, अटोमोबाइलसँग सम्बन्धित, परम्परागत प्रविधि, उत्पादन र सेवा प्रवाहको प्रक्रियामा सुधारसँग सम्बन्धित, खानी तथा खनिज अनुसन्धान र विकाससँग सम्बन्धित, घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने, खाद्य उत्पादन तथा प्रशोधन, फोहोरमैला व्यवस्थापन तथा वातावरणसँग सम्बन्धित कार्यहरूमा संलग्न स्टार्टअपहरू पनि कर्जा सुविधाका लागि योग्य हुने क्यापिटलले जनाएको छ।

इच्छुक स्टार्टअपहरूले चाहेमा नेपालमै पहिलोपटक मर्चेन्ट बैंकिङको सेवाअन्तर्गत उपलब्ध कर्पोरेट एड्भाइजरी सेवाअन्तर्गतको स्टार्टअप लन्चप्याड कार्यक्रमको सहजीकरणमा कर्जा सुविधासम्बन्धी परामर्श सेवा सहजै लिन सकिने क्यापिटलले जनाएको छ।

डाबर नेपालको 'रियल फिज्जिन' बजारमा

नयाँ पत्रिका
काठमाडौं, २८ चैत

डाबर नेपालले आकर्षक कार्बोनेटेड सफ्ट ड्रिंक सेगमेन्टमा नयाँ कार्बोनेटेड पेय पदार्थ 'रियल फिज्जिन' बजारमा ल्याएको छ। कम्पनीले एप्पल, मसला कोला र निम्बु गरी तीनवटा भेरियन्ट पेट बोतलमा बजारमा ल्याएको हो।

११ दशमलव २ प्रतिशत फलफूलको जुस भएको रियल एप्पल फिज्जिन १५० मिलि, २५० मिलि र ५०० मिलिमा उपलब्ध रहेको जनाइएको छ। यसको मूल्य क्रमशः ३०, ५० र ८० रुपैयाँ तोकिएको कम्पनीले जनाएको छ। त्यस्तै, जिराको मसलादार स्वाद भएको रियल मसलाकोला फिज्जिनमा १०.५ प्रतिशत फलफूलको रस रहेको जनाइएको छ। रियल निम्बु फिज्जिनमा ५ प्रतिशत रिफ्रेसिङ लेमन जुस रहेको उल्लेख छ। मसलाकोला र निम्बु १५० मिलि प्याकमा उपलब्ध रहेको र मूल्य ३० रुपैयाँ रहेको जनाइएको छ।

डाबर नेपालका बिजनेस हेड एचएस बेदीले रियल फिज्जिन कम्पनीले आफ्ना नेपाली उपभोक्तालाई नयाँ र फरक उत्पादनले खुसी पार्ने निरन्तर प्रयासको परिणामस्वरूप बजारमा आएको बताए। डाबर नेपालका अतिरिक्त महाप्रबन्धक अभयप्रसाद गोर्खालीले पहिला स्फूर्ति र फलफूलको मीठो स्वादका लागि उपभोक्ताले छुट्टाछुट्टै कार्बोनेटेड सफ्ट ड्रिंक अथवा फ्रुट जुस छान्नुपर्नेमा कार्बोनेटेड सफ्ट ड्रिंकमा ताजा फलफूलको स्वाद नभई कृत्रिम स्वाद हुने जनताको बुझाइलाई ध्यानमा राखेर रियल फिज्जिन बजारमा ल्याएको बताए। जसले गर्दा उपभोक्ताले कार्बोनेटेड सफ्ट ड्रिंकबाट स्फूर्ति पाउनुका साथै ताजा फलफूलको मीठो स्वाद पाउने उनको भनाइ थियो।

ठूला करदाताका रूपमा अग्रवाल सम्मानित

काठमाडौं/ शिवशक्ति घिउ उद्योग प्रालिका कार्यकारी निर्देशक सन्दीपकुमार अग्रवाल ठूला करदातामध्ये एकका रूपमा सम्मानित भएका छन्। निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको ५७औं वार्षिक साधारणसभामा उनी निर्यात कारोबारमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाताका रूपमा सम्मानित भएका हुन्।

महासंघको ५७औं वार्षिक साधारणसभा उद्घाटन सत्रमा कार्यक्रमका प्रमुख अतिथि तथा प्रधानमन्त्री पुष्पकमल दाहालले कार्यकारी निर्देशक अग्रवाललाई सम्मान गरेको जनाइएको छ। शिवशक्ति घिउ उद्योग प्रशोधित तेल उत्पादन र निर्यातमा संलग्न रहेको उल्लेख छ। अग्रवाल बुधबार हुने महासंघको निर्वाचनमा कार्यकारिणी सदस्य उम्मेदवारसमेत रहेको कम्पनीले जनाएको छ।

साल्ट ट्रेडिङ कर्पोरेसनको अध्यक्षमा श्रेष्ठ



काठमाडौं/ साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको अध्यक्षमा प्रदीपलाल श्रेष्ठ नियुक्त भएका छन्। कम्पनी सञ्चालक समिति बैठकले श्रेष्ठलाई अध्यक्षमा नियुक्त गरेको हो।

श्रेष्ठ चैत ०७१ देखि सञ्चालक समिति सदस्यका रूपमा कार्यरत थिए। उनी कर्पोरेसनमातहतको मोरङ सुगर लिमिटेडको अध्यक्षका रूपमा समेत कार्य गरिरहेका छन्। सरकारको आंशिक लगानी रहेको साल्ट ट्रेडिङले देशभर नुन बिक्री-वितरणको एकाधिकार लिँदै आएको छ। कर्पोरेसनले विकट जिल्लाहरूमा सरकारी अनुदान लिएर नुन ढुवानीसमेत गर्दै आएको छ। यसका अलावा कर्पोरेसनले दैनिक उपभोग्य खाद्यान्न, ग्यास, रासायनिक मललगायतको कारोबार पनि गर्दै आएको छ।

Special Economic Zone Authority
Tripureswor, Kathmandu.
(An Undertaking of Government of Nepal)

Invitation for Bid

(First date of publication: -12th April, 2023)

Special Economic Zone Authority, Tripureswor, Kathmandu invites only E-bidding as listed below:

S. N	Contract Identification No:	Name of Contract	Bid Security Amount	Price of Bidding Document
1	MoICS/SEZA/WORKS/ 06-079/80	Design, Supply, Delivery, Installation, Testing and Commissioning of 33/11kV Substation at Bhairahawa, Rupandehi.	NRs. 79,38,000.00	NRs. 20,000.00

- bids must be submitted *through e-GP system i.e., www.bopatra.gov.np/egp* on or before **12:00 noon** on **14th May, 2023**.
- The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14th May, 2023** ***13:00*** at the office of *Special Economic Zone Authority, Tripureswor, Kathmandu.*

ग्लोबल आइएमई बैंक लिमिटेडको
तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०७९/१२/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिकी गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

टिकापुर शाखा, कैलाली

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २५८९७/०७५/७६ अन्तर्गत मिति २०७५/०५/११ मा दर्ता कायम भएको **डि एस रावल ट्रेडर्स**
फर्म दर्ता ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
स्थायी लेखा नं. ६०८३२६५४२, मिति २०७५/०५/११
प्रोप्राइटर : ध्रुव कुमार रावल
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

२. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.नं. १३६७९ अन्तर्गत मिति २०७७/०६/०६ मा दर्ता कायम भएको **डि एस रावल पशु फर्म**
फर्म दर्ता ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
स्थायी लेखा नं. ६१३४४८८०२, मिति २०७७/०४/१८
प्रोप्राइटर : मीना कुमारी रावल
कर्जा शिर्षक : आवधिक कर्जा

३. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १३८०८/०६६/६७ अन्तर्गत मिति २०६७/०५/२८ मा दर्ता कायम भएको **सुनिता देव बिजुली भण्डार**
फर्म दर्ता ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
स्थायी लेखा नं. ३०३६४४१५८, मिति २०६६/०५/२८
प्रोप्राइटर : नगेन्द्र बहादुर रावल
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

नगेन्द्र बहादुर रावल
ना.प्र.नं. १९४७
जारी मिति २०६३/०७/२१, जि.प्र.का. कैलाली
बाबुको नाम : देव बहादुर रावल
बाजेको नाम : अकबर रावल
स्थायी ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
हालको ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
(ऋणी १, २ र ३ को लागि जमानत दिएको)

ध्रुवकुमार रावल
ना.प्र.नं. ६११०३०/३९५१/१५५
जारी मिति २०६५/०५/३०, जि.प्र.का. कालिकोट
बाबुको नाम : देव बहादुर रावल
बाजेको नाम : अकबर रावल
स्थायी ठेगाना : लालु ०३, कालिकोट
हालको ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
(ऋणी १ र ३ को लागि मात्र जमानत दिएको)

भुपेन्द्र रावल
ना.प्र.नं. ६७१००५/१४१४३
जारी मिति २०६८/०८/२८, जि.प्र.का. कैलाली
बाबुको नाम : देव बहादुर रावल
बाजेको नाम : अकबर रावल
स्थायी ठेगाना : घोडाघोडी न.पा. ०४, कैलाली
हालको ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
(ऋणी १ र ३ को लागि मात्र जमानत दिएको)

महेन्द्र रावल
ना.प्र.नं. ६७-०१-७२-०३२२८
जारी मिति २०७२/०३/२५, जि.प्र.का. कैलाली
बाबुको नाम : देव बहादुर रावल
बाजेको नाम : अकबर रावल
स्थायी ठेगाना : घोडाघोडी न.पा. ०६, कैलाली
हालको ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
(ऋणी १ र ३ को लागि मात्र जमानत दिएको)

सुवा रावल
ना.प्र.नं. १३५९/७०९
जारी मिति २०४५/०२/३२, जि.प्र.का. कालिकोट
बाबुको नाम : धन बहादुर बोहरा
पतिको नाम : देव बहादुर रावल
ससुराको नाम : अकबर रावल
स्थायी ठेगाना : लालु ०३, कालिकोट
हालको ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
(ऋणी १ र ३ को लागि मात्र जमानत दिएको)

मिना कुमारी रावल
ना.प्र.नं. ६७-०६-७५-०२७३७
जारी मिति २०७५/०७/१३, जि.प्र.का. कैलाली
बाबुको नाम : दीप बहादुर साउद
पतिको नाम : नगेन्द्र बहादुर रावल
ससुराको नाम : देव बहादुर रावल
स्थायी ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
हालको ठेगाना : घोडाघोडी न.पा. ०२, कैलाली
(ऋणी २ को लागि मात्र जमानत दिएको)

टाँडी शाखा, चितवन

ऋणीको विवरण

भोज नारायण चौधरी
ना.प्र.नं. १२०३/०३४, जारी मिति २०५३/११/२०, जि.प्र.का. चितवन
बाबुको नाम : विष्णु महतो
बाजेको नाम : भरत महतो
स्थायी ठेगाना : रत्ननगर - ०६, चितवन
हालको ठेगाना : रत्ननगर न.पा. ०८, चितवन
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

विष्णु महतो
ना.प्र.नं. ६०७८
जारी मिति २०४४/०९/२०, जि.प्र.का. चितवन
बाबुको नाम : भरत महतो
बाजेको नाम : गोधराई महतो
स्थायी ठेगाना : रत्ननगर न.पा. ०६, चितवन
हालको ठेगाना : रत्ननगर न.पा. ०८, चितवन

धुर खेलीया थरुनी
ना.प्र.नं. ३५
जारी मिति २०४४/१२/०१, जि.प्र.का. चितवन
बाबुको नाम : बधुना महतो
पतिको नाम : भोज नारायण चौधरी
ससुराको नाम : विष्णु महतो
स्थायी ठेगाना : रत्ननगर न.पा. ०८, चितवन

ताप्लेजुङ्ग शाखा, ताप्लेजुङ्ग

ऋणीको विवरण

कल्पना लिम्बु
ना.प्र.नं. ०४-०१-०६८-०२७७८, जारी मिति २०६८/१०/१९, जि.प्र.का. झापा
बाबुको नाम : खडग नन्द लिम्बु
बाजेको नाम : आस हाड लिम्बु
स्थायी ठेगाना : महेशपुर - १, झापा
कर्जा शिर्षक : कृषि आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

पुर्ण बहादुर लिम्बु
ना.प्र.नं. ५६२११/४०३
जारी मिति २०६०/०४/३०, जि.प्र.का. ताप्लेजुङ
बाबुको नाम : खड्ग नन्द लिम्बु
बाजेको नाम : नरमान लिम्बु
स्थायी ठेगाना : लिङखिम - ७, ताप्लेजुङ

खड्ग नन्द लिम्बु
ना.प्र.नं. १२६२७-४९५
जारी मिति २०३६/०७/१८, जि.प्र.का. ताप्लेजुङ
बाबुको नाम : नरमान लिम्बु
बाजेको नाम : आसहाड लिम्बु
स्थायी ठेगाना : लिङखिम - ७, ताप्लेजुङ

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.नि.इ.न. १७/०६९/०७०
बुधबार २९ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एसियाड तयारीका लागि दुई करोड विनियोजन

आगामी २३ सेप्टेम्बरदेखि ८ अक्टोबरसम्म चीनको हाङझावमा हुने १९औँ एसियन खेलकुदको तयारीका लागि अर्थ मन्त्रालयले मंगलबार राष्ट्रिय खेलकुद परिषद्लाई दुई करोड बजेट उपलब्ध गराएको छ

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

चीनको हाङझावमा सेप्टेम्बर २३ देखि ८ अक्टोबरसम्म १९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड) आयोजना हुँदै छ। समयमै बजेट निकासा नहुँदा नेपाली खेलाडीहरूको एसियाडको प्रशिक्षण प्रभावित बनेको छ। अर्थ मन्त्रालयले मंगलबार एसियाडका लागि दुई करोड उपलब्ध गराएको छ। अर्थ मन्त्रालयबाट बजेट आएसँगै नेपाली खेलाडीको तयारी सुरु हुने राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले नयाँ पत्रिकालाई जानकारी दिएका छन्। यसअघि, परिषद्ले एसियाडको तयारीका निमित्त बजेट निकासा गर्न अर्थ मन्त्रालयलाई बारम्बार ताकेता गरेको थियो।

'अर्थ मन्त्रालयबाट हामीलाई दुई करोड रुपैयाँ प्राप्त भएको छ, अब एसियाडको तयारीका लागि घडीको सुइ घुमेको भन्नुपर्छ,' सदस्यसचिव घिसिङले भने, 'अब हामी विभिन्न योजना बनाएर प्रशिक्षणको खाका बनाउँछौं।' पूर्वनिर्धारित कार्यक्रमअनुसार एसियाड गत वर्ष हुनुपर्ने थियो। चीनमा कोभिड-१९ को लहर चलिरहँदा आयोजकले २४ वैशाख ०७९ मा १९औँ एसियाड एक वर्षपछि गर्ने घोषणा गऱ्यो। घोषित समयभन्दा १९औँ एसियाड एक वर्षपछि हुन लागेको हो। परिषद्ले गत वर्ष एसियाडमा सहभागिता जनाउन छनोटदेखि तयारीसमेत गरेको थियो। खेलाडीलाई विभिन्न चरणमा प्रशिक्षणमा सहभागी गराइएको थियो।

चीनले एक वर्षपछि एसियाड आयोजना गर्ने घोषणा गर्दा नेपालको सबै तयारी व्यर्थ भयो। थप एक वर्ष एसियाडको तयारी समय पाउँदा प्रभावकारी रूपमा खेलाडीले प्रशिक्षण गर्न पाएनन्। यसको मुख्य कारण नै बजेट मानिएको छ। 'बजेटकै कारण एसियाडको तयारी राम्रोसँग नभएको हो, अब दुई करोड उपलब्ध भएपछि त्यसैबाट एसियाडको तयारी सुरु गर्छौं,' सदस्यसचिव घिसिङले भने, 'अर्थ मन्त्रालयबाट बाँकी रहेको रकम निकासा हुने विश्वास छ।' यसअघि अर्थ मन्त्रालयले एसियाडको तयारी शीर्षकमा १० करोड रुपैयाँ विनियोजन गरेको थियो।

गत माघमा अर्थ मन्त्रालयले विभिन्न शीर्षकमा छुट्याइएको बजेट कटौती गरेको थियो। यसको असर सीधै एसियाडको तयारीमा पऱ्यो। परिषद् र नेपाल ओलम्पिक कमिटी (एनओसी)ले १९औँ एसियाडको तयारी गत माघदेखि नै हुनुपर्ने जोड नगरेको होइन। परिषद्को हाई प्रोफाइल कमिटीले पनि गत माघदेखि नै एसियाडको तयारी हुनुपर्ने सुझाव दिएको थियो।



एसियाडको तयारी ढिला

एनओसीका महासचिव निलेन्द्रराज श्रेष्ठले एसियाडको तयारी ढिलो भइसकेको बताएका छन्। 'हामीले दश महिनाको लक्ष्य राखी गत माघदेखि नै तयारी हुनुपर्छ भनी सम्बन्धित निकायलाई सुझाव दिएका थियौं,' एनओसीका महासचिव श्रेष्ठले भने, 'अहिले हामीसँग एसियाडको तयारीका निमित्त मुस्किलले पाँच महिना समय छ।' अर्थ मन्त्रालयले उपलब्ध गराएको दुई करोड रुपैयाँ पर्याप्त नभएको श्रेष्ठको भनाइ रहेको छ। 'हाम्रो माग दश करोड हो, अहिले दुई करोड आएको छ, यसले फुल फेजमा तयारी गर्न सकिँदैन,' श्रेष्ठले भने, 'एकैपटक आउँदा सबै खाका बनाउन सकिन्छ।' परिषद्का सदस्यसचिव घिसिङले बजेट निकासा भएसँगै तयारीमा फोकस हुने जनाए। 'हामी अब फोकस भएर अगाडि बढ्छौं,' उनले भने।

१८औँ एसियाडमा नेपाल २९ खेलमा सहभागी

सन् २०१८ मा इन्डोनेसियाको जकार्तामा भएको १८औँ एसियाडमा नेपालले २९ खेलमा भाग लियो। नेपालले एसियाडमा सबैभन्दा धेरै २९ खेलमा सहभागिता जनाएको नै जकार्ता एसियाड थियो। नेपालबाट १८७ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। नेपालले प्याराग्लाइडिङ पुरुष टिम क्रस कन्ट्रीमा ऐतिहासिक रूपमा रजत पदक जित्यो। एसियाडमा डेब्यु खेलमै नेपालले ऐतिहासिक रजत जित्दा विमल अधिकारी, विजय गौतम, युकेश गुरुङ, सुशील गुरुङ र विशाल थापा नायक रहे। यसअघि सन् १९९८ को बैंकक एसियाडमा नेपालले तेक्वान्दोमा सविता राजभण्डारीले रजत पदक दिलाएकी थिइन्।

● **टंकलाल घिसिङ, सदस्यसचिव, राखेप**



अर्थ मन्त्रालयबाट हामीलाई दुई करोड रुपैयाँ प्राप्त भएको छ। १९औँ एसियाडको तयारीका लागि घडीको सुइ घुमेको भन्नुपर्छ। बजेटकै कारण तयारी राम्रोसँग नभएको हो। मन्त्रालयबाट बाँकी रहेको रकम निकासा हुने विश्वास छ।

● **निलेन्द्रराज श्रेष्ठ, महासचिव, एनओसी**



हामीले दश महिनाको लक्ष्य राखी तयारी गर्नुपर्ने सुझाव दिएका थियौं। सम्बन्धित निकायलाई गत माघदेखि नै सुझाव दिएका थियौं। अब एसियाड आउन पाँच महिना बाँकी छ। अर्थ मन्त्रालयबाट प्राप्त अहिलेको रकमले तयारी गर्न त्यति सहज छैन।

खेलाडी संख्या अझै अनिश्चित

नेपालले सहभागी खेलाडी संख्यालाई अन्तिम रूप दिएको छैन। परिषद्ले अहिले २३ खेलमा नेपालले सहभागिता जनाउने भनिएको छ। तर, कुन-कुन खेलमा कति संख्यामा खेलाडी हुने निर्णय भइसकेको छैन। नेपालको १९औँ एसियाडमा खेलाडी संख्या निश्चित नभएको पक्षमा एनओसीका महासचिव श्रेष्ठले चिन्ता देखाएका छन्। 'अहिलेसम्म खेलाडी संख्या निश्चित भइसक्नुपर्ने थियो, तर कतिजना खेलाडी एसियाडमा जाने भन्ने फाइनल भएको छैन,' श्रेष्ठले भने।

एसियाडमा खेलाडी संख्या धेरै हुने भएकाले हाल प्राप्त बजेट पर्याप्त नभएको उनले गुनासो गरेका छन्। 'खेल र खेलाडी संख्या धेरै हुने भएकाले दुई करोडले कसरी व्यवस्थापन गर्ने भन्ने छ,' उनले भने, 'हामीले हाम्रो टार्गेट मिट गर्न गाह्रो छ।' परिषद् भने बजेटअनुसार खेल र खेलाडी टुंगो लगाउने तयारीमा छ। परिषद्ले पदक जित्न सक्ने खेललाई प्राथमिकतामा राखी एसियाडमा प्रशिक्षण गराउने लक्ष्य राखेको छ।

गत वर्ष एसियाडका लागि पहिलो चरणमा २३ खेलबाट पाँच सय १४ खेलाडी छनोट गरिएको थियो। यसमा दुई सय ३० पुरुष र दुई सय ८४ महिला छनोट भएका थिए। राखेपले ६६ प्रशिक्षक चयन गरेको थियो।

गत वर्ष तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स, साइक्लिङ, फुटबल, गल्फ, जुडो, पौडी, ट्रायथलन, उसु, कुस्ती, भारोत्तोलन, आर्चरी, बास्केटबल (थ्री बाई थ्री), फेन्सिङ, ह्यान्डबल, कबड्डी, टेबलटेनिस, क्रिकेट, भलिबल, ब्याडमिन्टन र सुटिङका खेलाडीले एसियाडको तयारी गरेका थिए। गत वर्ष अर्थ मन्त्रालयले एसियाडको प्रारम्भिक प्रशिक्षणका लागि भनी पाँच करोड रुपैयाँ विनियोजन गरेको थियो।

राष्ट्रिय पुरुष हकीको उपाधि आर्मीलाई



विराटनगर/ विभागीय टोली त्रिभुवन आर्मी क्लबले चौथो राष्ट्रिय पुरुष हकी प्रतियोगिताको उपाधि जितेको छ। विराटनगरमा सोमबार राति भएको फाइनलमा आर्मीले नेपाल पुलिस क्लबलाई १-० ले हराउँदै उपाधि हात पारेको हो। आर्मीले उद्घाटन खेलमा पनि पुलिसलाई पराजित गरेको थियो। आर्मी साबिक विजेता हो।

लिग चरणमा सहजै जित निकालेको आर्मीले फाइनलमा संघर्ष गऱ्यो। नेपाल हकी संघद्वारा आयोजित प्रतियोगिताको उत्कृष्ट गोलरक्षक पुलिसका हरिदत्त पाण्डे, इमर्जिङ प्लेयर सुदूरपश्चिम प्रदेशका महेश नेपाली, सर्वाधिक गोलकर्ता आर्मीका रोमन राना, उत्कृष्ट डिफेन्डर पुलिसका योगेश बारघरे र सर्वोत्कृष्ट खेलाडी आर्मीका नितिश न्यौपाने भए।

खेलको ४१औँ मिनेटमा आर्मीका काशीराज राईले गरेको एक मात्र गोल नै निर्णायक बन्यो।

कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले दक्षिण एसियाली महिला हकी प्रतियोगिता आयोजना गर्न आवश्यक सहयोग गर्ने बताए। 'हकीका लागि आवश्यक पर्ने जग्गा जोहो गरे प्रदेश सरकारले अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण गर्न सहयोग गर्छ,' मुख्यमन्त्री कार्कीले भने, 'अन्य प्राविधिक पक्षमा पनि सहयोग गर्न प्रदेश सरकार तयार रहेको छ।'

प्रतियोगिताको विजेता आर्मीले ७५ हजार र उपविजेता नेपाल पुलिसले ४१ हजार रुपैयाँका प्राप्त गरे। मधेस प्रदेशलाई पराजित गर्दै तेस्रो स्थान रक्षा गरेको सुदूरपश्चिमले २५ हजार प्राप्त गरेको छ। प्रतियोगितामा आर्मी, पुलिस, कोसी, मधेस, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको सहभागिता रहेको थियो।

आवश्यकता
पद: भाइस प्रिन्सिपल
तलब भत्ता: मासिक रू एक लाख आवास सुविधा
पोखराको केन्द्रभागमा रहेको कक्षा १२ सम्म सञ्चालित विद्यालय
CV पठाउने सम्पर्क:
pokhara.santosh2079@gmail.com or
pokhara.santosh@gmail.com

खेल संक्षेप

फिक्कल अन्तिम दुईमा



इलाम/ दमक फुटबल एकेडेमीलाई हराउँदै फिक्कल युनाइटेड तेस्रो सन्दकपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। मंगलबार भएको पहिलो सेमिफाइनलमा फिक्कलले दमकलाई ३-२ ले हरायो। खेलको छैटौं मिनेटमा शेखर राईले फिक्कललाई १-० को अग्रता दिलाए। खेलको आठौं मिनेटमा शेखरले २-० का लागि गोल गरे। खेलको ४५औँ मिनेटमा निश्चल बस्नेतले दमकलाई २-१ को स्थितिमा ल्याए।

खेलको ६५औँ मिनेटमा फिक्कलका कप्तान सचिन योल्मु दोहोरो पहँलो कार्ड खाँदै मैदानबाट बाहिरिए। त्यसपछि १० खेलाडीमा सीमित बनेको फिक्कलका लागि नयन प्रधानले इन्जुरी समयमा ३-१ का लागि गोल गरे। दमकले पनि अन्तिम इन्जुरी समयमै गोल गरी खेललाई ३-२ को स्थितिमा ल्यायो। दमकलाई अन्तिम समयमा निमा तामाङले गोल गरे पनि आफ्नो टोलीलाई जित दिलाउन सकेनन्। दमकले आयोजक देउराली स्पोर्टिङ क्लब र फिक्कलले सुनाकोठी एफसी ललितपुरलाई हराउँदै सेमिफाइनलमा स्थान बनाएका थिए।

कर्णालीमा भलिबल हुने

रुकुम/ रुकुम पश्चिममा कर्णाली प्रदेशकै सर्वाधिक पुरस्कार राशिको भलिबल प्रतियोगिता हुने भएको छ। रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा १८-२४ वैशाखसम्म सदरमुकाम मुसिकोट खलंगाको बराहटाकुरामा रुकुम कप पुरुष भलिबल प्रतियोगिता हुने आयोजकले जनाएको छ। प्रतियोगिताका विजेताले पाँच लाख र उपविजेताले २ लाख ५० हजार रुपैयाँ पाउने आयोजक रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रका अध्यक्ष तेजविक्रम बिएमले जानकारी दिए। सेमिफाइनलिस्ट टिमले एक लाख पाउनेछन्। विधागत उत्कृष्ट खेलाडीले पाँच हजार रुपैयाँ र उत्कृष्ट खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

एपिएफको दोस्रो जित

विराटनगर/ त्रिभुवन आर्मी र एपिएफले प्रथम ऋचा स्मृति टी-२० क्रिकेट प्रतियोगितामा जित निकालेका छन्। आर्मीले पहिलो र एपिएफले दोस्रो जित निकालेको हो। प्रतियोगिताको मंगलबार भएको पहिलो खेलमा आर्मीले वाइआरसिसी क्रिकेट क्लब विराटनगरलाई सात विकेटले निराश पाऱ्यो। विराटनगर जुटमिलको खेलमैदानमा एक सय ५६ रनको लक्ष्य पछ्याएको आर्मीले १५.१ ओभरमा तीन विकेट गुमाएर जित हात पाऱ्यो। आर्मीका बसिरले ३३ बलमा ४४ रन बनाए। उनले ६ चौका र एक छक्का हिर्काए। राष्ट्रिय खेलाडीले भरिपूर्ण आर्मीका हरि चौहानले २६ बलमा ३८ रन बनाए। उनले दुई छक्का र पाँच चौका प्रहार गरे। राजेश पुलामीले १० बलमा २४ रन बनाउन समान दुई चौका र छक्का प्रहार गरे। यसअघि वाइआरसिसीले १९.५ ओभरमा सबै विकेट गुमाएर एक सय ५५ रन बनाएको थियो। अर्को खेलमा एपिएफले भारत बिहारको राहुल ११ नरपथगन्जलाई पाँच विकेटले पराजित गऱ्यो।

ए डिभिजन लिगको एकै खेलमा दश गोल

मच्छिन्द्रका नाइजेरियन स्ट्राइकर आफिज ओलावालेले ए डिभजन लिगमा पहिलो ह्याट्रिकसहित पाँच गोल गरेका छन्। साबिक दुईपटकको विजेता मच्छिन्द्रले खुमलटार युथलाई ७-३ ले हरायो।

रमेश सुवेदी/नयाँ पत्रिका

सहिद स्मारक ए डिभिजन लिगमा मंगलबार साबिक विजेता मच्छिन्द्र फुटबल क्लब र खुमलटार युथ क्लबबीच रोमाञ्चक भिडन्त भयो। जारी लिगको ५१औँ खेलमा समग्रमा दश गोल भयो। लिगकै हाई स्कोरिङ खेलमा मच्छिन्द्रले खुमलटारलाई ७-३ ले हरायो। मच्छिन्द्रको जितमा नाइजेरियन स्ट्राइकर ओलावाले एक्लैले पाँच गोल गरे। विमल घर्तीमगर र विजय भुजेलले एक-एक गोल थपे। लिगको नवप्रवेशी क्लब खुमलटारका लागि विदेशी खेलाडी मेसौके ओलोमाउले दुई तथा स्टेफन समिरले एक गोल फर्काए।

मच्छिन्द्रले पहिलो हाफमा तीन गोल गरेको थियो। दोस्रो हाफमा खेलाडीले सात गोल गरे। नवनियुक्त प्रशिक्षक किशोरकुमार केसीले मच्छिन्द्रलाई लगातार दोस्रो खेलमा जित दिलाएका छन्। यसै साता केसी मच्छिन्द्रका मुख्य प्रशिक्षक बनेका थिए। केसीको पहिलो प्रशिक्षणमै मच्छिन्द्रले संकटालाई हराएको थियो। आठौं खेलमा तेस्रो जित निकालेको मच्छिन्द्र १२ अंकसहित छैटौं स्थानमा उक्लिएको छ।

उपाधि दाबेदारी प्रस्तुत गरेको खुमलटार सात अंकसहित १० औं स्थानमा छ। मच्छिन्द्रका प्रशिक्षक किशोरले योजनाअनुसार खेलाडीले मिहिनेत गरेको बताएका छन्। 'दोस्रो खेलमा पनि हामीले उद्देश्यअनुसार जित निकाल्यौं,' केसीले भने, 'खेलको ३० मिनेटभित्र तीन गोल हुनुपर्छ भन्ने थियो, जुन एक हिसाबले सफल भएको भन्नुपर्छ।' प्रशिक्षक केसीले खुमलटारका दुई विदेशी (स्टेफन, मेसौके)लाई रोक्ने प्रयास सफल नभएको जनाए। 'स्टेफन र मेसौकेलाई पूर्ण रूपले नियन्त्रणमा राख्दा पनि गोल गरे, लिगमा उनीहरू धेरै उत्कृष्ट छन्,' खेलको रणनीतिबारे केसी भन्छन्, 'यद्यपि, हामी उपाधि दाबेदारीमै रहनेछौं।' मच्छिन्द्रले ०७६ र ०७८ मा प्रवेश कटवालको प्रशिक्षणमा उपाधि जितेको थियो।



आफिजको पाँच गोल

मच्छिन्द्रको जितमा नाइजेरियन स्ट्राइकर आफिजले पाँच गोल गरे। पहिलो हाफमा दुई गोल गरेका आफिजले ५६औँ मिनेटमा ह्याट्रिक पूरा गरेका थिए। खुमलटारका रक्षकले विमललाई पेनाल्टी क्षेत्रमा लडाएपछि मच्छिन्द्रले ५६औँ मिनेटमा पेनाल्टी पायो। आफिजले पेनाल्टीमा गोल गर्दै लिगमै आफ्नो ह्याट्रिक पूरा गरेका हुन्। उनले खेलको २५औँ, पहिलो हाफको इन्जुरी समय, ५६औँ, ६२औँ र ६७औँ मिनेट गरी पाँच गोल गरे। लिगमा पाँच खेलमा उनले सर्वाधिक आठ गोल गरेका छन्।

प्रशिक्षक केसीले आफिजको स्थानमा ७१औँ मिनेटमा विजय भुजेललाई मैदान पठाए। 'अघिल्लो खेलमा ह्याट्रिक अवसर गुमाएँ, आज योजना पूरा भयो,' आफिजले भने। उनले आफ्नो घाइते भएका खेलाडी छिरिङ गुरुङलाई पाँच गोल समर्पित गरे। 'मेरो पाँच गोल छिरिङलाई समर्पण गर्न चाहन्छु,' संकटाविरुद्ध छिरिङ आफ्नै सहकर्मी पुजन उपरकोटीसँग ठोक्किँदै मैदानमा ढलेका थिए। आफिजले मच्छिन्द्रलाई लिग जिताउने र सर्वाधिक गोलकर्ता हुने योजना रहेको सुनाए। 'टप स्कोरर बनेर मच्छिन्द्रलाई उपाधि जिताउन भूमिका खेल्छु,' उनले भने।

आर्मीको तेस्रो जित

त्रिभुवन आर्मी फुटबल क्लबले आठौं खेलसम्म तेस्रो जित निकालेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा आर्मीले जावलाखेल युथलाई ३-१ ले हरायो। तेस्रो जितसँगै आर्मी १२ अंकसहित पाँचौं स्थानमा रह्यो।

जावलाखेलले शीर्ष स्थानमा उक्लने अवसर गुमायो। आठ खेलबाट जावलाखेल १४ अंकसहित दोस्रो स्थानमा छ। एक खेल कम खेलेको मनाङ मर्स्याङ्दी १५ अंकसहित शीर्ष स्थानमा छ।

आर्मीको जितमा जिलेस्पीजंग कार्की, नवयुग श्रेष्ठ र सुदिल राईले समान एक गोल गरे। सुनील खड्काले जावलाखेलका लागि एक गोल फर्काए। खेलको १७औँ मिनेटमा कप्तान जिलेस्पीले सेसेहाङ आङ्देम्बेको पास सदुपयोग गर्दै आर्मीलाई १-० को अग्रता लिए। आर्मीले खेलको ५५औँ मिनेटमा नवयुगको पेनाल्टी गोलमार्फत २-० को अग्रता लियो।

जगजित श्रेष्ठलाई पेनाल्टी क्षेत्रमा जावलाखेलका खेलाडीले लडाएपछि आर्मीले पेनाल्टी पाएको थियो। सुनील खड्काले ६२औँ मिनेटमा गोल गर्दा जावलाखेल २-१ को अवस्थामा पुग्यो। खेलको ८०औँ मिनेटमा नवयुगको पास सदुपयोग गर्दै सुदिलले आर्मीलाई जित दिलाए।

फोर ब्रदर्स गौरीगंगा गोल्डकपको फाइनलमा



धनगढी/ नवलपरासीको फोर ब्रदर्स एफसी तेस्रो सुदूरपश्चिम गौरीगंगा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बर्दियाको नवयुवा मैत्रीभाव एकता समाज क्लबलाई ४-१ ले पराजित गर्दै फोर ब्रदर्स उपाधिनजिक पुगेको हो। नवलपरासीका लागि कप्तान विनोद केवटले दुई गोल र हरि कठायतले एक गोल गरेपछि फोर ब्रदर्स फाइनलमा पुगेको हो।

प्रतियोगिताको मंगलबार भएको खेलको पाँचौं मिनेटमा कठायतले फोर ब्रदर्सलाई १-० को अग्रता दिलाए। खेलको २०औँ मिनेटमा कप्तान विनोदले फोर ब्रदर्सलाई २-० को स्थितिमा पुऱ्याए। खेलको २५औँ मिनेटमा बर्दियाका फागुराम थारूले एक गोल फर्काए। खेलको ४० औँ मिनेटमा बर्दियाका सुजन गुरुङले आत्मघाती गोल गर्दा पहिलो हाफमा फोर ब्रदर्स ३-१ ले अगाडि रह्यो। दोस्रो हाफको २०औँ मिनेटमा कप्तान विनोदले दोस्रो गोल गरेपछि फोर ब्रदर्स ४-१ ले विजयी भयो। उनी खेलका म्यान अफ दी म्याच चुनिए।

ब्रदर्स एफसीले उपाधिका लागि कैलालीको स्टार सिटी क्लबको सामना गर्नेछ। बाँकेको कोहलपुर रेसिङ सहारा क्लबले सोमबार श्रम स्वीकृतिविना तीनजना विदेशी खेलाडी खेलाउन प्रयास गरेको थियो। त्यसपछि आयोजकले सहारा क्लबलाई कारबाही गऱ्यो। आयोजकको निर्णयसँगै स्टार सिटी फाइनलमा पुगेको हो। आयोजकले सहारासँग श्रम स्वीकृति माग्दा तीनैजनाको कागजात उपलब्ध गराउन नसकेपछि स्टार सिटीलाई विजयी गरायो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आय वर्ष २०७९/८० को आयकरको दोश्रो किस्ता वापतको कर तथा विवरण दाखिला गर्ने सम्बन्धी जरूरी सूचना
आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसार तिर्नुपर्ने आय वर्ष २०७९/८० को वार्षिक आयकर रकमको दोश्रो किस्ता वापतको तीस प्रतिशत समेत गरी सत्तरी प्रतिशतले हुने रकम २०७९ चैत महिनाभित्र दाखिला गर्नु पर्ने कानूनी व्यवस्था भएकोले सो अनुसार म्याद भित्रै विवरण तथा कर दाखिला गर्नु हुन अनुरोध छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com